वेदान्त ८२०

श्रीमद्भागवतमहापुराणबाट

रासपञ्चाध्यायी

का

श्लोकहरूको समछन्दमा नेपालीमा अनुवाद

शरत्कुमार भट्टराई

प्रकाशक तर्फबाट
वाल्मीकि विद्यापीठ
पुस्तकालयलाई
समर्पण

श्रीमद्भागवतमहापुराणबाट

रासपञ्चाध्यायी

श्रीमद्‌भागवतमहापुराणबाट

रासपञ्चाध्यायी

प्राक्कथन

श्रीमद्‌भागवतमहापुराणको सर्वातिशायी महत्त्व हृदयङ्गम गरी प्राचीन समयदेखि नै विभिन्न विद्वान्‌हरूले संस्कृतभाषाका साथसाथैं आ-आफ्ना भाषामासमेत व्याख्या र अनुवाद आदिका माध्यमबाट यस पुराणप्रतिको आस्था एवं अभिमत व्यक्त गरेको कुरा अध्ययनशील मनीषीहरूमा अवगतै छ । त्यसैका शृङ्खलाकारूपमा प्रशासनिक सेवामा लामो अवधिसम्म योगदान पुऱ्याएर सेवानिवृत्त भएपछि सामाजिक, धार्मिक, दार्शनिक आदि संघसंस्थाहरूसँग आबद्ध भएर निरन्तर क्रियाशील भइरहनु भएका विद्वान् कवि श्रीशरत्कुमार भट्टराईले सनातन धर्मप्रतिको आफ्नो निष्ठा एवं अध्यात्मदर्शनप्रतिको अभिरुचिका कारण श्रीमद्‌भागवतमहापुराणको दशमस्कन्धको २९ औं अध्यायदेखि ३३ औं अध्यायसम्म (रासपञ्चाध्यायी)को नेपाली भाषामा पद्यानुवाद र सरल गद्यमा व्याख्यासमेत गरेर नेपाली भाषाका अध्येतासमक्ष प्रस्तुत गर्नु भएको छ । यस क्रममा परिमार्जनको सुझावसहित भूमिका लेख्ने अवसर प्राप्त भएकोमा आपाततः अवलोकन गर्दा उहाँको यो कार्य स्तुत्य एवं आचार्यहरूको व्याख्याको अनुकूल नै रहेको हुँदा आफ्नो सानो बुद्धिले परिमार्जनको सुझाव प्रस्तुत गर्ने क्षमता नदेखेर रासपञ्चाध्यायीका विषयमा केही शब्द व्यक्त गरेर आफूलाई कृतार्थ गर्ने मनसायले यो प्राक्कथन प्रस्तुत गरेको छु ।

विषय प्रवेश

जीवमात्रको आत्यन्तिक कल्याणका निमित्त र परमानन्दस्वरूप प्राप्त गराउन अकारणकरुण दीनहितकर्ता जगन्नियन्ता सर्वेश्वर भगवान्‌बाट स्वयं धर्मप्रकाशक वेदकारूपमा प्रकट भएर सनातन धर्मको प्रवर्तन हुन गएको हो । कालक्रमले

वेदको तात्पर्य सर्वसाधारणको पहुँचदेखि टाढा हुन पुगेपछि श्रीहरि नै पुराणवाङ्मयकारूपमा अवतरित भएको तथ्य व्यक्त भएको पाइन्छ-

कृष्णे स्वधामोपगते धर्मज्ञानादिभिः सह ।
कलौ नष्टदृशामेष पुराणार्कोऽधुनोदितः ॥

- श्रीमद्भागवत १।३।४५

"इतिहास पुराणाभ्यां वेदार्थमुपबृंहयेत्" द्वारा पुराणहरूको मुख्य प्रयोजन वेदार्थ निरूपण नै रहेको कुरा खुल्न आउँछ । पुराणहरूमा श्रीमद्भागवतको वैशिष्ट्य अझ बढिरहेको तथ्य-

अर्थोऽयं ब्रह्मसूत्राणां सर्वोपनिषदामपि ।
गायत्रीभाष्यभूतोऽसौ ग्रन्थोऽष्टादश संहितः ॥

भनेर व्यक्त भएको छ । श्रीमद्भागवतमा पनि दशमस्कन्ध र एकादशस्कन्धहरू श्रीकृष्णचन्द्रका लीलाले ओतप्रोत छन् । श्रीकृष्णको लोकोत्तर सौन्दर्यजस्तै श्रीकृष्णका व्रजलीलाहरू कविगण एवं भगवद्भक्तका सर्वस्वस्वरूप नै हुन् भन्दा अत्युक्ति नहोला । श्रीकृष्णका लीलाहरूमा पनि रासलीला त माधुर्यको विलासस्वरूप नै हो । रासलीला जति मधुर छन् त्यति नै रहस्यमय रहेको हुनाले विभिन्न आचार्यहरूले रासलीलाको महत्त्व उद्घाटन गर्नमा ठूलै मनोयोग लगाएको पाइन्छ ।

कतिपय आचार्यहरूका मतमा श्रीमद्भागवतको सार दशमस्कन्ध हो र दशमस्कन्धको पनि सार रासपञ्चाध्यायी हो । यस कुरालाई शब्दान्तरमा भन्दा दशमस्कन्ध आश्रयतत्त्वको वाङ्मय विग्रह हो । त्यसका पाँच प्राणहरूकारूपमा रासपञ्चाध्यायीको स्थिति छ भन्न सकिन्छ । रासलीलामा रहेका रहस्यको आपाततः प्रतीति कठिन छ । साधकको आधिकारिकता अनुसारका रहस्योद्घाटन क्रमशः हुँदै जान्छन् ।

रासलीलाका वक्ता र श्रोता

श्रीमद्‌भागवतका वक्ता परमहंस शिरोमणि श्रीराधारानी नित्य निकुञ्जेश्वरीका परम अन्तरङ्ग निकुञ्जमन्दिरस्थ लीलाशुक नै श्रीशुकदेव स्वामीकारूपमा प्रकट हुनुभएको चर्चा पुराणहरूमा पाइन्छ। व्यासनन्दन शुकदेवजी जन्मने वित्तिकै प्रव्रज्या ग्रहण गरेर वनमा जाँदा सरोवरमा स्नान गर्ने अप्सराहरूले लज्जाको अनुभव नगरेको देखेर व्यासजीले आश्चर्य चकित भएर प्रश्न गर्दा हजुरका पुत्रमा स्त्री पुरुषको भेद छैन "स्त्रीपुंभिदा न तु सुतस्य विविक्तदृष्टेः" भनेर उत्तर दिएका थिए। त्यसकारण उहाँसँग लजाउनु पर्दैन भन्ने उत्तर देवाङ्गनाबाट प्राप्त भएको प्रसङ्ग पनि शुकदेवजीको स्थितिको वर्णन गर्न पर्याप्त छ। त्यस्तै शौनकादि ऋषिहरूले व्यासपुत्र, महायोगी, समदर्शी, विकल्पशून्य, अविद्यारूपी निद्राबाट व्यूँझिएका भनेर शुकदेव स्वामीको अवस्था यसरी वर्णन गरेका छन्-

तस्य पुत्रो महायोगी समदृङ्निर्विकल्पकः।
एकान्तमतिरुन्निद्रो गूढो मूढ इवेयते॥

- श्रीमद्‌भागवत १।४।४

नित्यनिरन्तर परमात्मामा स्थित शुकदेवजीले आफ्ना पितासँग श्रीमद्‌भागवतरूपी महा आख्यानको अध्ययन किन गर्नुभयो भन्ने शौनकजीको प्रश्नको उत्तर दिँदै सूतजीले भन्नुभएको छ-

आत्मारामाश्च मुनयो निर्ग्रन्था अप्युरुक्रमे।
कुर्वन्त्यहैतुकीं भक्तिमित्थम्भूतगुणो हरिः॥

- श्रीमद्‌भागवत १।७।१०

अर्थात्, जो आत्माराम छन्, जसको अविद्यारूपी गाँठो फुकिसकेको छ, त्यस्ता ज्ञानीहरू पनि भगवान्‌को अहैतुकी (निष्काम)

भक्ति गर्दछन् । भगवान्का गुण यति मधुर छन् कि तिनले ज्ञानीजनहरूलाई पनि आफूतिर आकृष्ट गरिहाल्दछन् । निर्विशेष ब्रह्मको अपरोक्ष साक्षात्कार गरेका ज्ञानीजन मोक्षका त स्वतः अधिकारी भइहाल्दछन् । जीवन्मुक्त अवस्थामा पनि सगुणस्वरूप परमात्माको लीलारस पानमा संलग्न भएका देखिन्छ । रामचरितमानसका रचयिता तुलसीदासजीले भगवद्रसिक ज्ञानीहरूलाई "सयाने" भन्नुभएको छ-"अस विचारि जे सन्त सयाने । मुकुति निरादरि भगति लुभाने ।" परब्रह्मको साक्षात्कारपछि पनि भगवद्भक्ति गर्नु ज्ञानीहरूको स्वभाव हुन्छ । त्यस्ता महापुरुषहरू नै मुक्तिको अपेक्षा विना भगवद्भक्तिमा संलग्न हुने गर्दछन् । जस्तै श्रीमद्भागवतमा भनिएको छ-

न किञ्चित् साधवो धीरा भक्ता ह्येकान्तिनो मम ।
वाञ्छत्यपि मया दत्तं कैवल्यमपुनर्भवम् ॥

– श्रीमद्भागवत ११।२०।३४

उपर्युक्त प्रकारका ज्ञानी आत्माराम परमहंस शुकदेवस्वामीका मुखबाट वर्णित दिव्य रासलीलामा विषयरागको लेश पनि हुने प्रश्न नै उठ्दैन ।

वक्ता जस्तै श्रोता पनि परम पवित्र भरतवंशमा जन्मनु भएका गर्भवासका समयमा नै भगवदनुकम्पाद्वारा भगवान्को दर्शन प्राप्त गर्न सफल राजा परीक्षित् हुनुहुन्छ । परीक्षित्का विषयमा भनिएको छ- "गर्भदृष्टमनुध्यायन् परीक्षेत नरेविह" (अर्थात् जसले जन्मने बित्तिकै गर्भमा आफूले दर्शन प्राप्त गरेका भगवान्का मनोरमस्वरूपको दर्शन कहाँ पाइएला भनेर मानिसहरूमा परीक्षा गरेका थिए ।) यस्तो भगवत्कृपाभाजन ऐहिक र आमुष्मिक विषयबाट वैराग्यवान् राजाको लौकिक कुरा सुन्नमा प्रवृत्ति हुने प्रश्न नै उठ्दैन । उपर्युक्त भनाइबाट के व्यक्त गर्न खोजिएको हो भने

रासलीला श्रवण र प्रवचन दुवैका निमित्त खास किसिमको पात्रता अपेक्षित छ । जसरी वीररस प्रधानकाव्यको अवलोकन अथवा श्रवणबाट चित्तमा वीरताको सञ्चार हुन्छ । करुणरसप्रधान काव्यको श्रवण र अनुशीलनबाट चित्त करुणाले द्रवीभूत हुन्छ । त्यसरी नै शृङ्गाररसप्रधान लीला श्रवण तथा अनुशीलनबाट शृङ्गाररसको उद्रेक सम्भव छ । त्यस कारण भगवान्का मधुरतम लीला श्रवण कीर्तनका अधिकारी त समस्त वासनाहरूलाई जितेर मनोनिरोधपूर्वक परब्रह्मपरमात्माको साक्षात्कार गरेका महानुभावहरू नै हुन्छन् । यद्यपि रासपञ्चाध्यायीको फलश्रुतिमा "हृद्रोगमाश्वपहिनोत्यचिरेण धीरः" भनेर कामीजनले श्रवण गरे पनि हृद्रोगरूपी कामबाट मुक्ति प्राप्त हुन्छ भन्ने निर्देश पाइन्छ ता पनि विषयबाट वैराग्यवान् र कामरूपीहृद्रोगबाट मुक्तिको चाहना भएको साधक त हुनै पऱ्यो । अन्यथा विषयासक्तको उद्धार हुन त कठिन नै पर्ला ।

श्रीकृष्णचन्द्र

सर्वेश्वर सर्वान्तर्यामी भगवान् श्रीकृष्णचन्द्रका स्वरूपको यथार्थ (तात्त्विक) ज्ञान पनि रासपञ्चाध्यायीको अनुशीलनका निम्ति अपेक्षित छ । गोपालपूर्वतापनी उपनिषद्का अनुसार–

कृषिर्भूवाचकः शब्दः णश्च निर्वृत्तिवाचकः ।
तयोरैक्यं परं ब्रह्म कृष्ण इत्यभिधीयते ॥

अर्थात्, कृष्को अर्थ भू र णको अर्थ निर्वृत्ति हुन्छ । भू सत्तायां भन्ने धातुबाट भूको अर्थ सत्ता हुन्छ भने निर्वृत्तिको अर्थ आनन्द हुन्छ । अनन्त सत्ता र अनन्त आनन्द मिलेर श्रीकृष्ण परब्रह्मको प्राकट्य भएको हो । हरेक कार्यको पर्यवसान आफ्ना कारणमा हुन्छ । जस्तै घटको पर्यवसान मृत्तिकामा, मृत्तिका

(पृथ्वी)को आफ्नो कारण जलमा, जलको तेजमा, तेजको वायुमा, वायुको आकाशमा, आकाशको अहंमा, अहंको महत्मा, महत्को अव्यक्तमा र अव्यक्तको अव्यक्ताकारेण परिणत सत्मा पर्यवसान हुन्छ । "सा सत्ता सा महानात्मा तामाहुस्त्वतलादयः" द्वारा सबै सत्ताको पर्यवसान ब्रह्ममा नै हुन्छ । श्रीमद्भागवतका दृष्टिमा बृहत्तत्त्व नै श्रीकृष्णकारूपमा परिणत भएको हो ।

सर्वेषामपि वस्तूनां भावार्थो भवति स्थितः ।
तस्यापि भगवान् कृष्णः किमतद्वस्तुरूप्यताम् ॥

- श्रीमद्भागवत१०।१४।५७

अर्थात्, सबै वस्तुको अन्तिमरूप आफ्ना कारणमा स्थित हुन्छ । त्यस कारणका पनि परमकारण भगवान् श्रीकृष्ण हुनुहुन्छ भने कुन वस्तुलाई श्रीकृष्णभन्दा भिन्न भन्न सकिन्छ । यसरी तत्त्वज्ञका दृष्टिमा संसारका सबै वस्तु श्रीकृष्ण नै हुन् ।

वस्तुतो जानतामत्र कृत्स्नं स्थास्नु चरिष्णु च ।
भगवद्रूपमखिलं नान्यद् वस्त्विह किञ्चंन ॥

-श्रीमद्भागवत १०।१४।५६

अर्थात् जसले श्रीकृष्णको वास्तविक स्वरूप जानेका छन् । उनीहरूका लागि त जगत्मा जति चराचर पदार्थ छन् ती सबै भगवत्स्वरूप हुन् । श्रीकृष्णका अतिरिक्त अरू केही वस्तु छैन । यस तथ्यलाई व्रजलीलाका क्रममा श्रीकृष्णले उद्घाटिन गर्नुभएको छ । श्रीमद्भागवतमा यसको निर्देश पाइन्छ । जस्तै-

यावद् वत्सपवत्सकाल्पकवपुर्यावत् कराङ्घ्र्यादिकं
यावद् यष्टिविषाणवेणुदलशिग् यावद् विभूषाम्बरम् ।
यावच्छीलगुणाभिधाकृतिवयो यावद् विहारादिकं
सर्व विष्णुमयं गिरोऽङ्गवदजः सर्वस्वरूपो बभौ ॥

- श्रीमद्भागवत १०।१३।१९

श्रीकृष्ण स्वयं नै ग्वाला, बाछा, गहना, कपडा, वेणु आदि जडचेतनमा परिणत हुनुभयो र "सर्व विष्णुमयम्" उक्ति सार्थक पार्नुभयो । श्रीकृष्णको स्वरूपवर्णन जगद्गुरु श्रीशङ्कराचार्यले पनि यसरी गर्नुभएको छ-

ब्रह्माण्डानि बहूनि पङ्कजभवान् प्रत्यण्डमत्यद्भुतान्
गोपान् वत्सयुतानदर्शयदजं विष्णूंनशेषांश्च. यः ।
शम्भुर्यच्चरणोदकं स्वशिरसा धत्ते च मूर्तित्रयात्
कृष्णो वै पृथगस्ति कोऽप्यविकृतः सच्चिन्मयो नीलिमा ॥

– प्रबोधसुधाकर २४२

अर्थात्, जसले ब्रह्माजीलाई अनेकौं ब्रह्माण्ड, प्रत्येक ब्रह्माण्डमा छुट्टाछुट्टै ब्रह्माहरू, बाछासहित समस्तगोपहरू तथा भिन्नभिन्न ब्रह्माण्डका विष्णुहरू देखाउनुभयो । जसका चरणोदक श्रीशिवजी आफ्ना शिरमा धारण गर्नुहुन्छ । त्यस्ता श्रीकृष्ण त्रिमूर्ति (ब्रह्मा, विष्णु, महेश)देखि भिन्नै कुनै अविकारी सच्चिदानन्दमय नीलिमा हुनुहुन्छ । त्यस्तै जो ज्ञानस्वरूप सच्चिदानन्द प्रकृतिदेखि पर परमात्मा सबै भूतमा अन्तर्यामीरूपले स्थित हुनुहुन्छ । उहाँ नै यदुकुलभूषण श्रीकृष्ण हुनुहुन्छ भन्ने आशय पनि श्रीशङ्कराचार्यबाट व्यक्त भएको पाइन्छ-

भूतेष्वन्तर्यामी ज्ञानमयः सच्चिदानन्दः ।
प्रकृतेःपरःपरमात्मा यदुकुलतिलकः स एवायम् ॥

– प्रबोधसुधाकर १५९

यद्यपि यदुनाथ श्रीकृष्णचन्द्र साकार हुनुहुन्छ र एकदेशी जस्तो देखिनुहुन्छ । तथापि उहाँ त सर्वव्यापी, सर्वात्मा र सच्चिदानन्द नै हुनुहुन्छ भन्ने तथ्य पनि जगद्गुरु शङ्कराचार्यबाट यसरी व्यक्त भएको छ-

यद्यपि साकारोऽयं तथैकदेशी विभाति यदुनाथः ।
सर्वगतः सर्वात्मा तथाप्ययं सच्चिदानन्दः ॥

- प्रबोधसुधाकर २००

श्रीमद्भागवतमा पनि श्रीकृष्णका यस्तै स्वरूपको दिग्दर्शन यसरी गरिदिएको छ-

सत्यज्ञानानन्तानन्दमात्रैकरसमूर्तयः ।
अस्पृष्ट भूरिमाहात्म्या अपि ह्युपनिषद्दृशाम् ॥

- श्रीमद्भागवत १०।१०।५४

अर्थात्, श्रीकृष्ण त्रिकालावाधित सत्य, स्वयंप्रकाश र अनन्त आनन्दस्वरूप हुनुहुन्छ । उहाँमा जडता र चेतनताको भेदभाव छैन । उपनिषद्दर्शी तत्त्वज्ञानीहरूका दृष्टिले पनि उहाँका अनन्त महिमाको दर्शन गर्न सक्तैनन् । उपर्युक्त विवेचनवाट साक्षात् परब्रह्म नै श्रीकृष्ण-चन्द्र परमानन्दकन्दकारूपमा प्रकट हुनुभएको तथ्य स्पष्ट हुन्छ ।

श्रीकृष्णचन्द्रका जन्मकर्मको दिव्यता र भगवद्विग्रहको अप्राकृतता

भगवान् श्रीकृष्ण प्राकृत हुनु हो कि अप्राकृत ? भन्ने जिज्ञासामा श्रीमद्भागवतमा "सत्यज्ञानानन्तानन्दमूर्तिः" भनेर श्रीकृष्णचन्द्रमा प्राकृत भावको लेश पनि न रहेको तथ्य निर्दिष्ट छ । जसरी तेल र बत्तीलाई निमित्त बनाएर अग्निगत दाहकत्व र प्रकाशकत्व दीपकमा प्रकट हुन्छ, त्यसरी नै अचिन्त्य दिव्यातिदिव्य लीलाशक्तिलाई निमित्त बनाएर विशुद्ध परमानन्दस्वरूप परब्रह्म नै भगवान् श्रीकृष्णकारूपमा प्रकट हुनुभएको हो । यसको सङ्केत उलूखलबन्धनलीलामा यसरी पाइन्छ-

गोपिकोलूखले दाम्ना बबन्ध प्राकृतं यथा ।

- श्रीमद्भागवत १०।९।१४

भगवान् अप्राकृत हुनाले नै "प्राकृतं यथा" भन्नु परेको हो । श्रीमद्भगवद्गीतामा पनि भगवान्बाट आज्ञा भएको छ-

जन्मकर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥

- श्रीमद्भगवद्गीता ४।९

अर्थात्, हे अर्जुन ! मेरा जन्म र कर्म दिव्य छन् । यी अलौकिक पनि छन् । यिनलाई जसले जान्दछन् । तिनले शरीर त्यागेर पुनर्जन्म प्राप्त गर्नु पर्दैन । तिनले मलाई नै प्राप्त गर्दछन् । अर्थात् मुक्त हुन्छन् । वामनपुराणमा पनि भगवद्विग्रहलाई अप्राकृत बताइएको छ-

सर्वे देहाः शाश्वताश्च नित्यास्तस्य महात्मनः ।
हानोपादानरहिता नैव प्रकृतिजाः क्वचित् ॥

अर्थात्, भगवान्का सबै शरीर शाश्वत र नित्य छन् । प्रकृतिबाट उत्पन्न भएका प्राकृत त हुँदै होइनन् । भगवद्विग्रहका विषयमा भक्तहरूको भावना यस्तो पनि पाइन्छ कि "जसले युक्तिबलले भगवद्विग्रहलाई भौतिक र अनित्य सिद्ध गर्ने प्रयास गर्दछन्, तिनको त दुर्गति हुन्छ । "परदारान्नाभिगच्छेत्" इत्यादि निषेधवाक्य उल्लङ्घन गर्ने व्यक्तिको नरकमा गति भएजस्तै भगवदीय रहस्यका विषयमा वादविवाद गर्ने व्यक्तिको अधःपतन सुनिश्चित छ । किन कि भगवान्को गति अचिन्त्य छ । अचिन्त्य विषयहरूका सम्बन्धमा तर्क गर्नु उचित हुँदैन । जस्तै महाभारतमा उल्लेख भएको छ-

अचिन्त्याः खलु ये भावा न तांस्तर्केण साधयेत् ।
प्रकृतिभ्यः परं यत्तु तदचिन्त्यस्य लक्षणम् ॥

- महाभारत भीष्म पर्व ५।१२

अर्थात् अचिन्त्य भावलाई तर्कद्वारा सिद्ध गर्ने चेष्टा गर्नु हुँदैन। जो प्रकृतिभन्दा पर छन् तिनै अचिन्त्य स्वरूप हुन् भन्ने महाभारतको अवधारणाबाट अभिप्रेरित भएर नै भक्तहरूले भगवदीय रहस्यका सम्बन्धमा तर्कको निषेध गरेको हुनसक्छ।

लोकमा ग्राह्यग्राहक भावमा साजात्य पाइन्छ। जस्तै तैजस नेत्रद्वारा तैजसरूपको ज्ञान हुन्छ। पार्थिव घ्राणद्वारा पार्थिव गन्धको ग्रहण हुन्छ। त्यसरी नै अप्राकृत चिन्मय भगवद्विग्रहबाट सम्पादित हुने लीलाहरूमा प्रवेशका निमित्त भक्तजन (व्रजवासी गोपगोपीहरूको) शरीर पनि अप्राकृत हुनु आवश्यक हुन्छ। यसै तथ्यलाई मनन गरेर दशमस्कन्ध २८ औँ अध्यायमा श्रीकृष्णद्वारा व्रजवासीहरूलाई दिव्यवैकुण्ठधाम दर्शनका साथै ब्रह्मसाक्षात्कार पनि गराइएको छ। त्यसपछि २९ औँ अध्यायदेखि ३३ औँ अध्यायसम्म अप्राकृत र अलौकिक रासक्रीडाको थालनी भएको सङ्गति लगाउन सकिने हुन्छ।

व्रजसुन्दरी गोपीहरू

श्रीमद्भागवत दशमस्कन्धको २१ औँ अध्यायमा श्रीकृष्णचन्द्रका रूपमाधुर्यको दर्शन र वेणुनादको वर्णन गरेर गोपीजन मुग्ध भएको प्रसङ्ग छ। २२ औँ अध्यायमा श्रीकृष्णप्राप्तिका निमित्त कात्यायनी देवीको उपासनामा संलग्न भएर साधनारत गोपाङ्गनाहरूलाई चीरहरणलीलाका माध्यमबाट भगवदनुकम्पा प्राप्त भयो। यस सम्बन्धमा श्रीमद्भागवतमा भगवान् श्रीकृष्णले भन्नुभएको छ-

यातावला व्रजंसिद्धा मयेमा रंस्यथ क्षपाः।
यदुद्दिश्य व्रतमिदं चेरुरार्यार्चनं सतीः॥

– श्रीमद्भागवत १०।२२।२७

अर्थात्, हे गोपि हो ! अब तिमीहरू आ-आफ्ना घर जाऊ। तिम्रो साधनासिद्ध भएको छ। आगामी रात्रीहरूमा मसँग विहारको

अवसर प्राप्त हुनेछ । हे सतिहरू हो ! यसै उद्देश्यले त तिमीहरूले यो व्रत र कात्यायनीको पूजा गरेका थियौ भने मनोरथ प्राप्तिको वरदान प्राप्त भयो । आफ्ना कुल, मर्यादा, परिवार आदिको सङ्कोच नगरी आफूलाई भगवान्का चरणारविन्दमा समर्पण गर्ने उत्कृष्ट प्रेमाभक्तिको प्रवर्तन गोपाङ्गनाहरूबाट भएको पाइन्छ ।

भक्तिः प्रवर्तिता दिष्टया मुनीनामपि दुर्लभा ।

- श्रीमद्भागवत १०।४७।२५

अर्थात्, तिमीहरूले मेरा भक्तिबाट प्राप्त गरेको कुरा मुनिहरूका लागि पनि दुर्लभ छ भनेर भगवान्ले भन्नुभएको छ । गोपाङ्गनाहरूका निकै प्रकार छन् । राधारानी वृषभानुनन्दिनीका नित्य सहचरी ललिता, विशाखा, रङ्गदेवी, सुदेवी आदि सिद्धकोटिका गोपाङ्गनाहरू एक प्रकार छन् । त्यस्ता सिद्धकोटिका गोपाङ्गनाहरूले श्रीकृष्ण प्राप्तिका लागि साधना गर्नु पर्दैन । केवल लोकसङ्ग्रहका निमित्तमात्र त्यस्ता सखीहरूबाट भगवदाराधन हुने गर्दछ । अर्काथरीमा श्रुतिस्वरूपा, ऋषिस्वरूपा, देवकन्यास्वरूपा आदि साधककोटिका गोपाङ्गनाहरूले कात्यायनी देवीको अर्चना आदि विविध साधनाद्वारा भगवदनुग्रहप्राप्त गरेका थिए । भगवदनुकम्पास्वरूप वरदान प्राप्तिपछि पनि तत्काल भगवदाश्लेष प्राप्त भएन । "मयेमा रंस्यथ क्षपाः" द्वारा निर्दिष्ट शरत्कालीन रात्रीहरू प्राप्त नहुञ्जेल लगभग एक वर्षको समय व्रजसुन्दरीहरूले प्रतीक्षा गर्नु परेको थियो । प्रतीक्षाको अवधिभर पनि अहर्निश श्रीकृष्ण चिन्तनरूपी विरहाग्निद्वारा सन्तप्त भएर प्राकृत गुणमय शरीर नष्ट भई अप्राकृत रसमय शरीर निर्माण भएपछिमात्र गोपीहरूले भगवदनुग्रह प्राप्त गरेको तथ्य कतिपय आचार्यहरूले औँल्याएका छन् । सुवर्ण शोधनका निमित्त अग्निसंयोग अपेक्षित भएजस्तै गोपाङ्गनाहरूका रसमय दिव्य देहको पुष्टिका निमित्त

श्रीकृष्णविरहाग्नि अपेक्षित थियो । त्यसै कारण श्रीमद्भागवतमा सङ्केत पाइन्छ-

गोपीनां परमानन्द आसीद् गोविन्ददर्शने ।
क्षणं युगशतमिव यासां येन विनाऽभवत् ॥

- श्रीमद्भागवत १०।१९।१६

गोपबालाहरूले जब श्रीकृष्णको दर्शन प्राप्त गर्दथे तब उनीहरूका हृदयमा परमानन्दको सञ्चार हुने गर्दथ्यो । एक क्षणका निमित्त भगवान् आफ्ना दृष्टिबाट टाढा हुने बित्तिकै गोपिनीहरूको हृदय विरहानलद्वारा अत्यन्त व्यथित हुन्थ्यो । यसरी विप्रयोगाग्निद्वारा गुणमय देह समाप्त भयो भने भगवदनुरागद्वारा रसमय दिव्य देह परिपुष्ट भएर अप्राकृत रासक्रीडामा प्रवेशको आधिकारिकता प्राप्त भएको थियो । सबै गोपीजन एकै किसिमका अधिकारिणी नभएका हुनाले रासक्रीडाका निमित्त श्रीकृष्णचन्द्रद्वारा आह्वान गरिँदा एक वर्षको अवधिमा सिद्धा नभएका गोपीहरूका विषयमा भनिएको छ-

अन्तर्गृहगताः काश्चिद्गोप्योऽलब्धविनिर्गमाः ।
कृष्णं तद्भावनायुक्ता दध्युर्मीलितलोचनाः ॥
दुःसहप्रेष्ठविरहतीव्रतापधुताशुभाः ।
ध्यानप्राप्ताच्युताश्लेषनिर्वृत्या क्षीणमङ्गलाः ॥

- श्रीमद्भागवत१०।२९।९-१०

अर्थात्, जब भगवान्ले आफ्ना मधुर वेणुनादद्वारा आह्वान गर्नुभयो, तब त्यस समयमा वेणुनादरूप उद्दीपन-विभावद्वारा श्रीकृष्ण उनका अन्तःकरणमा प्रविष्ट हुनुभयो । त्यसबाट उनीहरूका केही अवशिष्ट मनोमलहरू नष्ट भए । त्यस बखत उनीहरू बाहिर जान

सकेका थिएनन् । यसबाट प्रियतमको वियोगजन्य तीव्रतापका कारण अशुभ संस्कारका लेश भस्म भए । त्यसपछि ध्यान लाग्यो र ध्यानमा भगवान्को आश्लेष प्राप्त भयो । त्यसबाट अत्यन्त आनन्द प्राप्त भयो । जसका प्रभावले पुण्यका संस्काररूप मङ्गल पनि नष्ट भएर गए । यस प्रकार श्रीकृष्णचन्द्रका विप्रयोगजनित सन्तापका कारण गोपबालाहरूका गुणमय शरीर दग्ध भए र भगवान्को लीलामा सम्मिलित हुन दिव्य अप्राकृत शरीर प्राप्त भएको सङ्केत श्रीमद्भागवतमा "जहुर्गुणमयं देहं सद्यः प्रक्षीणबन्धनाः" (१०।२९।११) द्वारा गरिएको छ ।

रासक्रीडाको अलौकिकता

श्रीमद्भागवतमहापुराणमा रासलीलाका पाँच अध्यायहरू प्राणस्थानिक मानिन्छन् । श्रीकृष्णचन्द्रका परम अन्तरङ्ग लीलाकारूपमा रासलीलाको चित्रण गरिएको छ । रास शब्दको निष्पत्ति रस एव रासबाट भएको हो । रस भन्नाले तैत्तरीय उपनिषद्को "रसो वै सः । रसं ह्येवायं लब्ध्वाऽऽनन्दी भवति" द्वारा साक्षात् परब्रह्म श्रीकृष्णचन्द्र नै रस हुनु हुन्छ । रस नै रससमूहका रूपमा प्रकट भएको छ । भगवान्को रसमय रासक्रीडा गोलोकमा नित्यनिरन्तर सञ्चालित हुन्छ । भगवदनुकम्पाद्वारा प्रेमी भक्तहरूमाथि कृपा गर्न यदाकदा भूमण्डलमा पनि यो रासलीला प्रकट हुने गर्दछ । त्यसको स्मरण र गायन गरेर अधिकार प्राप्त भगवदनुरागी भक्तजन कृतकत्य हुन्छन् । दशमस्कन्धमा निरोध-लीलाको वर्णन गर्ने क्रममा पूतनामोक्षदेखि वरुणलाई अनुकूल बनाउने लीलासम्म निरोधलीला वर्णित भएकोमा बीचमा पाँच अध्यायद्वारा रासक्रीडारूपी रसमय मधुरलीलाको वर्णनको सङ्गति के होला ? भन्ने जिज्ञासाको समाधानका क्रममा श्रीधर स्वामीको सङ्केत मननीय छ-

ब्रह्मादिजयसंरूढकन्दर्पदर्पदर्पहा ।
जयति श्रीपतिर्गोपीरासमण्डलमण्डनः ॥

अर्थात्, ब्रह्मादि देवताहरूलाई जितेर अत्यन्त अभिमानी भएका कामदेवको दर्पदलित पार्ने श्रीलक्ष्मीपतिको जय होस् । यस उक्तिबाट रासक्रीडा काम निरोध लीलाकारूपमा वर्णित भएको तथ्य स्पष्ट हुन्छ । कतिपय भक्तहरूका मतमा जगद्‌विजयी कामदेवलाई हराउन तदनुरुप उपकरणकासाथ योगमायाको आश्रय लिएर भगवान्‌द्वारा अलौकिक रासक्रीडा सम्पन्न भएको हो । प्रकृतिका तत्त्वको सङ्ख्या २८ रहेको हुनाले २९ अध्यायदेखि रासलीलाको वर्णन गर्नु यस रासलीलाको अलौकिकता दर्शाउन नै हो भन्ने अभिप्रायः कतिपय आचार्यहरूको पाइन्छ । ब्रजसाहित्यमा महावाणीको विशेष महत्त्व छ । त्यसमा साधनक्रमनिर्देश गर्दै भनिएकोछ "पाँचै छुटे देह सुधि, छठे भावना रासकी" अर्थात्, पाँचौं अवस्थामा शरीरको भान समाप्त हुन्छ, अनि छैटौं श्रेणीमा रासको भावना हुन्छ ।

अप्राकृत रासलीला र अन्य भगवदीय लीलाहरूमा प्रवेशका निमित्त अप्राकृत चिन्मय देह अपेक्षित हुनाले नै दशमस्कन्धको २८ औं अध्यायमा व्रजवासीहरूलाई श्यामसुन्दर श्रीकृष्णचन्द्रले दिव्य वैकुण्ठधाम र ब्रह्मस्वरूपकोसमेत साक्षात्कार गराउनु भएको छ । त्यसपछिमात्र भगवान् श्रीकृष्णले रासलीला शुरु गर्नुभएको छ । यस सम्बन्धमा तत्त्वज्ञ महापुरुषहरूका दुई थरी चिन्तनहरू देखिन्छन् । पहिला कोटिका साधक कामिनीकाञ्चनादि भोग्य सामग्रीको स्वरूपतः त्याग गरेर सर्वदा अलक्षित गतिद्वारा एकान्त सेवन गर्दछन् । त्यस कोटिका साधकहरूका निमित्त नरनारायण भगवान्‌को चरित्र आदर्श हुन्छ भने सिद्धकोटिका महापुरुषहरूको आदर्शभने भगवान् ऋषभदेवको जस्तो हुन्छ । त्यस्ता साधकहरू "सङ्गं न कुर्यात् प्रमदासु जातु योगस्य पारं परमारुरुक्षुः" द्वारा निर्दिष्ट हुन्छन् । दोस्रा

कोटिका साधकहरू अनेकविध भोग्य सामग्रीको सन्निधिमा पनि तिनबाट उपराम नै रहन्छन् । त्यस किसिमका सिद्धकोटिका महापुरुषहरूका निमित्त श्रीकृष्णचन्द्रका रासक्रीडा आदि मधुरलीलाहरू प्रकट भएका हुन् । भगवदभिमुख तत्त्वज्ञको निष्ठा कुनै परिस्थितिमा पनि विचलित हुँदैन भन्ने कुराको निदर्शन भगवान्द्वारा यी लीलाहरूका माध्यमबाट भएको छ ।

श्रीमद्भागवतमहापुराणमा प्रत्यक्षरूपमाः श्रीराधाजीको नाम उल्लेख नभएको सम्बन्धमा पनि यहाँ सङ्क्षिप्तमा केही उल्लेख गर्नु प्रासङ्गिक नै हुने ठान्दछु । अलौकिक रासक्रीडाका नायक व्रजेन्द्रनन्दन श्यामसुन्दर श्रीकृष्ण भएजस्तै मुख्यनायिका श्रीराधारानी वृषभानुनन्दिनी हुनुभएको चर्चा श्रीमद्भागवतमहापुराणको विभिन्न प्रसङ्गमा उल्लेख भएको देखिन्छ । श्रीमद्भागवतमा प्रत्यक्षरूपेण श्रीराधाजीको नाम उल्लेख नभएको सम्बन्धमा जिज्ञासु भक्तहरूका मनमा जिज्ञासा उठ्नु स्वाभाविकै हो । यस सम्बन्धमा विभिन्न आचार्यहरूले विभिन्न तर्कहरू प्रस्तुत गरेका छन् । कतिपय विचारकहरूका मतमा रासपञ्चाध्यायीको पहिलो श्लोकमा नै श्रीराधाजीको प्रत्यक्ष सङ्केत पाइन्छ भन्ने पनि छ । उक्त श्लोक यसप्रकार छ-

भगवानपि ता रात्रिः शरदोत्फुल्लमल्लिकाः ।
वीक्ष्य रन्तुं मनश्चक्रे योगमायामुपाश्रितः ॥
– श्रीमद्भागवत १०।२९।१

यहाँ "योगमायामुपाश्रितः"को विभिन्न व्युत्पत्ति गरेर अभीष्ट अर्थ प्रकट गर्ने प्रयास आचार्यहरूबाट भएको छ । उदाहरणार्थ केही अर्थ गर्ने शैलीको निदर्शन यहाँ गरिन्छ । युज्यतेसदा संश्लिष्यत इति योगा- परमान्तरङ्गशक्तिभूता-श्रीवृषभानुनन्दिनी

तस्यां माया-कृपा तामुपाश्रितः । अथवा योगे–श्रीकृष्णस्य सम्प्रयोग एव मा-शोभा यस्याः सा वृषभानुजा (योगमाया) तस्यांमुपाश्रितः । अथवा व्रजाङ्गनानां योगाय, सर्वेषां प्राणिनां वा योगाय-भगवता श्रीकृष्णेन सह सम्बन्धाय, मा-सौन्दर्य यस्याः सा योगमा तस्यामुपाश्रितः । अथवा योगाय सर्वेषां श्रीकृष्णसम्प्रयोग-योग्यतासम्पादनाय मा-शोभा कारुण्यं कृपा यस्याः सा योगमा तस्यामुपाश्रितः आदि विभिन्न व्युत्पत्ति गरेर श्रीकृष्णद्वारा रासेश्वरी राधाजीको स्मरण भएको तथ्य प्रकट गर्ने प्रयास गरेको देखिन्छ ।

अर्काथरीको भनाइ अनुसार श्रीविष्णुसहस्रनाम र श्रीललिता सहस्रनाम जस्तै श्रीराधासहस्रनाम पनि प्रसिद्ध रहेको हुँदा विभिन्न नामान्तरद्वारा राधाजीको स्मरण गरिएको छ । व्रजमा श्रीराधा-कृष्णलाई "प्रियाप्रियतम" भन्ने प्रचलन छ । श्रीशुकदेव-स्वामीले पनि प्रिया शब्दबाट श्रीराधाजीको सङ्केत गर्नुभएको छ–

अप्येण पत्न्युपगतः प्रिययेह गात्रै-
स्तन्वन् दृशां सखि सुनिर्वृतिमच्युतो वः ।
कान्ताङ्गसङ्गकुचकुङ्कुमरञ्जितायाः
कुन्दस्रजः कुलपतेरिह वाति गन्धः ॥
- श्रीमद्भागवत १०।३०।११

अर्थात्, हे सखि ! हे हरिणका पत्निहरू हो ! तिमीहरूले श्यामसुन्दर श्रीकृष्णलाई देख्यौ ? उहाँका अङ्गप्रत्यङ्गबाट सौन्दर्य प्रवाहित भइरहन्छ । उहाँ आफ्नी प्रियतमाका साथ तिमीहरूका आँखालाई परमानन्द दिँदै यतैबाट जानुभयो कि ? यहाँ कुलपति श्रीकृष्णले धारण गरेका कुन्दपुष्पका मालाको सुगन्ध आइरहेको छ । जुन माला उहाँका प्रेयसीका अङ्गसङ्गका कारण कुचकुङ्कुमद्वारा अनुरञ्जित भएको छ । यस श्लोकमा गोपाङ्गनाका माध्यमबाट श्रीराधाजीको स्मरण "प्रिया" नाउँबाट गरिएको छ । "रेमे रमेशो

व्रजसुन्दरीभिः"मा "रमेश" पदमा "रमा" नाउँको प्रयोग भएको छ । "राधां कृष्णस्वरूपां वै कृष्णं राधास्वरूपिणम्" अनुसार "अनयाऽऽराधितो नूनम्"मा संश्लिष्ट गरेर श्रीराधानाम प्रयोग गरिएको छ ।

श्रीशुकदेवजीकी इष्टदेवी श्रीराधाजी हुनुभएको र इष्टको प्रेम गुप्त राख्नु पर्ने मर्यादा अनुरूप सङ्केतद्वारामात्र स्मरण गर्नु भएको भन्ने तर्क रसिक भक्तहरू अघि सार्ने गर्दछन् । व्रजसाहित्यमा एक पक्ष छ "परम धन राधा नाम अपार । जाहि श्याम वंशीमें टेरत सुमिरत बारम्बार । तातें शुक प्रकट नहिं कीन्हों जानि सारको सार" सार वस्तु महत्त्वपूर्ण हुने र महत्त्वाधायक विषय गोप्यरूपमा निहित रहने कुराको द्योतक श्रीराधानामको प्रत्यक्षतः उच्चारण नहुनु हो भन्ने कुरा विविध कोणबाट भावुक गणले विवेचना गरेको देखिन्छ । श्रीशुकदेव स्वामी श्रीराधारानीको अन्तरङ्ग लीलाशुक भएको र श्रीराधानाम उच्चारणबाट उहाँलाई ६ महिनाको समाधि लाग्ने भएको हुँदा राजा परीक्षित्लाई सप्ताह विधिद्वारा ७ दिनमा सम्पूर्ण श्रीमद्भागवत श्रवण गराउनु पर्ने कारणले प्रत्यक्षरूपमा श्रीराधानाम उच्चारण नगरिएको हो भन्ने उपाख्यान निकै प्रसिद्ध रहेको छ । श्रीमद्भागवतमहापुराणको मूलमा पनि एक दुई ठाउँमा "तत्स्मारितानन्तहृताखिलेन्द्रियः" (१०।१२।४४) निमग्नहृदयोऽब्रवीत् (१०।८०।५) आदिद्वारा इष्टस्मरणले गर्दा श्रीशुकदेव स्वामीको ध्यानमग्न हुने स्थिति र कठिनताले गर्दा बाह्यचेतनाबाटमात्रै कथा प्रसङ्ग अघि बढेको सङ्केतलाई पनि विद्वज्जनले श्रीराधाजीको स्मरणसँग जोड्ने प्रयास गरेको तथ्य पनि अनुसन्धेय रहेको छ ।

रासपञ्चाध्यायीका विवेचनाका सम्बन्धमा धेरैथरी विद्वान्हरू-द्वारा धेरै थरी व्याख्या र टीकाहरूसमेत रचना गरिएका छन् । मुख्यरूपमा श्रीधरस्वामी, श्रीवल्लभाचार्य, श्रीविश्वनाथ

चक्रवर्ती, श्रीजीव गोस्वामीसमेतका व्याख्याहरूमा विस्तृतरूपमा रासका प्रसङ्गहरू चर्चित छन् । कसैका मतमा यो कामविजयलीला हो भने कसैका मतमा श्रीकृष्णचन्द्रको अलौकिक दिव्य विहार हो । कसै कसैले भगवान् श्रीकृष्ण आत्मा हुनुहुन्छ र आत्माकारवृत्ति श्रीराधाजी हुनुहुन्छ भनेका छन् । गोपीजन आत्माभिमुख वृत्तिहरू हुन् भनेर भनिएको छ । कसैकसैले उनीहरूको नित्यनिरन्तरको आत्मरमण नै रासलीला हो भन्ने आध्यात्मिक अर्थ पनि गरेका छन् । लौकिक दृष्टिले विचार गर्दा रासक्रीडाका समयमा श्रीकृष्णको उमेर ९ वर्षको आसपास रहेको र "यथार्भकः स्वप्रतिबिम्बविभ्रमः" (१०।३३।१७) द्वारा निर्विकार भावको बालक्रीडासँग रासक्रीडाको तुलना गरिएको हुनाले विषयविकार तथा लौकिकताको लेश पनि यस लीलामा नरहेको तथ्य पनि कतिपय विचारकहरूले औंल्याएको पाइन्छ । रासपञ्चाध्यायीको अन्तिम अध्यायको अन्तिम श्लोकमा रासलीला श्रवणको फल देखाउने सन्दर्भमा उल्लेख भएको छ-

विक्रीडितं व्रजवधूभिरिदं च विष्णोः
श्रद्धान्वितोऽनुशृणुयादथ वर्णयेद् यः ।
भक्तिं परां भगवति प्रतिलभ्य कामं
हृद्रोगमाश्वपहिनोत्यचिरेण धीरः ॥
- श्रीमद्भागवत १०।३०।४०

अर्थात्, जुन धीर पुरुषले व्रजवधूहरूकासाथ भगवान् श्रीकृष्णका रासक्रीडाको श्रद्धापूर्वक श्रवण र वर्णनसमेत गर्दछ भने त्यसले भगवान्का चरणारविन्दको पराभक्ति प्राप्त गर्दछ । उसले छिट्टै आफ्ना हृदयको कामविकाररूपी रोगलाई समूल नष्ट गर्न सक्दछ । यस फलश्रुतिबाट पनि श्रीमद्भागवतमा रासक्रीडाको वर्णन गर्नुको औचित्य सिद्ध हुन गएको छ ।

यद्यपि श्यामसुन्दर व्रजेन्द्रनन्दन श्रीकृष्णचन्द्रको चिन्मय अलौकिक रासक्रीडाका सम्वन्धमा विभिन्न रसिक विद्वान्हरूले आफ्ना विभिन्न विचारहरू व्यक्त गर्नुभएको छ । मैले यहाँ रासक्रीडाका सम्बन्धमा संक्षिप्त चर्चामात्र गर्ने धृष्टता गरेको छु । अन्तमा यस्तो महत्त्वपूर्ण ग्रन्थलाई नेपाली भाषाका माध्यमबाट सरस शैलीमा प्रस्तुत गर्ने स्तुत्य प्रयासका निमित्त विद्वान् कवि श्रीशरत्कुमार भट्टराईज्यूलाई धन्यवाद दिँदै प्रकाशनको जिम्मा लिने श्रीराजर्षिजनकस्मृतिकोषका पदाधिकारीहरूको प्रयासको पनि प्रशंसा गर्दछु । यस ग्रन्थको अध्ययन अवलोकनबाट भगवल्लीलाको रसास्वाद लिन रसिक भक्तजनहरूलाई सुगम हुने विश्वासका साथ लेखनीलाई विश्राम दिने अनुमति चाहन्छु ।

प्रा.डा. माधवशरण उपाध्याय
वाल्मीकि संस्कृतविद्यापीठ,
नेपाल संस्कृत विश्वविद्यालय

निवेदन

एवं परिष्वङ्गकराभिमर्शस्निग्धेक्षणोद्दामविलासहासैः ।
रेमे रमेशो व्रजसुन्दरीभिर्यथार्भकः स्वप्रतिबिम्बविभ्रमः ॥
(भागवत)

धार्मिक वातावरण भएको परिवारमा मेरो जन्म भएको हुँदा म बालककालदेखि नै यसमा संलग्न थिएँ । श्रीमद्भागवत महापुराणको वाचन मेरा घरमा अनवरत भई नै रहन्थ्यो । मेरो जन्मस्थल रावालामीडाँडा ब्रह्मस्थल भएको र त्यस गाउँमा त्यस समयमा घरघरमा संस्कृत पढेका पण्डितहरू हुनुहुन्थ्यो । अझ कुनै कुनै घरमा त ३, ४ जना दाजु, भाइ र छोराहरूसमेत पण्डित हुनुहुन्थ्यो । मेरो घर पनि त्यसको अपवाद थिएन । मेरा घरमा पनि पिताजी र दाजुसमेत गरेर दुई जना पण्डितहरू हुनुहुन्थ्यो । मेरा पिताजीले प्रथमपटक घरमा पुराण भन्नुहुँदा म केही नबुझ्ने अबोध बालकै थिएँ । त्यसैगरी मेरा दाजुले प्रथमपटक घरमा पुराण भन्नुहुँदा म केही बुझ्ने भइसकेको थिएँ । त्यसरी आफ्नू घर, गाउँ र वारिपारिका गाउँघरहरूमा समेत बारम्बार श्रीमद्भागवत महापुराणको पारायण भइरहने चलन भएको हुँदा मलाई त्यसै बेलादेखि नै त्यसतर्फ अत्यन्त चाख बढेको थियो । म त्यस बेला विद्वान् वाचकहरूले उच्चारण गरेका श्रीमद्भागवतमहापुराणका संस्कृतका श्लोकहरूको अर्थ बुझ्दिनथें, तर पनि पुराणको वातावरण र व्याख्याताले व्याख्या गरेको पुराणको सङ्क्षिप्त व्याख्याबाट पनि मलाई गहिरो आनन्दको अनुभूति हुने गर्दथ्यो । गाउँकै संस्कृत-

पाठशालामा मैले विस्तारै संस्कृत पढ्न थालेको थिएँ । गाउँमा मलाई संस्कृत पढाउने गुरु महाप्रसाद तिमल्सिना कविप्रसाद गौतमका हरिनामसङ्कीर्तनमण्डलीका क्रियाशील सदस्य र प्रचारकसमेत हुनुहुन्थ्यो । त्यस बेला उहाँ गाउँमा श्रीमद्भागवतमहापुराण वाचन गर्नु हुन्थ्यो र साथसाथै हरिनामसङ्कीर्तन पनि गराउनु हुन्थ्यो । त्यसको बृहत्तर आयोजनाका लागि काठमाडौंबाट ज्योतिप्रसाद गौतमको मण्डली मेरा गाउँहरूमा बारम्बार जाने गर्दथ्यो । घरघरमा धर्मस्तम्भहरूको स्थापना गराएर अहोरात्र हरिनाम-सङ्कीर्तन गर्ने परम्परा गाउँहरूमा चलेको थियो । यस बारेको विवरण मेरो 'ज्ञान र भक्ति' नामक ग्रन्थको भूमिकामा मैले दिइसकेको छु । म २०१३ सालमा काठमाडौंमा पढ्न आएपछि मेरो पुराणश्रवण र सङ्कीर्तनतर्फको प्रवृत्ति क्रमशः छुट्दै गएको थियो । काठमाडौं आएर त्यस बेलाका अङ्ग्रेजी भाषा र साहित्यका प्रकाण्ड विद्वान् श्रीशङ्करदेव पन्तज्यूका सान्निध्यमा रहेर मैले अङ्ग्रेजीतर्फ बी.ए. उत्तीर्ण गरेको थिएँ । तत्कालीन समयको नेपाल र भारतमा समेत ख्यातिप्राप्त संस्कृत भाषा र न्यायदर्शनका ठूला विद्वान् गुरु श्रीपद्मप्रसाद भट्टराईज्यूको सान्निध्यमा रहेर संस्कृततर्फ शाङ्कर-वेदान्त विषय लिएर शास्त्रीपरीक्षा उत्तीर्ण गरी आचार्यसम्म अध्ययन गर्न म सफल भएको थिएँ । अध्ययन समाप्त गरेर म सरकारी सेवामा प्रवेश गरेको थिएँ । परिवारको भरणपोषण र जागीरको चिन्तासमेतले मलाई धार्मिक चिन्तनतर्फ लाग्ने फुर्सद दिएन । ममा त्यसको संस्कार भए ता पनि संलग्नता भने छुटेर गएको थियो । सेवाको माथिल्लो तहमा चढ्दै गएपछि म त्यसबाट झन् टाढा हुँदै गएको थिएँ । लगातारको विदेशभ्रमण, त्यसको चकाचौंध र आफ्ना ओहदाको उत्तरदायित्वले मलाई आँखामा पट्टी लगाएको घोडा जस्तो वनाइदिएको थियो । आफ्नू पुरानो संस्कार विर्सिएर म सरकारी काममा पूर्णरूपले समर्पित भएर लागेको थिएँ ।

निवेदन

एवं परिष्वङ्गकराभिमर्शस्निग्धेक्षणोद्दामविलासहासैः ।
रेमे रमेशो व्रजसुन्दरीभिर्यथार्भकः स्वप्रतिविम्वविभ्रमः ॥

(भागवत)

धार्मिक वातावरण भएको परिवारमा मेरो जन्म भएको हुँदा म वालककालदेखि नै यसमा संलग्न थिएँ । श्रीमद्भागवत महापुराणको वाचन मेरा घरमा अनवरत भई नै रहन्थ्यो । मेरो जन्मस्थल रावालामीडाँडा व्रह्मस्थल भएको र त्यस गाउँमा त्यस समयमा घरघरमा संस्कृत पढेका पण्डितहरू हुनुहुन्थ्यो । अझ कुनै कुनै घरमा त ३, ४ जना दाजु, भाइ र छोराहरूसमेत पण्डित हुनुहुन्थ्यो । मेरो घर पनि त्यसको अपवाद थिएन । मेरा घरमा पनि पिताजी र दाजुसमेत गरेर दुई जना पण्डितहरू हुनुहुन्थ्यो । मेरा पिताजीले प्रथमपटक घरमा पुराण भन्नुहुँदा म केही नवुझ्ने अवोध वालकै थिएँ । त्यसैगरी मेरा दाजुले प्रथमपटक घरमा पुराण भन्नुहुँदा म केही वुझ्ने भइसकेको थिएँ । त्यसरी आफ्नू घर, गाउँ र वारिपारिका गाउँघरहरूमा समेत वारम्वार श्रीमद्भागवत महापुराणको पारायण भइरहने चलन भएको हुँदा मलाई त्यसै वेलादेखि नै त्यसतर्फ अत्यन्त चाख बढेको थियो । म त्यस वेला विद्वान् वाचकहरूले उच्चारण गरेका श्रीमद्भागवतमहापुराणका संस्कृतका श्लोकहरूको अर्थ वुझ्दिनथेँ, तर पनि पुराणको वातावरण र व्याख्याताले व्याख्या गरेको पुराणको सङ्क्षिप्त व्याख्यावाट पनि मलाई गहिरो आनन्दको अनुभूति हुने गर्दथ्यो । गाउँकै संस्कृत-

पाठशालामा मैले विस्तारै संस्कृत पढ्न थालेको थिएँ । गाउँमा मलाई संस्कृत पढाउने गुरु महाप्रसाद तिमल्सिना कविप्रसाद गौतमका हरिनामसङ्कीर्तनमण्डलीका क्रियाशील सदस्य र प्रचारकसमेत हुनुहुन्थ्यो । त्यस वेला उहाँ गाउँमा श्रीमद्भागवतमहापुराण वाचन गर्नु हुन्थ्यो र साथसाथै हरिनामसङ्कीर्तन पनि गराउनु हुन्थ्यो । त्यसको बृहत्तर आयोजनाका लागि काठमाडौंबाट ज्योतिप्रसाद गौतमको मण्डली मेरा गाउँहरूमा बारम्बार जाने गर्दथ्यो । घरघरमा धर्मस्तम्भहरूको स्थापना गराएर अहोरात्र हरिनाम-सङ्कीर्तन गर्ने परम्परा गाउँहरूमा चलेको थियो । यस बारेको विवरण मेरो 'ज्ञान र भक्ति' नामक ग्रन्थको भूमिकामा मैले दिइसकेको छु । म २०१३ सालमा काठमाडौंमा पढ्न आएपछि मेरो पुराणश्रवण र सङ्कीर्तनतर्फको प्रवृत्ति क्रमशः छुट्दै गएको थियो । काठमाडौं आएर त्यस वेलाका अङ्ग्रेजी भाषा र साहित्यका प्रकाण्ड विद्वान् श्रीशङ्करदेव पन्तज्यूका सान्निध्यमा रहेर मैले अङ्ग्रेजीतर्फ बी.ए. उत्तीर्ण गरेको थिएँ । तत्कालीन समयको नेपाल र भारतमा समेत ख्यातिप्राप्त संस्कृत भाषा र न्यायदर्शनका ठूला विद्वान् गुरु श्रीपद्मप्रसाद भट्टराईज्यूको सान्निध्यमा रहेर संस्कृततर्फ शाङ्कर-वेदान्त विषय लिएर शास्त्रीपरीक्षा उत्तीर्ण गरी आचार्यसम्म अध्ययन गर्न म सफल भएको थिएँ । अध्ययन समाप्त गरेर म सरकारी सेवामा प्रवेश गरेको थिएँ । परिवारको भरणपोषण र जागीरको चिन्तासमेतले मलाई धार्मिक चिन्तनतर्फ लाग्ने फुर्सद दिएन । ममा त्यसको संस्कार भए ता पनि संलग्नता भने छुटेर गएको थियो । सेवाको माथिल्लो तहमा चढ्दै गएपछि म त्यसबाट झन् टाढा हुँदै गएको थिएँ । लगातारको विदेशभ्रमण, त्यसको चकाचौंध र आफ्ना ओहदाको उत्तरदायित्वले मलाई आँखामा पट्टी लगाएको घोडा जस्तो बनाइदिएको थियो । आफ्नू पुरानो संस्कार बिर्सिएर म सरकारी काममा पूर्णरूपले समर्पित भएर लागेको थिएँ ।

आफ्नू केही गर्न सक्ने मुख्य उमेर सरकारी सेवामा समर्पण गरेर सेवाबाट अवकाश लिने समय नजिक आउन थालेपछि मलाई मेरो भविष्यको चिन्ताले सताउन थालेको थियो । यसका साथै बालक-कालको पुरानू संस्कारले पनि मलाई घच्घच्याउन थालेको थियो । पढ्दाखेरी म शाङ्करवेदान्तको विद्यार्थी थिएँ । बाल्यअवस्थाको घरको वातावरण र असल गुरुहरूको सङ्गतले मेरो अन्तस्करणमा आध्यात्मिक संस्कार अत्यन्त प्रबलरूपमा जमेर बसेको थियो । सरकारी कामले अवकाश नपाउँदा त्यस संस्कारले बाहिर प्रस्फुटन हुने अवसर पाएको थिएन । मेरो अन्तरात्माले भने सत्सङ्ग गर्ने सुअवसर खोजिरहेको थियो । २०५१ सालमा (म प्रशासन अनुगमन समितिको सचिव भएको बेलामा) भारतबाट कृपालुमहाराजकी प्रचारिका सुश्रीव्रजपरिकरी देवीले काठमाडौं आएर कमल-पोखरीस्थित जैनमन्दिरमा आध्यात्मिक प्रवचन दिनुभएको थियो । मैले कार्यालयको कामबाट फुर्सद निकालेर उहाँको प्रवचन पूरै सुनेको थिएँ । त्यसले मेरो भित्र अन्तस्करणमा संस्काररूपले भित्र लुकेर रहेको भावनालाई केही मुखरित हुने मौका प्रदान गरेको थियो । २०५२ सालदेखि प्रकाश संन्यासआश्रम कालिमाटीडोल, सिनामङ्गलमा महात्मा साधु सन्तहरूबाट भएका प्रवचनहरू सुन्न म जान थालेको थिएँ । त्यस बेला म युवा, खेलकूद तथा संस्कृति मन्त्रालयमा सचिव भएर काम गर्दथें । त्यहाँबाट पनि म भर्सक सत्सङ्गहरूमा पुग्ने गर्दथें । त्यसरी सरकारी सेवामा रहँदैदेखि सत्सङ्गतर्फ लाग्ने मेरो प्रवृत्ति बढेको थियो । वासुकिआश्रममा श्यामचैतन्य बाबाको सान्निध्यमा केही विद्वान्हरूले वेदान्त विषयमा प्रवचन दिने गर्नुहुन्थ्यो । म पनि २०५३ सालदेखि त्यहाँ सम्मिलित हुन थालेको थिएँ । त्यहाँ डा. दीर्घराज घिमिरेले श्रीमद्भगवद्गीताका बारेमा प्रवचन दिने गर्नुहुन्थ्यो । उहाँले अत्यन्त मिहिनेत गरेर गीताका विभिन्न विद्वान्हरूले लेखेका टीकाहरू र अन्य शास्त्रहरूको

समेत अध्ययन गरेर दिएको प्रवचन अत्यन्त मननीय ठानेर हामीहरूले आफैँ केही रकम सङ्कलन गरेर टेप गराएका थियौँ । त्यसपछि एक लेखकलाई विद्वद्वृत्ति श्रीराजर्षिजनकस्मृतिकोषको तर्फबाट प्रदान गराएर टेपबाट लिपिबद्ध गर्न पनि हामीहरूले लगाएका थियौँ । श्रीमद्भगवद्गीताको पहिलो र दोस्रो अध्यायको व्याख्या तत्त्वप्रकाश नामको ग्रन्थ श्यामचैतन्य बाबाको आशीर्वचन सहित २०५५ सालमा प्रकाशन गर्न सफलता प्राप्त भएको थियो । सो क्रम अगाडि बढिरहेकै बेलामा श्यामचैतन्य बाबा ब्रह्मलीन हुनुभयो । त्यसपछि डा. स्वामी रामानन्द गिरिको आश्रम शङ्कराचार्यमठ पशुपतिमा सरेर डा. दीर्घराज घिमिरेको प्रवचन सुन्ने र त्यसको टेप तथा लिपिबद्ध गर्ने काम पूर्ववत् हामीहरूले चालू नै राखेका थियौँ । २०६२ सालमा श्रीमद्भगवद्गीताको प्रवचन समाप्त भएको थियो । गीताको ३ अध्यायदेखि १८ अध्यायसम्मको अत्यन्त सारगर्भित व्याख्याको पाण्डुलिपि हाल राजर्षिजनकस्मृतिकोषको कार्यालयमा सुरक्षित छ । केही अंशको टाइप गराउने काम भएको भए ता पनि रकमको अभावले गर्दा प्रकाशन गर्न सकिएको छैन । गीताप्रवचन समाप्त भएपछि हाल डा.घिमिरेबाट नै विभिन्न उपनिषद्हरूको प्रवचन चलिरहेको छ । त्यसमा र प्रत्येक चतुर्मासमा डा.स्वामी रामानन्द गिरिबाट हुने वेदान्तसम्बन्धी प्रवचनमा म भर्सक पुग्ने गर्दछु । स्वामी पुण्यानन्द गिरि, स्वामी आत्मानन्द गिरि, स्वामी महेश्वरानन्द पुरि र स्वामी ज्ञानानन्द पुरिसमेतका वेदान्तसम्बन्धी प्रवचनहरूमा म यथासक्य पुग्ने गर्दछु । त्यस्तै विद्युतीय सञ्चारका माध्यमहरू टी.भी. र रेडियोबाटसमेत प्रसारण हुने आध्यात्मिक प्रवचनहरू पनि म भर्सक हेर्ने र सुन्ने गर्दछु ।

उपर्युक्त वेदान्त र भक्तिसम्बन्धी प्रवचनहरू सुन्नुका साथै २०५२ सालदेखि मैले आफ्नै निवासमा स्वाध्यायीहरूका साथमा रहेर नियमितरूपमा ब्रह्माभ्यास गर्ने गरेको छु । ब्रह्माभ्यास भन्नाले

'तच्चिन्तनं तत्कथनं अन्योऽन्यं तत्प्रबोधनम् । एतदेकपरत्वं च ब्रह्माभ्यासं विदुर्बुधाः।' भनेर शास्त्रहरूमा उल्लेख भएको पाइन्छ । त्यसैकारणले पनि मलाई यसतर्फ प्रवृत्त हुन सुगम भएको हो । मेरो त्यही अध्ययनको परिणाम नै यो रासपञ्चाध्यायीको अनुवाद हो ।

महाभारत, १७ पुराण, उपपुराण र अन्यान्य ग्रन्थहरूसमेत लेखिसकेपछि अन्त्यमा देवर्षि श्रीनारदको सल्लाह अनुसार पूर्णावतार भगवान् श्रीकृष्णको अलौकिक लीलाले परिपूर्ण श्रीवेदव्यासले समाधिभाषामा रचना गर्नुभएको श्रीमद्भागवत महापुराण हो । पुराणहरूमध्येमा सबभन्दा महत्त्वपूर्ण पुराण श्रीमद्भागवतमहापुराण हो भने त्यसमा पनि भगवान्को निरोधलीलाको वर्णन गरिएको दशमस्कन्ध सबभन्दा महत्त्वपूर्ण स्कन्ध हो भनेर विद्वान्हरूको अभिमत छ । दशमस्कन्धमा पनि २९ औँ अध्यायदेखि ३३ औँ अध्यायसम्मका राससम्बन्धी ५ अध्यायहरू भागवतका ५ प्राणहरू हुन् । रास शब्दका बारेमा शास्त्रहरूमा बताइएका केही कुराहरूको यहाँ उल्लेख गर्नु सान्दर्भिक ठान्दछु । "रासक्रीडां रासो नाम बहुनर्तकी युक्तो नृत्य विशेषस्तां क्रीडाम्, नटैर्गृहीतकण्ठा-नामन्योन्यात्तकरश्रियम् । नर्तकीनां भवेद्रासो मण्डलीभूय नर्तनम् ।" भनेर उल्लेख भएको पाइन्छ । रासलाई 'रस एव रासः' भनिएको छ । 'रसो वै सः, रसं ह्येवायं लब्ध्वाऽऽनन्दी भवति' भनेर तै.उ. २।१ मा उल्लेख भएको पाइन्छ । रासक्रीडाको सन्दर्भ श्रीमद्भागवतमहापुराणको २९ औँ अध्यायको पहिलो श्लोक 'भगवानपि ता रात्रीः'बाट शुरु भएर ३३ औँ अध्यायको अन्तिम श्लोक "विक्रीडितं व्रजवधूः"मा पुगेर समाप्त हुन्छ । रासलीला कुन ऋतुमा, कुन महिनामा र कुन तिथिमा भगवान् श्रीकृष्णले गर्नु भएको थियो भन्ने सम्बन्धमा पनि केही चर्चा गर्नु प्रासङ्गिक हुने ठान्दछु । महारासक्रीडा गोलोकधाममा नित्यनिरन्तर भइरहने भगवान् श्रीकृष्णको नित्यलीला हो भनेर ब्रह्मवैवर्त र गर्गसंहिता

आदि पुराणहरूमा उल्लेख भएको पाइन्छ । पृथ्वीमा भने भगवान् श्रीकृष्ण मथुरामा अवतीर्ण हुनुहुँदामात्रै यस प्रकारको दिव्य रासलीला वृन्दावनमा हुने गरेको प्रसङ्ग पुराणहरूमा उल्लेख भएको देखिन्छ। पहिलो रासक्रीडा भगवान् श्रीकृष्णले शरद्ऋतुको आश्विन महिनाको शुक्लपक्षको पूर्णिमाको रातमा सम्पादन गर्नुभएको कुरा श्रीमद्भागवतमहापुराणमा उल्लेख भएको पाइन्छ । जस्तै-

भगवानपि ता रात्रीः शरदोत्फुल्लमल्लिकाः ।
वीक्ष्य रन्तुं मनश्चक्रे योगमायामुपाश्रितः ॥
- श्रीमद्भागवत १०।२९।१

भगवान् श्रीकृष्णबाट वृन्दावनमा गोपिनीहरूका साथमा गरिएको दोस्रो रासक्रीडाको वर्णन श्रीमद्भागवतमहापुराणको ३४ औँ अध्यायको २० औँ श्लोकदेखि २५ औँ श्लोकसम्म पाइन्छ । यसमा भने ऋतु र महिना उल्लेख भएको पाइँदैन । केवल शुक्लपक्षको जूनेली रातमा रासक्रीडा गरेको भन्ने वर्णनमात्र पाइन्छ । रासपञ्चाध्यायीको रासक्रीडामा गोपीहरूका साथ भगवान् श्रीकृष्णमात्रै हुनुहुन्थ्यो भने यस ३४ औँ अध्यायको रासक्रीडाको वर्णनमा भने दाजु श्रीबलराम र भगवान् श्रीकृष्ण दुवैजना सम्मिलित हुनु भएको देखिन्छ । त्यसपछि श्रीमद्भागवतमहापुराणको दशमस्कन्धको ६५ औँ अध्यायको १६ औं देखि १८ औँ श्लोकसम्म पनि रासक्रीडाको वर्णन पाइन्छ । त्यस रासक्रीडामा भने श्रीबलराममात्र गोपीहरूका साथमा हुनुहुन्थ्यो । ब्रह्मवैवर्तपुराण र गर्गसंहितामा वर्णन गरिए जस्तै श्रीवलरामले त्यस पटक गर्नुभएको रासक्रीडा वसन्तऋतुको चैत्र र वैशाख महिनामा नै भएको देखिन्छ । यस बारेमा ब्रह्मवैवर्तपुराणमा यस्तो उल्लेख भएको छ । जस्तै-

एकदा श्रीहरिर्नक्तं वनं वृन्दावनं ययौ ।
शुभे शुक्लत्रयोदश्यां पूर्णे चन्द्रोदये मुने ॥
- श्रीब्रह्मवैवर्तपुराण कृष्णजन्म खण्ड २८।१

अर्थात् 'एक दिन भगवान् श्रीकृष्ण चैत्र महिनाको शुक्लपक्षको त्रयोदशी तिथिका रातमा चन्द्रोदय भएपछि वृन्दावनमा गएर रासलीला गर्नुभयो'। त्यसैगरी गर्गसंहिताका अनुसार–

माधवो माधवे मासि माधवीभिः समाकुले।
वृन्दावने समारेभे रासं रासेश्वरः स्वयम् ॥
वैशाखमासि पञ्चम्यां जाते चन्द्रोदये शुभे।
यमुनोपवने रेमे रासेश्वर्या मनोहरः ॥

– श्रीमद्गर्गसंहिता, वृन्दावनखण्ड, अध्याय १६।१–२

अर्थात् 'माधव (वैशाख) महिनामा माधवी लहरा र फूलले सुशोभित वृन्दावनधाममा रासेश्वर माधव (श्रीकृष्ण)ले रासलीला आरम्भ गर्नुभएको थियो। वैशाख महिनाको कृष्णपक्षको पञ्चमी तिथिका रातमा चन्द्रोदय भएपछि यमुनाको तटवर्ती उपवनमा रासेश्वरी (श्रीराधाजी)का साथ भगवान् श्रीकृष्णले रासलीला गर्नुभएको थियो' भनेर उल्लेख भएको पाइन्छ। यसैगरी अरू पुराण र शास्त्रहरूमा पनि रासलीलाको समय र तिथिहरू फरक फरक उल्लेख गरेको पाइन्छ। भगवान् श्रीकृष्णले रासलीला प्रारम्भ गर्ने इच्छा गर्ने वित्तिकै जुनसुकै ऋतु पनि शरद्ऋतु वा वसन्त ऋतुमा परिवर्तित हुन्छन्। जुनसुकै महिना पनि कार्तिक वा वैशाख महिनामा परिणत हुन्छन्। यसैगरी कृष्णपक्ष पनि शुक्लपक्षमा बदलिन्छ र कृष्णपक्षको रात पनि शुक्लपक्षको पूर्णिमाको रातमा परिणत हुन्छ। पूर्णसनातन परब्रह्म परमेश्वरले चिताएपछि नहुने कुरा केही छैन। श्रुतिमा भनिएको छ– "सोऽअकामयत एकोऽहं वहु स्याम्। तत्सृष्ट्वा तदेवानुप्राविसत्" आदि।

उपर्युक्त अनुसार भगवान् श्रीकृष्णबाट सम्पन्न भएको रासलीलाको समयका वारेमा सङ्क्षिप्त चर्चा गरेपछि अब त्यस दिव्य रासक्रीडामा सहभागी हुने गोपीहरू को को थिए ? कति थरी

थिए ? सहभागी हुन के कस्तो योग्यता चाहिन्थ्यो ? र तिनको सङ्ख्या कति थियो ? भन्ने कुराका सम्बन्धमा पनि केही चर्चा गर्नु प्रासङ्गिक हुने ठान्दछु । यस बारेमा विस्तृतरूपमा ब्रह्मवैवर्त पुराणको कृष्णजन्मखण्डको अध्याय २८ मा उल्लेख भएको पाइन्छ । यसैगरी गर्गसंहिताको वृन्दावनखण्डको अध्याय १६ मा पनि उल्लेख भएको देखिन्छ । गोपी शब्दलाई विभिन्न कोणबाट विद्वान्हरूले विवेचना गरेको पाइन्छ । नारदभक्तिसूत्र अनुसार गोपीहरूको प्रेम 'अनिर्वचनीयं प्रेमस्वरूपम्' 'मूकास्वादनवत्' भनिएको छ । वास्तवमा श्रीकृष्णदर्शनको लालसाको नाम नै त गोपी हो । गोपी कुनै स्त्रीको नाम होइन र पुरुषको नाम पनि होइन । स्त्रीत्त्व र पुरुषत्त्वको विस्मृति भएपछिमात्रै गोपीभाव जागृत हुन्छ । यो त महाभावरूपी हृदयको दिव्योन्मादमय प्रीतिको प्रकटीकरणमात्र हो । गोपीरूप जीव जब परमात्मासँग प्रेम गर्दछ तब परमात्मा मायाको पर्दा हटाएर प्रकट भइहाल्नुहुन्छ । गोपी शब्दको निर्वचनबाट पनि यही कुरा देखिन्छ । 'गो' अर्थात् इन्द्रियहरू र 'पी' अर्थात् पान गर्नु हो । 'गोभिःइन्द्रियैः भक्तिरसं पिबति इति गोपी' जसले आफ्ना समस्त इन्द्रियहरूद्वारा केवल भक्तिरसको मात्र पान गर्दछ, त्यही गोपी हो । प्रेमको अनिर्वचनीय स्थिति नै त गोपीभाव हो । श्रीकृष्ण र श्रीराधा एउटै हुन् । यिनका लालसा नै गोपीहरू हुन् । श्रीराधाका अंशस्वरूपा अथवा कायव्यूहरूपा अपरसिद्धिहरू या शक्तिहरू नै त गोपीहरू हुन् । 'अस्या एव कायव्यूहरूपा गोप्यो ।' (राधोपनिषद्) पद्मपुराण अनुसार श्रीराधा मूल प्रकृति हुन् भने गोपीहरू प्रकृतिका अंशरूपा हुन् । स्कन्दपुराण अनुसार भगवान् श्रीकृष्णकी आत्मा राधा हुन् । गाई, गोप र गोपीहरू उनका कामनाहरू हुन् । आफ्ना नित्य कामनास्वरूप गोपीहरूका साथ भएको रासक्रीडाको कारण नै भगवान् श्रीकृष्णलाई आप्तकाम भनिएको हो । श्रीमद्भागवतमहापुराणका विभिन्न अध्यायका विभिन्न श्लोकहरूमा गोपीहरूको सङ्ख्याको

अर्थात् 'एक दिन भगवान् श्रीकृष्ण चैत्र महिनाको शुक्लपक्षको त्रयोदशी तिथिका रातमा चन्द्रोदय भएपछि वृन्दावनमा गएर रासलीला गर्नुभयो'। त्यसैगरी गर्गसंहिताका अनुसार-

माधवो माधवे मासि माधवीभिः समाकुले।
वृन्दावने समारेभे रासं रासेश्वरः स्वयम् ॥
वैशाखमासि पञ्चम्यां जाते चन्द्रोदये शुभे।
यमुनोपवने रेमे रासेश्वर्या मनोहरः ॥

- श्रीमद्गर्गसंहिता, वृन्दावनखण्ड, अध्याय १६।१-२

अर्थात् 'माधव (वैशाख) महिनामा माधवी लहरा र फूलले सुशोभित वृन्दावनधाममा रासेश्वर माधव (श्रीकृष्ण)ले रासलीला आरम्भ गर्नुभएको थियो। वैशाख महिनाको कृष्णपक्षको पञ्चमी तिथिका रातमा चन्द्रोदय भएपछि यमुनाको तटवर्ती उपवनमा रासेश्वरी (श्रीराधाजी)का साथ भगवान् श्रीकृष्णले रासलीला गर्नुभएको थियो' भनेर उल्लेख भएको पाइन्छ। यसैगरी अरू पुराण र शास्त्रहरूमा पनि रासलीलाको समय र तिथिहरू फरक फरक उल्लेख गरेको पाइन्छ। भगवान् श्रीकृष्णले रासलीला प्रारम्भ गर्ने इच्छा गर्ने बित्तिकै जुनसुकै ऋतु पनि शरद्ऋतु वा वसन्त ऋतुमा परिवर्तित हुन्छन्। जुनसुकै महिना पनि कार्तिक वा वैशाख महिनामा परिणत हुन्छन्। यसैगरी कृष्णपक्ष पनि शुक्लपक्षमा बदलिन्छ र कृष्णपक्षको रात पनि शुक्लपक्षको पूर्णिमाको रातमा परिणत हुन्छ। पूर्णसनातन परब्रह्म परमेश्वरले चिताएपछि नहुने कुरा केही छैन। श्रुतिमा भनिएको छ- "सोऽकामयत एकोऽहं वहु स्याम्। तत्सृष्ट्वा तदेवानुप्राविसत्" आदि।

उपर्युक्त अनुसार भगवान् श्रीकृष्णबाट सम्पन्न भएको रासलीलाको समयका बारेमा सङ्क्षिप्त चर्चा गरेपछि अब त्यस दिव्य रासक्रीडामा सहभागी हुने गोपीहरू को को थिए ? कति थरी

थिए ? सहभागी हुन के कस्तो योग्यता चाहिन्थ्यो ? र तिनको सङ्ख्या कति थियो ? भन्ने कुराका सम्बन्धमा पनि केही चर्चा गर्नु प्रासङ्गिक हुने ठान्दछु । यस बारेमा विस्तृतरूपमा ब्रह्मवैवर्त पुराणको कृष्णजन्मखण्डको अध्याय २८ मा उल्लेख भएको पाइन्छ । यसैगरी गर्गसंहिताको वृन्दावनखण्डको अध्याय १६ मा पनि उल्लेख भएको देखिन्छ । गोपी शब्दलाई विभिन्न कोणबाट विद्वान्हरूले विवेचना गरेको पाइन्छ । नारदभक्तिसूत्र अनुसार गोपीहरूको प्रेम 'अनिर्वचनीयं प्रेमस्वरूपम्' 'मूकास्वादनवत्' भनिएको छ । वास्तवमा श्रीकृष्णदर्शनको लालसाको नाम नै त गोपी हो । गोपी कुनै स्त्रीको नाम होइन र पुरुषको नाम पनि होइन । स्त्रीत्त्व र पुरुषत्त्वको विस्मृति भएपछिमात्रै गोपीभाव जागृत हुन्छ । यो त महाभावरूपी हृदयको दिव्योन्मादमय प्रीतिको प्रकटीकरणमात्र हो । गोपीरूप जीव जब परमात्मासँग प्रेम गर्दछ तब परमात्मा मायाको पर्दा हटाएर प्रकट भइहाल्नुहुन्छ । गोपी शब्दको निर्वचनबाट पनि यही कुरा देखिन्छ । 'गो' अर्थात् इन्द्रियहरू र 'पी' अर्थात् पान गर्नु हो । 'गोभिःइन्द्रियैः भक्तिरसं पिवति इति गोपी' जसले आफ्ना समस्त इन्द्रियहरूद्वारा केवल भक्तिरसको मात्र पान गर्दछ, त्यही गोपी हो । प्रेमको अनिर्वचनीय स्थिति नै त गोपीभाव हो । श्रीकृष्ण र श्रीराधा एउटै हुन् । यिनका लालसा नै गोपीहरू हुन् । श्रीराधाका अंशस्वरूपा अथवा कायव्यूहरूपा अपरसिद्धिहरू या शक्तिहरू नै त गोपीहरू हुन् । 'अस्या एव कायव्यूहरूपा गोप्यो ।' (राधोपनिषद्) पद्मपुराण अनुसार श्रीराधा मूल प्रकृति हुन् भने गोपीहरू प्रकृतिका अंशरूपा हुन् । स्कन्दपुराण अनुसार भगवान् श्रीकृष्णकी आत्मा राधा हुन् । गाई, गोप र गोपीहरू उनका कामनाहरू हुन् । आफ्ना नित्य कामनास्वरूप गोपीहरूका साथ भएको रासक्रीडाको कारण नै भगवान् श्रीकृष्णलाई आप्तकाम भनिएको हो । श्रीमद्भागवतमहापुराणका विभिन्न अध्यायका विभिन्न श्लोकहरूमा गोपीहरूको सङ्ख्याको

बारेमा "गोपीमण्डल मण्डितः १०।३३।३, व्रजसुन्दरीभिः १०।३३।१७, व्रजस्त्रियः १०।३३।१८, युवतिभिः १०।३३।२४, वनिताशतयूथपः १०।२९।४४ र ब्रह्म मां परमं प्रापुःसङ्गाच्छतसहस्रशः" भनेर उल्लेख गरेको पाइन्छ। महाकवि श्रीजयदेवले पनि 'गीतगोविन्दम्' काव्यमा हजारौँ गोपीहरू रासक्रीडामा सम्मिलित भएको कुरा उल्लेख गर्नुभएको छ। जस्तै- "विपुलपुलकभुजपल्लववलयितवल्लवयुवतिसहस्रम् । रासे हरिमिह विहितविलासम् । स्मरति मनो मम कृतपरिहासम् ॥" श्रीमद्भागवत र गीतगोविन्दम्मा उल्लेख नभए ता पनि अरू केही पुराणहरूमा श्रीकृष्णसँग रासक्रीडामा भाग लिन व्रज (गोकुल)मा धेरैथरी गोपीहरूले जन्म लिएका थिए भन्ने उल्लेख भएको पाइन्छ। जस अनुसार भगवान् श्रीराम वनवास गएका बखत भगवान्सँग आसक्त भएका दण्डकारण्यका ऋषिहरू, जनकपुरमा रामसीताका विवाहका समयमा श्रीरामसँग आसक्त भएका युवतीहरू पनि त्यहाँ गोपी भएर जन्मिएका थिए। भगवान् श्रीरामले उनीहरूलाई वचन दिनुभएको थियो। जस्तै- 'द्वापरान्ते करिष्यामि भवतीनां मनोरथम्। श्रद्धया परया भक्त्या व्रजे गोप्यो भविष्यथ। मा शोकं कुरुत स्त्रियः।' त्यसका अतिरिक्त भगवान् श्रीरामले सीताको त्याग गरिसकेपछि यज्ञका निमित्त विभिन्न समयमा निर्माण गरिएका सुनका सीताहरूलाई पनि गोपी भएर द्वापरको अन्त्यमा व्रजमा जन्मिने वरदान दिनुभएको थियो। भगवान्को वामनअवतारका समयमा वलि राजाका यज्ञमा जाँदा आसक्त भएका दैत्यकन्याहरू, अमृत मन्थनका समयमा आसक्त भएका मत्स्यकन्याहरू, रुचि ऋषिका पुत्र भएर जन्मिएका बेला भगवान् श्रीयज्ञद्वारा वरदान पाएका देवाङ्गनाहरू, बृहद्वामनपुराणमा उल्लेख भए अनुसार वेदका ऋचाहरू, गोलोकवासी गोपीहरू र अग्निपुत्रहरू पनि व्रजमा त्यस बेला गोपी भएर जन्मिएका थिए। श्रीमद्भागवतमहापुराण अनुसार भगवान् श्रीकृष्णका साथमा वृन्दावनमा रासक्रीडा गर्न सम्मिलित भएका

धेरैजसो गोपीहरूको उमेर भगवान् श्रीकृष्णकै उमेरसँग मिल्दोजुल्दो देखिन्छ। त्यस समयमा भगवान् श्रीकृष्णको उमेर १० वर्षको थियो। ती कुमारी गोपीहरूले भगवान् श्रीकृष्ण नै पति पाऊँ भनेर कात्यायनी देवीको व्रत गरेर वर मागेका थिए। त्यही व्रतको सन्दर्भमा भगवान् श्रीकृष्णले ती गोपीहरूको चीरहरणसमेत गर्नुभएको थियो। (हेमन्ते प्रथमे मासि नन्दव्रजकुमारिकाः *श्रीमद्भागवत १०।२२।१)* भगवान् श्रीकृष्णसँग रासलीलामा भाग लिन प्राथमिकता पाउने तिनै व्रजकुमारी गोपीहरू नै थिए। तिनका अतिरिक्त अरू केही प्रौढा गोपीहरूले पनि रासक्रीडामा सहभागी हुने मौका पाएको देखिन्छ। ब्रह्मवैवर्तपुराणमा भने सबै गोपीहरू किशोरी नै भएको वर्णन पाइन्छ। ब्रह्मवैवर्तपुराणमा बताइए अनुसार गोलोकको महारासमा सम्मिलित हुने गोपाङ्गनाहरू श्रीराधाजीका रोमकूपबाट आविर्भाव भएका राधाजस्तै रूप र लावण्य पनि भएका देखिन्छन्। तिनको सङ्ख्या लक्षकोटि भएको पनि वर्णन पाइन्छ। रासक्रीडामा सम्मिलित हुने गोपीहरू बुद्धिका वृत्तिहरू हुन्। ती वुद्धिका वृत्तिहरू द्रव्य, स्वभाव, आशय, कर्म र कालसँग मिलेर सैयौँ, हजारौँ र करोडौँसम्म पनि पुग्दछन् भनेर श्रीमद्भागवत-महापुराणमा वर्णन गरिएको छ। जस्तै-

द्रव्यस्वभावाशयकर्मकालैरेकादशामी मनसो विकाराः।
सहस्रशः शतशः कोटिशश्च क्षेत्रज्ञतो न मिथो न स्वतः स्युः॥

– श्रीमद्भागवत ५।११।११

श्रीमद्भागवतमहापुराण र अरू पुराणहरूमा पनि रासक्रीडामा भाग लिने गोपीहरूको सङ्ख्या असङ्ख्य भएको वर्णन गरिएको देखिन्छ। उपर्युक्त वर्णन अनुसार विचार गर्दा ती गोपीहरू सबै सामान्य प्राणी नभएर बुद्धिवृत्तिमा भासित ब्रह्मका प्रतिबिम्बहरू नै थिए भन्न सकिन्छ।

श्रीमद्भागवतमहापुराणमा रासलीला शुरु हुनुभन्दा पहिले रासलीलाको भूमिका वा पूर्वरङ्गका रूपमा विभिन्न अध्यायहरूमा विभिन्न प्रसङ्गहरूको वर्णन पाइन्छ । पूतनामोक्षदेखि लिएर वरुणलोकमा गएर गरिएको रसका अभिमानी देवता वरुणको निग्रहलाईसमेत यसै रासलीलाको पूर्वतयारीको रूपमा लिन सकिन्छ । वरुणको विजय भनेको रसमाथिको विजय नै हो । आफ्ना अरू सबै इन्द्रियहरूलाई जिते पनि जिब्रोलाई जितेको छैन भने इन्द्रियहरूलाई जितेको ठहर्दैन । अतः जिब्राको स्वादलाई जित्नु अति आवश्यक छ । यस सम्बन्धमा उल्लेख भएको छ । जस्तै-

तावज्जितेन्द्रियो न स्यात् विजितान्येन्द्रियः पुमान् ।
न जयेत् रसनं यावज्जितं सर्वं जिते रसे ॥

श्रीमद्भागवत ११।८।२१

चीरहरणको प्रसङ्ग पनि यसैसँग सम्बन्धित देखिन्छ । गोपीहरूका अन्तस्करणमा रहेका वासना र आवरणलाई हटाउनका लागि भगवान् श्रीकृष्णले गरेको लीलाको रूपमा चीरहरणलाई लिन सकिन्छ । श्रीमद्भागवतमहापुराणको दशमस्कन्धमा वर्णन गरिएको रासक्रीडा हुनुभन्दा पहिले भगवान् श्रीकृष्णवाट सम्पन्न भएका मुख्यमुख्य लीलाहरूमध्ये धेनुकासुरको वध, कालिय नागको निग्रह र प्रलम्बासुरको वध गरेको भनेको क्रमैसँग देहाध्यास, इन्द्रियाध्यास र अन्तस्करणाध्यासलाई समाप्त गरेको भनेर बुझ्नुपर्दछ । जबसम्म जीव विभिन्न अध्यासहरूवाट आवद्ध भइरहन्छ तबसम्म ब्रह्मसँग एकाकार हुनसक्तैन । गोपीहरूमा रहेका उपर्युक्त अध्यासहरू समाप्त नभएसम्म तिनीहरूलाई दिव्य रासलीलामा सम्मिलित गराउन नमिल्ने हुँदा भगवान् श्रीकृष्णवाट रासलीलाका पूर्वतयारीका रूपमा ती सबै लीलाहरू भएका हुन् भन्ने विद्वान् आचार्यहरूको भनाइ पाइन्छ ।

रासपञ्चाध्यायीका पाँच अध्याय अर्थात्, श्रीमद्भागवत-महापुराणको दशम स्कन्धको २९ औं अध्यायदेखि ३३ औँ अध्यायसम्मको सङ्क्षिप्त चर्चा गर्नका निमित्त नै मैले यो पृष्ठभूमि दिएको हुँ। रासलीलाकी स्वामिनी श्रीराधाजी भएकी र उनको नाम प्रत्यक्षरूपमा भागवतमा उल्लेख नभएको सम्बन्धमा र राधाको नामको साटो राधाका पर्यायवाची अरू नामहरू उल्लेख भएको प्रसङ्ग लगायतका अरू पनि धेरै महत्त्वपूर्ण कुराहरू विद्वान् प्रा.डा. श्रीमाधवशरण उपाध्यायको प्राक्कथनभित्र अत्यन्त गहन अध्ययनका साथ परिसकेका छन् । त्यसकारण रासक्रीडाका केही अरू प्रसङ्गहरूतर्फमात्र म आफूलाई सीमित गर्न चाहन्छु।

वैधीभक्तिको पर्यवसान रागात्मिका भक्तिमा हुन्छ । रागात्मिका भक्ति पूर्णसमर्पणका रूपमा परिणत हुन्छ । चीरहरणलीलापछि यही भएको थियो । त्यस बेला गोपीहरूलाई भगवान् श्रीकृष्णले भन्नु पनि भएको थियो। जस्तै-

न मय्यावेशितधियां कामःकामाय कल्पते।
भर्जिता क्वथिता धाना प्रायो बीजाय नेष्यते ॥
श्रीमद्भागवत १०।२२।२६

भगवान् श्रीकृष्णले आफ्ना अनन्या प्रेमिका व्रजगोपिकाहरूलाई चीरहरणको समयमा वचन दिनुभए अनुसार उनीहरूलाई सम्मिलित गर्नको लागि नै रासक्रीडा भएको देखिन्छ। जस्तै-

यातावला व्रजं सिद्धा मयेमा रंस्यथ क्षपाः ।
यदुद्दिश्य व्रतमिदं चेरुरार्यार्चनं सतीः ॥

– श्रीमद्भागवत १०।२२।२७

त्यसरी भगवान् श्रीकृष्णले गोपीहरूलाई दिएको आफ्नू वचन पूरा गर्न २९ औं अध्यायको प्रथम श्लोक "भगवानपि ता रात्रीः" देखि रासक्रीडा शुरु गर्नु भएको देखिन्छ । रासक्रीडाकै लागि मन नभएका भगवान्ले पनि आफ्नू मनको निर्माण गर्नुभएको बुझिन्छ । भगवान्को मन नहुने कुरा श्रुतिमा बताइएको छ । जस्तै "अचक्षुष्कमश्रोत्रमवागमनः । *(बृहद्. उप. ३।८।८)*" र "अप्राणो ह्यमनाः शुभ्रः ।*(मुण्डक. उप. २।१।२)*" श्रीधरस्वामीले रासलीलाको उपक्रममा आफैँले शङ्का उठाएर त्यसको निराकरणसमेत गर्नुभएको छ । जस्तै-

ब्रह्मादिजयसंरूढदर्पकन्दर्पदर्पहा ।
जयति श्रीपतिर्गोपीरासमण्डलमण्डनः ॥

ननु विपरीतमिदम्, परदाराविनोदेन कन्दर्पविजेतृत्वप्रतीतेः । मैवम्, 'योगमायामुपाश्रितः', 'आत्मारामोऽप्यरीरमत्' 'साक्षान्मन्मथमन्मथः', आत्मन्यवरुद्धसौरतः' इत्यादिषु स्वातन्त्र्याभिधानात् । तस्माद्रासक्रीडा-विडम्बनं कामविजयख्यापनायेत्येव तत्त्वम् । किंच शृङ्गारकथापदेशेन विशेषतो निवृत्तिपरेयं पञ्चाध्यायीति व्यक्तीकरिष्यामः' भनेर प्रतिज्ञा गरेर श्रीधरस्वामीले रास-पञ्चाध्यायीको टीका लेख्न थाल्नुभएको देखिन्छ ।

विप्रयोगात्मक राग नै रासलीलाको केन्द्र हो । भगवान् श्रीकृष्णले बजाउनु भएको वेणुको स्वरबाट गोपीहरूका अन्तस्करणमा रहेको अविद्याको लेशसमेत समाप्त भएको थियो । उनीहरू 'जहुर्गुणमयं देहम्'को भावमा पुगेका थिए । गाई चराउन गएका बेला वृन्दावनमा भगवान् श्रीकृष्णले बजाएको वंशीको स्वर ता वनका पशु, पक्षी, चर र अचर सबैले सुनेका थिए । रासक्रीडाका लागि बजाएको वंशीको स्वर त सबैले सुनेका थिएनन् । भगवान्ले जसलाई प्रेम गर्नुभएको थियो तिनलेमात्रै त्यो रासको वंशीको स्वर सुनेका थिए । अथवा जुन प्राणीमा शुद्ध गोपीभाव

जागृत भएको थियो तिनलेमात्रै रातमा भगवान् श्रीकृष्णले बजाएको वंशीको स्वर सुनेका थिए । त्यस रात भगवान् श्रीकृष्णले बजाउनु भएको वंशीको स्वर गोपीहरूले सुनेका थिए । वास्तवमा त्यो वंशीको स्वर ब्रह्मनाद नै थियो । त्यो नाद अनाहत नाद थियो । त्यस रातको वंशीको नाद पहिलेको भन्दा भिन्नै थियो । केही विद्वान्हरूले जीवका चार आवरणहरू हुन्छन् भन्नुभएको देखिन्छ । जस्तै महाआवरण, कारणआवरण, सूक्ष्मआवरण र स्थूलआवरण । यिनै आवरणहरूका कारणले गर्दा जीवात्मा र परमात्माको मिलन हुन पाउँदैन । जीवले परब्रह्मको अपरोक्षानुभूति गर्न पाउँदैन । गोपीहरूका तिनै आवरणहरू बाधक थिए । तिनै आवरणहरूलाई हटाएर भगवान् श्रीकृष्णले जीव र परब्रह्मको एकत्व गर्नका लागि नै परमचैतन्य अनहद निर्गुणनादावतार वंशीको नाद गर्नुभएको थियो । त्यही अनहद नादबाट आकर्षित भएर गएका सुरत (जीवचैतन्य) गोपीको परमप्रभुका साथ साक्षात्कार हुन गएको थियो । यही नै अपरोक्षानुभूतिको पराकाष्ठा हो । गोपीहरूले यही परमपावन अवसर प्राप्त गरेका थिए । त्यसलाई मनोविज्ञान र अध्यात्मको भाषामा दूरानुभूति अथवा संवेदना पनि भनिन्छ । अङ्ग्रेजीमा यसलाई Telepathy अर्थात् Communication between mind and mind otherwise than through the known channels of the senses अथवा Intution अर्थात् , the power of the mind by which it immediately perceives the truth of things without reasoning or immediate knowledge in contrast with mediate. त्यो नाद सुनेपछि अथवा अनुभूति गरेपछि सम्पूर्ण गोपीहरू आफैँलाई बिर्सिएर बाढी आएका बेलाका नदीहरूले आफ्ना किनाराहरू भत्काउँदै समुद्रमा एकाकार हुन दौडिए झैँ आफ्ना पतिपुत्रादि र लोकमर्यादासमेतलाई लत्याएर भगवान् श्रीकृष्णसँग एकाकार हुन विनासुधवुध वृन्दावनतर्फ दौडिएका थिए । प्रेमीको प्रगाढ संझनाले त्यसप्रकारको अलौकिक स्थिति पनि उत्पन्न हुनसक्ने

देखिन्छ। भगवान् श्रीकृष्ण आत्मा हुनुहुन्छ भने गोपीहरू बुद्धिवृत्तिहरू हुन् । आत्मारूपी कृष्णसँग एकाकार हुन भित्रतर्फ फर्किएका बुद्धिवृत्तिरूपी गोपीहरूलाई पतिपुत्रादि र घरको बन्धनले कसै गरे पनि रोक्न सकेको थिएन। यही मिलनलाई रास भनिन्छ । यसलाई योगीहरू समाधि भन्दछन् । ज्ञानीहरू ब्रह्मप्राप्ति भन्दछन् भने भक्तहरू भगवत्प्राप्ति भन्दछन्। भगवान्लाई भेट्न भक्तलेमात्र चाहेर हुँदैन । भक्तलाई भगवान्ले पनि भेट्ने इच्छा गर्नुपर्दछ । यही कुरालाई सङ्केत गर्न "भगवानपि ता रात्रीः"मा अपि शब्द आएको हो भनिन्छ। चिरकालदेखि गोपीहरूले जुन रासलीलाका लागि तपस्या गरेका थिए । उनीहरूको तपस्या पूरा भएर सम्पूर्णरूपमा अन्त-स्करण शुद्ध भइसकेपछि भगवान् श्रीकृष्णले त्यस रात गोपीहरूलाई रासलीलाका लागि अर्थात्, जीव र शिवको मिलनका लागि वृन्दावनमा बोलाउनुभएको थियो । गोपीहरूलाई श्रीकृष्णले नारी-धर्मको बारेमा उपदेश दिंदै आफ्ना आफ्ना घर फर्कन आग्रह गरेर उनीहरूको परीक्षा लिनुभएको थियो । सिद्धा तथा श्रुतिरूपा ती गोपीहरूले नारीधर्मका सम्बन्धमा खुलेर भगवान्सँग शास्त्रार्थ गरेका थिए। परीक्षाबाट उत्तीर्ण भएपछि उनीहरूलाई भगवान् श्रीकृष्णले स्वीकार गरेर रासलीलामा सम्मिलित गराउनु भएको थियो। रास-क्रीडाको शुरुमा नै भगवान् श्रीकृष्णले गोपीहरूमा अत्यन्त घमण्ड चढेको र अर्की गोपी (श्रीराधाजी)ले अत्यन्त मान खोजेको देख्नुभयो। जस्तै-

एवं भगवतःकृष्णाल्लब्धमाना महात्मनः ।
आत्मानं मेनिरे स्त्रीणां मानिन्योऽभ्यधिकं भुवि ॥

- श्रीमद्भागवत १०।२९।४७

अर्थात् 'भगवान् श्रीकृष्णले ती गोपीहरूको मान सम्मान गरेर रासलीला शुरु गरेपछि उनीहरूले संसारमा सबैभन्दा भाग्यमानी आफूहरू नै भएको ठानेका थिए ।' उनीहरूमा अत्यन्त अभिमान र घमण्ड चढेको थियो । साधक वा भक्तमा अभिमान

बढेपछि अन्तस्करण अशुद्ध हुन्छ । भगवान्प्रतिको अभिमानलाई पवित्र अहङ्कार भनिन्छ । यसले पनि भगवान्का भक्तलाई बाधा पुऱ्याउँछ । भगवान्को भक्ति र ज्ञान दुवै विक्षुब्ध भएर जान्छन् । त्यसबाट भक्त वा साधकको साधनामा बाधा उत्पन्न हुनजान्छ । गोपीहरूको अवस्था त्यस्तै थियो । गोपीहरूको त्यस्तो अवस्था देखेपछि तिनीहरूको घमण्ड चूर्ण गर्न र मान खोजेर ठुस्किएकी प्रियतमा (श्रीराधाजी)लाई खुशी पार्न ती गोपीहरू भएकै ठाउँमा नै भगवान् श्रीकृष्ण आफ्नी प्रियतमा (राधा)लाई साथमा लिएर अन्तर्धान हुनुभएको थियो । जस्तै-

तासां तत् सौभगमदं वीक्ष्य मानं च केशवः ।
प्रशमाय प्रसादाय तत्रैवान्तरधीयत ॥
– श्रीमद्भागवत १०।२९।४८

श्रीमद्भागवतमहापुराणमा श्रीराधाको नाम स्पष्टरूपमा उल्लेख नभएको भए तापनि सौभगमद गोपीहरूमा चढेको र श्रीराधाले मान खोजेकी हुँदा गोपीहरूको सौभगमदलाई प्रशमन गर्न र मान खोजेकी राधालाई खुशी पार्न भगवान् श्रीकृष्ण अन्तर्धान हुनुभएको थियो भन्ने स्पष्ट बुझिन्छ । यस सम्बन्धमा गर्ग-संहितामा भने श्रीराधाजीको नाम स्पष्टरूपमा उल्लेख भएको छ । जस्तै-

तत्र गोप्योऽति मानिन्यो बभूवुर्मैथिलेश्वर ।
तास्त्यक्त्वा राधया सार्धं तत्रैवान्तर्दधे हरिः ॥
– श्रीमद्गर्गसंहिता वृन्दावनखण्ड २।१८।१०

प्रियतम साथमा भए जङ्गलमा पनि मङ्गल हुन्छ । प्रियतम साथमा नभए दरबार पनि तरबार हुन्छ भन्ने भनाइ अनुसार भगवान् श्रीकृष्ण अन्तर्धान भएपछि गोपीहरू अत्यन्त व्यथित भएका थिए । एउटी गोपी (श्रीराधा) भने प्रियतम श्रीकृष्णसँग साथै गएकी हुँदा अत्यन्त आनन्दित थिइन् । अरू गोपीहरू भगवान् श्रीकृष्णलाई

खोज्दै वृन्दावनका वृक्ष, लहरा र भारपातहरूसमेतसँग श्रीकृष्णका बारेमा विभिन्न प्रश्नहरू गर्दै वनमा घुमेका थिए । श्रीकृष्णका विभिन्न लीलाहरूको अभिनयसमेत गर्दै जहाँसम्म चन्द्रमाको प्रकाश थियो त्यहाँसम्म गोपीहरू गएका थिए । उनीहरू भगवान् श्रीकृष्णसँग भावनात्मकरूपमा एकाकार भइसकेका हुँदा जड र चेतनको पनि उनीहरूमा भेद थिएन । त्यसैकारणले जडवस्तुलाई भेटे पनि बहुलाहा, मदान्ध वा कामान्ध जस्ता भएर तिनीहरू भगवान् श्रीकृष्णका बारेमा सोध्दै हिंडेका थिए । भक्तिको पराकाष्ठामा पुगेका भक्तहरू, ज्ञानको पराकाष्ठामा पुगेका ज्ञानीहरू, प्रेमको पराकाष्ठामा पुगेका प्रेमीहरू र मदिरा पिएर अत्यन्त मातेका मदान्धहरूसमेतको एउटै अवस्था हुन्छ । उनीहरू जड र चेतनको विभेद गर्न पनि सक्तैनन् भनेर विभिन्न पुराण र काव्यहरूमासमेत वर्णन गरेको पाइन्छ । यही कुरालाई मेघदूतको पूर्वमेघको ५ औँ श्लोकमा प्रेमिकासँगको विछोडले विरहको पराकाष्ठामा पुगेको विरही यक्षको मुखबाट महाकवि कालिदासले निम्नअनुसार दर्शाउनु भएको छ । जस्तै-

धूमज्योतिः सलिलमरुतां सन्निपातः क्व मेघः ?
सन्देशार्थाः क्व पटुकरणैः प्राणिभिः प्रापणीयाः ?
इत्यौत्सुक्यादपरिगणयन्गुह्यकस्तं ययाचे
कामार्ता हि प्रकृतिकृपणाश्चेतनाचेतनेषु ॥

यस सम्बन्धमा श्रीमद्भागवतमहापुराणको तृतीयस्कन्धको २८ औं अध्यायको ३७ औं श्लोकमा पनि यसैप्रकारको भाव व्यक्त भएको देखिन्छ । जस्तै-

देहं च तं न चरमः स्थितमुत्थितं वा
सिद्धो विपश्यति यतोऽध्यगमत्स्वरूपम् ।

दैवादुपेतमथ दैववशादपेतं
वासो यथा परिकृतं मदिरामदान्धः ॥

भक्तज्ञानीको चरमावस्थामा पुगेपछिको अवस्थाको उक्त श्लोकमा वर्णन गरिएको छ। गोपीहरू पनि त्यसै प्रकारको भक्तिको उच्च अवस्थामा पुगिसकेका थिए भन्नेकुरा थाहा हुन्छ । "तावद् रागादयःस्तेनास्तावत् कारागृहं गृहम् । तावन्मोहोऽङ्घ्रिनिगडो यावत् कृष्ण न ते जनाः ॥" *(श्रीमद्भागवत १०।१४।३६)* गोपीहरूले आफ्ना सारा बन्धनहरू तोडिसकेका थिए। उनीहरू भय, लाज, मोह, राग, द्वेष आदि सम्पूर्ण मायिक दुर्गुणहरूबाट माथि उठिसकेका थिए । त्यसैकारण त उनीहरूले प्रेमी श्रीकृष्णलाई खोज्न मध्यरातमा पनि भयङ्कर तमोमय गहन वन वृन्दावनभित्र पस्ने हिम्मत गरेका थिए । गोपीहरू भगवान् श्रीकृष्णप्रति पूर्णरूपमा समर्पित र अत्यन्त मिलनोत्सुक पनि थिए । उनीहरू निर्भय प्रेमी पागलका सरह अनकण्टार वृन्दावनभित्र रातमा पसेका थिए। गोपीहरूले वृन्दावनको भित्रीभागसम्म भगवान् श्रीकृष्णलाई खोज्दै जाँदा श्रीकृष्णसँग अन्तर्धान हुँदा साथै गएकी एउटी गोपी (श्रीराधा)लाई भेटेका थिए। भगवान् श्रीकृष्णसँग अत्यन्त मान खोजेकी हुँदा तिनलाई पनि वनको बीचमा नै छाडेर भगवान् श्रीकृष्ण हिँड्नु भएको थियो । अनकण्टार वनको बीचमा बिलौना गरेर रोइरहेकी ती एक्ली गोपिनी (श्रीराधा)लाई समेत लिएर श्रीकृष्ण अन्तर्धान हुनुभएको ठाउँ यमुना नदीको किनारामा नै ती सबै गोपीहरू फर्किएका थिए। कुनै पनि वस्तु जुन ठाउँमा हराएको हुन्छ त्यही ठाउँमा खोजेमात्रै पाउने सम्भावना रहन्छ। हराएको ठाउँ छोडेर अरू ठाउँमा सो वस्तु खोज्न गएमा नपाउने निश्चित छ भन्ने कुरा सहजरूपमा बुझ्न सकिन्छ। गोपीहरू पनि त्यही कुरा बुझेर भगवान् श्रीकृष्ण हराउनु भएको ठाउँ यमुनाको तीरमा नै खोज्न फर्किएका थिए । यमुनाका

तीरमा फर्किएपछि अति व्याकुल भएर ती गोपीहरूले समूह समूहमा मिलेर विरहगीत गाएका थिए । जुन गीत श्रीमद्भागवतमहापुराणमा गोपीगीतका नामबाट प्रसिद्ध छ । उक्त गोपीगीतमा गोपीहरूले अद्वैतवेदान्त र भक्तिका अत्युच्च सिद्धान्तका कुराहरू व्यक्त गरेका छन् । गोपीहरूलाई नपढेका गाउँले भनेर हेप्न खोज्ने हामीहरूका लागि यो ठूलो जवाफ भएको छ । वेदका ऋचाहरू र गोलोकका नित्यसिद्धा गोपीहरूसमेत भगवान् श्रीकृष्णको लीलामा सहयोगी हुन वृन्दावनमा जन्मिएका थिए भन्ने कुराको रहस्य नबुझ्नाले नै त्यसप्रकारको नकारात्मक भावना हामीहरूमा उत्पन्न हुने गरेको छ । त्यही कुरालाई भगवान् श्रीकृष्णका परमप्रिय ज्ञानी शिष्य उद्धवजीले पनि श्रीमद्भागवतमहापुराणको दशमस्कन्धको ४७ औँ अध्यायको ५७ औँ श्लोकदेखि ६२ औँ श्लोकसम्म व्यक्त गर्नुभएको छ । गोपीगीतमा सम्मिलित गोपीहरू भक्ति र ज्ञानका उच्च कक्षामा पुगेका थिए भन्ने कुरा गोपीगीतमा व्यक्त भएका कुराहरूबाट थाहा हुन्छ । "न खलु गोपिकानन्दनो भवानखिलदेहिनामन्तरात्मदृक्" जस्ता अद्वैतवेदान्तपरक उपनिषद्वाक्यहरू सामान्य अनपढ गाउँका गोपीहरूले भन्नसक्ने कुरै थिएन । "प्रणतदेहिनां पापकर्शनम्" जस्ता नवधाभक्तिले आप्लावित शब्दहरू सामान्य गोपीहरूले व्यक्त गर्न सक्ने कुरै आउँदैन । अतः ती गोपीहरू माथिल्लो तहका मुक्तात्मा थिए भन्न सकिन्छ । जस्तै-

यत्ते सुजातचरणाम्बुरुहं स्तनेषु भीताः शनैः प्रिय दधीमहि कर्कशेषु ।
तेनाटवीमटसि तद् व्यथते न किंस्वित् कूर्पादिभिर्भ्रमति धीर्भवदायुषां नः ॥

- श्रीमद्भागवत १०।३१।१९

माथि उल्लेख भए अनुसारका श्लोकहरू गाएर भगवान् श्रीकृष्णप्रति आफ्नू पूर्ण समर्पणभाव विरही गोपीहरूले श्रीमद्भागवत महापुराणको दशमस्कन्धको ३१ औँ अध्यायको

अन्तिम श्लोकमा व्यक्त गरेका छन् । श्रीमद्भागवतमहापुराणको दशमस्कन्धको ३२ औँ अध्यायको शुरुमा नै "इति गोप्यः प्रगायन्त्यः प्रलपन्त्यश्च चित्रधा । रुरुदुः सुस्वरं राजन् कृष्णदर्शनलालसाः"को कारुणिक दृश्यको वर्णन गरिएको छ । वास्तवमा गोपीहरू श्रीकृष्णसँगको विछोडबाट अत्यन्त दुःखी भएका थिए । उनीहरूले लोकको सारा लाजशर्मलाई बिर्सिएर ठूलो आवाज निकालेर रोएका थिए । उनीहरू श्रीकृष्णकै लागि बाँचेका थिए र उहाँकै लागि प्राण त्याग गर्न पनि पछि हट्तैनथे । वास्तवमा भगवान्का भक्तहरूको भगवान्का विरहमा आँखाबाट आँशु झर्ने, रोमाञ्च हुने जस्ता लक्षणहरू देखा पर्दछन् भने त्यस्तो नहुने भक्तलाई ढुङ्गाको हृदय भएको भनेर श्रीमद्भागवतमा विभिन्न भङ्गीबाट विभिन्न प्रसङ्गमा उल्लेख गरिएको पाइन्छ । जस्तै–

तदश्मसारं हृदयं बतेदं यद्गृह्यमाणैर्हरिनाम धेयैः ।
न विक्रियेताथ यदा विकारो नेत्रे ल जलं गात्ररुहेषु हर्षः ॥
– श्रीमद्भागवत २।३।२४

क्वचिद्रुदन्त्यच्युतचिन्तया क्वचिद्धसन्ति नन्दन्ति वदन्त्यलौकिकाः ।
नृत्यन्ति गायन्त्यनुशीलयन्त्यजं भवन्ति तूष्णीं परमेत्य निर्बृताः ॥
– श्रीमद्भागवत ११।३।३२

एवंव्रतः स्वप्रियनामकीर्त्या जातानुरागो द्रुतचित्त उच्चैः ।
हसत्यथो रोदिति रौति गायत्युन्मादवन्नृत्यति लोकवाह्यः ॥
– श्रीमद्भागवत ११।२।४०

त्यसपछि भगवान् श्रीकृष्णको भावुक हृदय पनि पग्लिएको देखिन्छ । त्यसपछि "तासामाविरभूच्छौरिः स्मयमानमुखाम्बुजः । पीताम्बरधरः स्रग्वी साक्षान्मन्मथमन्मथः" भएर विरही गोपीहरूका माझमा भगवान् श्रीकृष्ण आविर्भाव हुनुभएको थियो । अर्थात्, जुन ठाउँमा भगवान् श्रीकृष्ण अन्तर्धान हुनुभएको थियो, त्यही ठाउँमा नै

फेरि आविर्भाव हुनुभएको देखिन्छ । श्रीमद्भागवतमहापुराणको २९ औँ अध्यायको अन्तिम श्लोकमा "तासां तत् सौभगमदं वीक्ष्य मानं च केशवः । प्रशमाय प्रसादाय तत्रैवान्तरधीयत" भनेर वर्णन गरिए अनुसार गोपीहरूमा देखापरेको सौभगमदलाई प्रशमन गर्न र भगवान् श्रीकृष्णकी प्यारी अर्की युवती (श्रीराधा)ले खोजेको मानलाई पूरा गर्न नै श्रीकृष्ण रासलीलाको स्थान यमुनाको किनारामा नै अन्तर्धान हुनुभएको थियो । गोपीहरूमा बढेको घमण्डलाई बिछोडको विरह-व्यथाबाट निस्केका आँसुद्वारा धोएर उनीहरूको अन्तस्करण स्वच्छ भएपछि र अर्की प्रेयसी (राधा)ले खोजेको मानलाई पनि मर्दन गरेपछि ती सबै गोपीहरूको अन्तस्करण शुद्ध भएको थियो । भक्त वा प्रेमीका शुद्ध अन्तस्करणमा मात्रै भगवान् प्रकट हुनुहुनेहुँदा उनीहरूको अन्तस्करण शुद्ध भएपछि उनीहरूका बीचमा भगवान् "साक्षान्मन्मथमन्मथः" भएर आविर्भाव हुनभएको थियो । त्यस-पछिमात्र गोपीहरूको विरहव्यथा समाप्त भएको थियो । अनि तिनीहरूको अवस्था "जहुर्विरहजं तापं प्राज्ञं प्राप्य यथा जनाः" जस्तो भएको थियो भनेर श्रीशुकदेव मुनिले वर्णान गर्नुभएको छ ।

त्यसरी एकपटक हराएर भगवान् श्रीकृष्ण फेरि भेटिएपछि गोपीहरू अत्यन्त खुशी भएका थिए । ती सबै गोपीहरूले भगवान् श्रीकृष्णको हृदय खोलेर स्वागत गरेका थिए । भगवान् श्रीकृष्णलाई चारैतिरबाट ढपक्कै ढाकेर विराजमान गराएका थिए । भगवान् श्रीकृष्णसँग लाडिँदै ती गोपीहरूले चारैतिरबाट ढाकेर आफ्नू उत्तरीयवस्त्रको आसन दिएर उनीहरूले आफ्ना बीचमा अत्यन्त विद्वत्तापूर्ण कूटप्रश्नहरू पनि गरेका थिए । त्यसवाट पनि ती गोपीहरू अत्यन्त उच्च तहका विदुषी थिए भन्ने प्रमाणित हुन आउँछ । भगवान् श्रीकृष्णले गोपीहरूका कूटप्रश्नहरूको जबाफ अत्यन्त तार्किक र शास्त्रसम्मत हुनेगरी दिनुभएको देखिन्छ । ती उत्तरहरूबाट गोपीहरूको चित्त बुझेको पाइन्छ । भगवान् श्रीकृष्णले

आफ्ना प्रेयसी गोपीहरूप्रति आफू जन्मजन्मान्तरसम्म ऋणी हुने कुरा श्रीमद्भागवतमहापुराणको ३२ औँ अध्यायको अन्तिम श्लोकमा व्यक्त गर्नुभएको छ। जस्तै-

न पारयेऽहं निरवद्यसंयुजां स्वसाधुकृत्यं विबुधायुषापि वः ।
या माभजन् दुर्जरगेहशृङ्खलाः संवृश्च्य तद् वः प्रतियातु साधुना ॥

यसरी भगवान् श्रीकृष्ण गोपीहरूको बीचबाट हराएर फेरि भेट्टिनुभएकोमा गरीबले हराएको धन फेरि भेटेपछि (यथाधनो लब्ध धने विनष्टे) जसरी प्रेम गर्दछ, त्यसैगरी एक पटक हराएर फेरि भेटिएका भगवान् श्रीकृष्णारूपी अमूल्य धनलाई पनि गोपीहरूले अत्यन्त प्रेम गरेका थिए । श्रीमद्भागवतमहापुराणमा भगवान् श्रीकृष्णले रासक्रीडा शुरु गरिसक्नुभएको थियो । सो कुरालाई निम्न अनुसार वर्णन गरिएको छ । "आत्मारामोऽप्यरीरमत्"को प्रसङ्ग उठाएर अर्को ४६ औँ श्लोकमा वर्णन गरिएको छ। जस्तै-

बाहुप्रसारपरिरम्भकरालकोरु-
नीवीस्तनालभननर्मनखाग्रपातैः ।
क्ष्वेल्यावलोकहसितैर्व्रजसुन्दरीणा-
मुत्तम्भयन् रतिपतिं रमयाञ्चकार ॥

त्यसरी त्यस अवस्थासम्म पुगिसकेको रासक्रीडाको उत्कर्षलाई भगवान् श्रीकृष्णले बीचैमा रोकेर 'प्रशमाय प्रसादाय'को लीला गर्नुभएको थियो । विप्रलम्भशृङ्गारको वर्णन गरेर सम्भोग-शृङ्गाररसको परिपाकको लागि रासपञ्चाध्यायीका ३०, ३१ र ३२ अध्यायहरू खर्च भएका देखिन्छन् । प्रशमाय र प्रसादायको लीला पूरा भएपछि भगवान् श्रीकृष्णले रासपञ्चाध्यायीको अन्तिम अध्याय अर्थात् श्रीमद्भागवतमहापुराणको ३३ औं अध्यायको प्रारम्भदेखि- "तत्रारभत गोविन्दो रासक्रीडामनुव्रतैः। स्त्रीरत्नैरन्वितः प्रीतैरन्योन्या-

वद्धबाहुभिः" देखि फेरि रासक्रीडा शुरु गरेको देखिन्छ । त्यसरी रासक्रीडा शुरु गर्दा भगवान् योगेश्वर श्रीकृष्णले जति गोपीहरू थिए त्यति नै विग्रहहरू लिनु भएको थियो । त्यस बारेमा श्रीमद्भागवतमहापुराणको ३३ औँ अध्यायको तेस्रो श्लोकमा यस्तो उल्लेख गरिएको पाइन्छ । जस्तै-

रासोत्सवः सम्प्रवृत्तो गोपीमण्डलमण्डितः ।
योगेश्वरेण कृष्णेन तासां मध्ये द्वयोर्द्वयोः ।
प्रविष्टेन गृहीतानां कण्ठे स्वनिकटं स्त्रियः ॥

श्रीधरस्वामीले "तासां मण्डलरूपेणावस्थितानां द्वयोर्द्वयोर्मध्ये प्रविष्टेन तेनैव कण्ठेगृहीतानामुभयत आलिङ्गितानाम् । कथंभूतेन । यं सर्वाःस्त्रियः स्वनिकटं मामेवातिष्टवानिति मन्येरंस्तेन एतदर्थ द्वयोर्द्वयोर्मध्ये प्रविष्टेन इत्यर्थः । ननु एकस्य कथं तथा प्रवेशः, सर्वसन्निहितत्वे वा कुतः स्वैकनिकटत्वाभिमानस्तासामित्यत उक्तं योगेश्वरेण इति, अचिन्त्य शक्तिना इति" भनेर यसको व्याख्या गर्नुभएको छ । रासक्रीडा गर्दा भगवान् श्रीकृष्णले एउटी गोपीका साथमा एक श्रीकृष्णको अनुपात मिलाएर रासक्रीडा गर्नुभएको थियो । त्यस बेला उहाँको शोभा पँहेलो सुनका बीचमा जडिएको नीलो महामरकतमणिको जस्तो देखिएको थियो । यस कुरालाई श्रीमद्भागवतमहापुराणको दशमस्कन्धको ३३ औँ अध्यायको ७ औँ श्लोकमा यसरी वर्णन गरिएको छ-

तत्रातिशुशुभे ताभिर्भगवान् देवकीसुतः ।
मध्ये मणीनां हैमानां महामरकतो यथा ॥

रासक्रीडाका बेलामा थरीथरीका नृत्यहरू सङ्गीतशास्त्र अनुसार भएका देखिन्छन् । जस्तै-

पादन्यासैर्भुजविधुतिभिः सस्मितैर्भ्रूविलासै-
भज्यन्मध्यैश्चलकुचपटैः कुण्डलैर्गण्डलोलैः ।
स्विद्यन्मुख्यः कवररशनाग्रन्थयः कृष्णवध्वो
गायन्त्यस्तं तडित इव ता मेघ चक्रे विरेजुः ॥

-श्रीमद्भागवत १०।३३।८

यस श्लोकको व्याख्या श्रीधरस्वामीले यसरी गर्नुभएको छ- "भुजविधुतिभिः करचालनैः, भज्यमानैर्मध्यैश्चलद्भिः कुचैश्च पटैश्च । गण्डलोलैर्गण्डेषु चञ्चलैः । स्विद्यन्मुख्य स्विद्यन्ति स्वेदमुद्गिरन्ति मुखानि यासां ताः । कवरेषु रशनासु च ग्रन्थयो दृढा यासाम् । यद्वा तेषु तासु चाग्रन्थयः, शिथिलग्रन्थयः इत्यर्थः । तत्र नाना मूर्तिः कृष्णो मेघचक्रमिव, तास्तु बहुविधास्तडित इव स्वेदस्तुषार इव, गीतं गर्जितमिवेति यथासंभवमूह्यम् ।"

रासक्रीडाको अत्यन्त उल्लासमय, चिन्मय तथा दिव्यातिदिव्य आनन्दको अवसर गोपीहरूले पाएका थिए । भगवान् श्रीकृष्णसँग अङ्गसङ्ग गर्ने, चुम्बन गर्ने, विभिन्न अङ्गहरूको स्पर्श गर्ने, सँगै नृत्य गर्ने, सँगै गीत गाउने, जलकेलिका अवसरमा पानी छ्यापाछ्याप गर्ने, श्रीकृष्णले चबाएको पान भक्षण गर्ने आदि नानाथरीका हासविलास र रङ्गरउस गोपीहरूले गरेका थिए । वास्तवमा उक्त रासक्रीडा भगवान्को आफ्नै आत्मक्रीडामात्र थियो । आफैँ आत्माराम भएर पनि भगवान् श्रीकृष्णले सामान्य मानिसले जस्तो गोपीहरूकासँग लीला गर्नुभएको थियो । 'नेह नानास्ति किञ्चन' भनेर उपनिषद्ले उद्घोष गरेजस्तै भगवान् श्रीकृष्ण बाहेक बाहिर देखिने सम्पूर्ण यो दृश्य संसार मिथ्या हो । श्रीमद्भागवत महापुराणमा रासक्रीडाको वास्तविक स्वरूपलाई श्रीशुकदेवस्वामीले यसरी वर्णन गर्नुभएको देखिन्छ । जस्तै-

एवं शशाङ्कांशुविराजिता निशाः स सत्यकामोऽनुरताबलागणः ।
सिषेव आत्मन्यवरुद्धसौरतः सर्वाः शरत्काव्यकथारसाश्रयाः ॥

श्रीमद्भागवत १०।३३।२६

अर्थात् 'शरद्ऋतुको त्यस रात्रीको रूपमा अरू पनि धेरै रात्रीहरू पुञ्जीभूत भएका थिए । ती रातहरू अत्यन्त सुन्दर थिए । चारैतिर चन्द्रमाको उज्ज्वल ज्योत्स्ना फैलिइरहेको थियो । काव्यमा शरद्ऋतुको जुन रससामग्रीहरूको वर्णन पाइन्छ, ती सबै सामग्रीहरूबाट रासक्रीडा सम्पन्न भएको थियो ।' रासक्रीडाका सन्दर्भमा भगवान् श्रीकृष्णले आफ्ना प्रेयसी गोपीहरूका साथमा यमुनाका किनारामा, यमुनामा र यमुनाका उपवनहरूमा समेत विहार गर्नुभएको थियो । भगवान् सत्यकाम र सत्यसङ्कल्प हुनुहुन्छ । त्यो रासक्रीडा भगवान् श्रीकृष्णको चिन्मय सङ्कल्पको नै चिन्मय क्रीडामात्र थियो । त्यस रात्रीडामा भगवान् श्रीकृष्णले कामभाव, कामचेष्टा र कामक्रियालाई समेत सर्वथा आफ्ना अधीनमा राख्नुभएको थियो । अर्थात्, भगवान् श्रीकृष्णले सम्पूर्ण विकारहरूलाई आफैंभित्र सीमित गरेर राख्नुभएको थियो । यस सम्बन्धमा श्रीधर स्वामीको व्याख्या यहाँ उल्लेख गर्नु सान्दर्भिक ठान्दछु । "रासक्रीडां निगमयति एवमिति । स कृष्णः सत्यसङ्कल्पोऽनुरागिस्त्रीकदम्बस्थ एवं सर्वा निशाः सेवितवान् । शरत्काव्यकथारसाश्रयाः शरदि भवाः काव्येषु कथ्यमाना ये निशाः रसास्तेषामाश्रयभूता यद्वा निशा इति द्वितीयान्त संयोगे । शृङ्गार रसाश्रयाः शरदि प्रसिद्धाः काव्येषु याः कथास्ताः सिषेवे इति । (शरत्काव्यकथाः शरदि सर्वदेशकालकविभिर्यावत्यो वर्णयितुं शक्यन्ते तावतीः कथाः सिषेवे आचचार) एवमप्यात्मन्येवावरुद्धः सौरतश्चरमधातुर्न तु स्खलितो यस्येति कामजयोक्तिः ।" माथि वर्णन गरिए अनुसार त्यो शरद् ऋतुको पूर्णिमाको रातमा लागेको टहटह जूनको प्रकाशमा सत्यसङ्कल्प भगवान् श्रीकृष्णले रासक्रीडाबाट कामलाई

विजय गर्नुभएको थियो । शास्त्रमा "स्त्रीसङ्गेऽपि न पतितं रेतो यस्य परेच्छया । स धन्यः पुरुषो लोके कामजेता स कथ्यते" भनेर उल्लेख गरेको पाइन्छ । त्यसकारण रासक्रीडा भगवान् श्रीकृष्णाको चिन्मय दिव्य लीला हो र कामदेवमाथि गरिएको विजयलीला पनि हो भन्ने प्रमाणित हुन आउँछ । त्यस स्थितिमा पुगिसकेपछि कुनै पनि सांसारिक पदार्थले साधकलाई बाधा पुऱ्याउन सक्तैन । कुनै सांसारिक वस्तुको भान रहँदैन । त्यस अवस्थामा पुगिसकेको साधकलाई कुनै पनि विधिनिषेधले छुन सक्तैन । रासक्रीडाको चरमावस्था भनेको यही नै हो । तन्त्रशास्त्रमा यसलाई 'कुलाचार' भनिएको छ । रास र कुलाचार भनेको एउटै हो । त्यस स्थितिमा पुगिसकेका जीवन्मुक्त पुरुषका बारेमा शास्त्रहरूमा यसरी वर्णन गरिएको छ- 'भेदाभेदौ सपदि गलितौ पुण्यपापे विशीर्णे । मायामोहौ क्षयमुपगतौ नष्टसन्देहवृत्तिः । शब्दातीतं त्रिगुणरहितं प्राप्य तत्त्वावबोधम् । निस्त्रैगुण्ये पथिविचरतां को विधिः को निषेधः ॥' भगवान् श्रीकृष्णसँग गोपीहरूको भएको त्यो रासक्रीडाको वर्णन आनन्दको चरम अवस्थाको वर्णन हो । त्यस समग्र प्रसङ्गको सरस वर्णन श्रीमद्भागवतमहापुराणको रासपञ्चाध्यायीको अन्तिम अध्याय अर्थात्, दशमस्कन्धको ३३ औँ अध्यायको १५ औँ श्लोकदेखि २६ औँ श्लोकसम्ममा पाइन्छ ।

उपर्युक्त अनुसार रासलीलाको पावन प्रसङ्ग चलिरहेको समयमा राजा परीक्षित्‌ले स्वयं भगवान् श्रीकृष्णमाथि नै शङ्का गर्नु भएको देखिन्छ । जस्तै-

'संस्थापनाय धर्मस्य प्रशमायेतरस्य च ।
अवतीर्णो हि भगवानंशेन जगदीश्वरः ॥

स कथं धर्मसेतूनां वक्ताकर्ताभिरक्षिता ।
प्रतीपमाचरद् ब्रह्मन् परदाराभिमर्शनम् ॥

यसरी भगवान्कै बारेमा शङ्कायुक्त प्रश्न राजा परीक्षित्ले श्रीशुकदेवस्वामीसँग गरेपछि यो रासलीलाको पावन प्रसङ्ग श्रीशुकदेवस्वामीले अगाडि नबढाएर यहीं नै समाप्त गर्नुभएको थियो भन्ने भनाइ श्रीमद्भागवतमहापुराणका ज्ञाताहरूको पाइन्छ । राजा परीक्षित्ले यसै प्रकारको नकारात्मक प्रश्न गोपीहरूका सम्बन्धमा पनि रासपञ्चाध्यायीको शुरुमै अर्थात् , दशम स्कन्धको २९ औं अध्यायको १२ औं श्लोकमा पनि गर्नुभएको थियो । जस्तै-

कृष्णं विदुः परं कान्तं न तु ब्रह्मतया मुने ।
गुणप्रवाहोपरमस्तासां गुणधियां कथम् ॥

राजा परीक्षित्को उक्त प्रश्नको उत्तर श्रीशुकदेव मुनिले सहजरूपमा नै दिनुभएको देखिन्छ । जस्तै-

उक्तं पुरस्तादेतत्ते चैद्यःसिद्धिं यथा गतः ।
द्विषन्नपि हृषीकेशं किमुताधोक्षजप्रियाः ॥

- श्रीमद्भागवत १०।२९।१३

यसरी राजा परीक्षित् जस्ता भगवान् श्रीकृष्णका परम भक्तले पनि रासक्रीडाको शुरुमा नै भगवान् श्रीकृष्णका अनन्या प्रेयसी गोपीहरूका सम्बन्धमा उक्त प्रकारको नकारात्मक प्रश्न गर्नुभएपछि श्रीशुकदेव मुनिलाई राजाले गोपीहरूलाई बुझ्न सकेनन् भनेर खल्लो अनुभव गर्नु भएको थियो होला । राजा परीक्षित्ले पछि बुझ्दैजानेछन् भन्ने विश्वासले श्रीशुकदेव स्वामीले रासलीलाको दिव्य प्रसङ्गलाई अगाडि बढाउँदै जानुभएको थियो भन्ने धेरै विद्वान्हरूको राय छ । रासक्रीडाको वर्णन चरमोत्कर्षमा पुगेको बेलामा भगवान् श्रीकृष्णको चरित्रमाथि नै औंलो उठाएर राजा परीक्षित्ले प्रश्न गरे पछिभने राजा परीक्षित्को अन्तःस्करणको मालिन्य अझै हटिसकेको

रहेनछ भन्ने ठानेर रासक्रीडाका अरू प्रसङ्गहरू राजा परीक्षित्लाई श्रीशुकदेव स्वामीले नसुनाउनु भएको हुनसक्तछ भन्ने केही आचार्यहरूको भनाइ पाइन्छ । रासक्रीडाको अरू विस्तृत पावन प्रसङ्गलाई यहीं समाप्त गरेर राजा परीक्षित्बाट भगवान्प्रति सोधिएका नकारात्मक प्रश्नहरूको सकारात्मक उत्तर श्रीशुकदेव स्वामीले यसरी दिनुभएको थियो । जस्तै-

धर्म व्यतिक्रमो दृष्ट ईश्वराणां च साहसम् ।
तेजीयसां न दोषाय वह्नेः सर्वभुजो यथा ॥

नैतत् समाचरेज्जातु मनसापि ह्यनीश्वरः ।
विनश्यत्याचरन् मौढ्याद्यथारूद्रोऽब्धिजं विषम् ॥

ईश्वराणां वचः सत्यं तथैवाचरितं क्वचित् ।
तेषां यत् स्ववचोयुक्तंबुद्धिमांस्तत् समाचरेत् ॥

कुशला चरिते नैषामिह स्वार्थो न विद्यते ।
विपर्ययेण वानर्थो निरहङ्कारिणां प्रभो ॥

किमुताखिलसत्त्वानां तिर्यङ्मर्त्यदिवौकसाम् ।
ईशितुश्चेशितव्यानां कुशलाकुशलान्वयः ॥

– श्रीमद्भागवत १०।३३।३०-३४

यसरी राजा परीक्षित्लाई श्रीशुकदेव स्वामीले जबाफ दिनुभएको थियो । भगवान् श्रीकृष्णका व्रजका लीलाहरू केवल चिन्तनीय हुन् तर अनुकरणीय भने होइनन् । त्यसैगरी भगवान् श्रीकृष्णले द्वारकामा गर्नुभएका केही लीलाहरू भने अनुकरणीय हुन् भनेर विद्वान्हरूको भनाइ पाइन्छ । भगवान् श्रीकृष्णले गर्नुभएका विभिन्न क्रीडाहरूको महत्ताको वर्णन गर्दै श्रीशुकदेवस्वामीले भन्नुभएको छ । जस्तै -

गोपीनां तत्पतीनां च सर्वेषामेव देहिनाम् ।
योऽन्तश्चरति सोऽध्यक्षः क्रीडनेनेह देहभाक् ॥

अनुग्रहाय भूतानां मानुषं देहमास्थितः ।
भजते तादृशीः क्रीडा याः श्रुत्वा तत्परो भवेत् ॥

अर्थात्, भगवान् श्रीकृष्ण गोपी, गोपीका पति र सम्पूर्ण प्राणीमात्रका आत्मा हुनुहुन्छ । प्राणीमात्रको कल्याण गर्न विभिन्न युगमा विभिन्न अवतार लिएर पृथ्वीमा अवतीर्ण हुनुहुने भगवान्ले धर्मको रक्षा, दुष्टहरूको संहार र साधुहरूको संरक्षण गर्नुहुन्छ । भगवान्का यसप्रकारका चिन्मय तथा अलौकिक लीलाहरू सुनेर मानिसहरू भगवान्का भक्त हुन्छन् र यस संसारबाट मुक्ति पाउँछन् । श्रीशुकदेव स्वामीले रासक्रीडाको प्रसङ्गलाई समाप्त गर्ने क्रममा यस्तो कुरा उल्लेख गर्नुभएको पाइन्छ । जस्तै-

ब्रह्मरात्र उपावृत्ते वासुदेवानुमोदिताः ।
अनिच्छन्त्यो ययुर्गोप्यः स्वगृहान् भगवत्प्रियाः ॥

'ब्रह्मरात्रे उपावृत्ते' भन्ने वाक्य प्रयोग भएको सम्बन्धमा विद्वान् रसिकहरूले धेरैथरी अर्थ लगाएका छन् । केही रसिकहरूले भगवान्ले गोपीहरूका साथमा वृन्दावनमा गरेको रासक्रीडा 'ब्रह्मरात्रे' भनेकोहुँदा ब्रह्माजीको एक रातभरिको नै भएको थियो भनेर अर्थ लगाएका छन् । ब्रह्माजीको एक रात्रिका बारेमा श्रीमद्भगवद्गीता र हरिवंशपुराणमा निम्नअनुसार उल्लेख भएको पाइन्छ । जस्तै-

सहस्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः ।
रात्रिं युगसहस्रान्तां तेऽहोरात्रविदो जना ॥
- श्रीमद्भगवद्गीता ।८।१७

ब्रह्मणस्तदहः प्रोक्तं कल्पश्चेति स कथ्यते ।
सहस्रयुगपर्यन्ता सा निशा प्रोच्यते बुधैः ॥
- श्रीहरिवंशपुराण, अध्याय ८।२१

त्यति लामू समयसम्म गोलोक बाहेक मर्त्यलोकको वृन्दावनमा रासक्रीडा हुन सम्भव नभएको केही विद्वान् रसिकहरूको मत देखिन्छ । रासक्रीडाको वर्णन गर्ने क्रममा श्रीशुकदेव स्वामीले निम्न अनुसार वर्णन गर्नु भएको पाइन्छ । जस्तै-

कृष्णविक्रीडितं वीक्ष्य मुमुहुः खेचरस्त्रियः ।
कामार्दिताः शशाङ्कश्च सगणो विस्मितोऽभवत् ॥
- श्रीमद्भागवत १०।३३।१९

दिव्य रासक्रीडा देखेर चन्द्रमा आफ्ना गण तारा ग्रहहरू सहित मोहित भए भन्ने प्रसङ्गलाई रसिकहरूले आकाशमा चन्द्रमा र ताराहरूसमेत स्तम्भित भएर बसेका हुँदा असीमित रातसम्म त्यो रासक्रीडा चलेको थियो भन्ने अर्थसमेत निकालेको बुझिन्छ । तर श्रीधरस्वामीले भने ब्रह्मरात्रे उपावृत्तेको अर्थ आफ्नू टीकामा- 'ब्रह्मरात्रे ब्राह्मे मुहूर्ते उपावृत्ते प्राप्ते', भनेर लेख्नु भएको छ । यो भनाइ नै सान्दर्भिक देखिन्छ । अतः वृन्दावनमा रासक्रीडा भगवान् श्रीकृष्णले शरद्ऋतुको शुक्ल पक्षको पूर्णिमाको एक रातमात्र गर्नुभएको थियो भन्ने प्रमाणित हुन्छ । ब्राह्मे मुहूर्ते अर्थात् उषाकाल भएपछि रासक्रीडा समाप्त गरेर भगवान् श्रीकृष्णले सम्पूर्ण गोपीहरूलाई आ-आफ्ना घरमा मर्यादापूर्वक पठाउनुभएको कुरा स्पष्ट देखिन्छ । रातभरि घरबाट हराएका गोपीहरूलाई घरका आफ्ना पतिहरूले अन्यथा रूपमा किन लिएनन् ? भन्ने सम्बन्धमा श्रीशुकदेव स्वामीले रासपञ्चाध्यायीको अन्तिम अध्यायको अन्त्यतिर गएर यसरी वर्णन गर्नु भएको छ । जस्तै-

नासूयन् खलु कृष्णाय मोहितास्तस्य मायया ।
मन्यमानाः स्वपार्श्वस्थान् स्वान् स्वान् दारान् व्रजौकसः ॥
- श्रीमद्भागवत १०।३३।३८

यसको श्रीधरस्वामीले यसरी अर्थ गर्नुभएको छ- नन्वन्येऽपि भिन्नाचाराः स्वचेष्टितमेवमेवेति वदन्ति तत्राह- नासूयन्निति । एवं भूतैश्वर्याभावे तथा कुर्वन्तः पापा ज्ञेया इति भावः । यसका अतिरिक्त 'न जातु व्रजदेवीनां पतिभिःसह सङ्गमः' भनेर शास्त्रहरूमा उल्लेख भएको पनि पाइन्छ । वास्तवमा व्रजका ती गोपीहरूको एकक्षणका लागि पनि आफ्ना मायिक पतिहरूका साथ अङ्गसङ्ग भएकै थिएन भन्ने कुराको उक्त भनाइबाट पुष्टि हुन आउँछ । व्रजका एक रसिक विद्वान्ले ज्ञानका सात भूमिका शुभेच्छा, सुविचारणा, तनुमानसा, सत्त्वापत्ति, असंसक्ति, पदार्थभावनी र तुर्यगा जस्तै रासका पनि सात भूमिका भएको कुरा बताउनु भएको छ । यी सात भूमिकाहरूमा धर्म, अर्थ, काम, मोक्ष, प्रेम, रास र ऋतरस छन् । भगवान् श्रीकृष्णको वंशीको आवाज सुनेपछि व्रजका गोपिनीहरू चारौँ भूमिकाबाट प्रेमरूपी पाँचौँ भूमिकामा उठेर प्रेमी भगवान् श्रीकृष्णलाई भेट्न वृन्दावनको वंशीवटमा गएका थिए । त्यसरी पाँचौँ भूमिकामा प्रवेश गर्न सफल भएपछिमात्रै प्रेमी रासको छैठौँ भूमिकामा प्रवेश गर्न सक्तछ । त्यसमा प्रवेश गरेर भगवान्सँग एकाकार भएपछिमात्रै भक्तिको अत्युच्च सातौँ भूमिका ऋतरस अर्थात् निवृत्तकुञ्जमा भक्तले प्रवेश पाउँछ । यस भूमिकामा श्रीराधाजी र उहाँका केही सखीहरूमात्र पुग्न सफल भएका देखिन्छन् । राजा परीक्षित् छैटौँ भूमिका अर्थात् राससम्म पनि पुग्न सक्नुभएको थिएन भन्ने भनाइ विद्वान् रसिकहरूको छ ।

रासक्रीडाको अन्तिम अध्यायको अन्तिम श्लोकमा रासक्रीडाको फलश्रुति देखाउँदै श्रीशुकदेव स्वामी राजा परीक्षित्लाई सुनाउनु हुन्छ । जस्तै-

विक्रीडितं व्रजवधूभिरिदं च विष्णोः
श्रद्धान्वितोऽनुशृणुयादथ वर्णयेद्यः ।
भक्तिं परां भगवति प्रतिलभ्य कामं
हृद्रोगमाश्वपहिनोत्यचिरेण धीरः ॥

– श्रीमद्भागवत १०।३३।४०

यसको अर्थ श्रीधरस्वामीले यसरी गर्नुभएको छ– भगवतः कामविजय-रूपरासक्रीडाश्रवणादेः कामविजयमेव फलमाहविक्रीडितमिति । अचिरेण धीरः सन् हृद्रोगं काममाशु अपहिनोति इति । रासक्रीडाको फलश्रुतिमा यसको श्रवण र कथनबाट काममाथि विजय प्राप्त हुने स्पष्ट देखिन्छ । यस चिन्मय अलौकिक रासक्रीडाको रहस्य नबुझ्ने सामान्य सांसारिक मान्छेले यसको अपव्याख्या गरेर भगवान् श्रीकृष्णलाई समेत लाञ्छित गर्ने दुष्प्रयास गरेको देखिन्छ । अतः पूर्वाग्रहीपना त्यागेर यस दिव्य रासक्रीडाको रहस्य राम्रोसँग बुझेर यसलाई आत्मसात् गर्ने प्रयास गरेमा मनुष्यमात्रको कल्याण हुने निश्चित छ ।

यो पावन रासक्रीडालाई वेद, महाभारत, पुराण आदि ग्रन्थहरूमा कसरी वर्णन गरिएको छ । सो सम्बन्धमा पनि सङ्क्षेपमा उल्लेख गर्ने प्रयास गरेको छु । रासक्रीडाको वर्णन महाभारतमा पनि पाइन्छ । जस्तै–

ता वार्यमाणाः पतिभिर्मातृभिर्भ्रातृभिस्तथा ।
कृष्णं गोपाङ्गना रात्रौ मृगयन्ते रतिप्रियाः ॥

तास्तु पङ्क्तीकृताः सर्वा रमयन्ति मनोरमम् ।
गायन्तः कृष्णचरितं द्वन्दशो गोपकन्यकाः ॥

कृष्णलीलानुकारिण्यः कृष्णप्रणिहितेक्षणाः ।
कृष्णस्य गतिगामिन्यस्तरुण्यस्ता वराङ्गनाः ॥

तासां ग्रथितसीमन्ता रतिं नीत्वाकुलीकृताः ।
चारु विस्रंसिरे केशाः कुचाग्रे गोपयोषिताम् ॥

एवं स कृष्णो गोपीनां चक्रवालैरलङ्कृतः ।
शारदीषु सचन्द्रासु निशासु मुमुदे सुखी ॥

– हरिवंशपुराण, विष्णुपर्व, अध्याय २०।२४, २५, २६, ३४, ३५

यो वर्णन पनि श्रीमद्भागवतमहापुराणमा भएजस्तै सरल र सरस छ । रासक्रीडाका सम्बन्धमा श्रीमद्गर्गसंहितामा पनि वर्णन गरेको पाइन्छ । जस्तै–

माधवी माधवे मासि माधवीभिः समाकुले ।
वृन्दावने समारेभे रासं रासेश्वरः स्वयम् ॥

वैशाखमासि पञ्चम्यां जाते चन्द्रोदये शुभे ।
यमुनोपवने रेमे रासेश्वर्या मनोहरः ॥

–श्रीमद्गर्गसंहिता, वृन्दावनखण्ड, अध्याय १६।२–३

यसरी गर्गसंहिताको वृन्दावनखण्डको १५ औं अध्यायदेखि २२ औं अध्यायसम्म रासक्रीडाको वर्णन पाइन्छ । उक्त रासक्रीडामा विभिन्न थरीका गोपीहरूका समूहले भाग लिएको देखिन्छ । राधाको विशेष स्वरूपको वर्णन गर्नुका साथै राधा र कृष्णका बीचमा भएको सम्भोगशृङ्गारको पनि वर्णन पाइन्छ । उक्त वर्णन श्रीमद्भागवत महापुराणको जस्तो लालित्यपूर्ण र शालीन नभए ता पनि ब्रह्मवैवर्तपुराणमा वर्णन गरिए जस्तो उत्तेजक पनि छैन ।

ब्रह्मवैवर्तपुराणको श्रीकृष्णजन्मखण्डको २८ औं अध्यायदेखि लिएर ५४ औं अध्यायसम्म रासक्रीडाको वर्णन पाइन्छ । देवर्षी

श्रीनारद र श्रीनारायणको संवादको रूपमा वर्णन गरिएको रासक्रीडाका सन्दर्भमा चीरहरणको प्रसङ्गपछि देवर्षि श्रीनारद श्रीनारायणलाई सोध्नुहुन्छ । जस्तै-

त्रिषु मासेष्वतीतेषु तासां च हरिणा सह ।
वद केन प्रकारेण बभूव तनुसङ्गमः ॥

-श्रीब्रह्मवैवर्तपुराण कृष्णजन्मखण्ड, अध्याय २८।१

त्यसपछि श्रीनारायण श्रीनारदलाई बताउनु हुन्छ । जस्तै-

एकदा श्रीहरिर्नक्तं वनं वृन्दावनं ययौ ।
शुभे शुक्लत्रयोदश्यां पूर्णे चन्द्रोदये मुने ॥

- श्रीब्रह्मवैवर्तपुराण, कृष्णजन्मखण्ड

उपर्युक्त अनुसार रासक्रीडाको वर्णन शुरु गरिएको पाइन्छ । श्रीमद्भागवतमहापुराण अनुसार भगवान् श्रीकृष्णले गोपीहरूको चीरहरण गरेको १ वर्षपछि रासक्रीडा गर्नुभएको देखिन्छ । तर श्रीब्रह्मवैवर्तपुराणमा भने भगवान् श्रीकृष्णले गोपीहरूको चीरहरण गरेको ३ महिना बित्ने बित्तिकै रासक्रीडा गर्नुभएको पाइन्छ । यस पुराणमा रासक्रीडामा भाग लिन आएका धेरैथरी गोपीहरूको विस्तारपूर्वक वर्णन गरिएको पाइन्छ । तिनीहरूको जम्मा सङ्ख्या ९ लाख उल्लेख भएको छ । त्यसैगरी गोपविग्रहधारी भगवान् श्रीकृष्णले लिनुभएको विग्रहको सङ्ख्या पनि गोपीहरूको बराबरै ९ लाख नै भएको देखिन्छ । रासक्रीडामा गोपीहरू र गोपरूपधारी श्रीकृष्णको सङ्ख्यासमेत गरेर जम्मा १८ लाख भएको देखिन्छ । यस रासक्रीडामा भगवान् श्रीकृष्ण बाहेक अरू सबै नारीहरूमात्रै भएको देखिन्छ । भक्तिको उच्च तहमा पुगेका पुरुषहरूमा स्त्रैणभाव बढेर पूर्ण कोमलताको भाव शरीर र स्वभावमा पनि व्याप्त भइसकेको हुन्छ । बाहिरबाट हेर्दा पुरुषको नै आकारप्रकार देखिए ता पनि अन्तस्करणको भाव भने स्त्रैण भइसकेको हुन्छ भनेर भक्तिका

आचार्यहरूको भनाइ पाइन्छ । त्यसैकारणले नै भक्तिको साम्राज्य रासमण्डलमा भगवान् श्रीकृष्ण बाहेक अरू सबै स्त्रीहरूमात्रै थिए भनिएको हो । ब्रह्मवैवर्तपुराणमा वृन्दावनको रासक्रीडाको क्षेत्रफल ३३ वन र उपवन भएको पनि वर्णन गरिएको छ । रासक्रीडाको समयमा भगवान् श्रीकृष्ण नित्यनिवृत्तकुञ्ज र सेवाकुञ्जहरूमा राधासँग बस्नुहुन्छ भनेर वर्णन गरिएको छ । त्यस प्रकारका दिव्य कुञ्ज, लताकुञ्ज, कुञ्जकुटीर, निभृत (एकान्त) निकुञ्ज र निकुञ्जहरूसमेत गरेर असङ्ख्य भएको कुरा पनि श्रीब्रह्मवैवर्त पुराणमा उल्लेख भएको पाइन्छ । रासक्रीडाको वर्णन गर्ने सन्दर्भमा श्रीव्यासले अरू पुराणहरूमाभन्दा फरकरूपमा यस पुराणमा वर्णन गर्नुभएको देखिन्छ । ब्रह्मवैवर्तपुराणको कृष्णजन्मखण्डको २८ औँ अध्यायमा श्रीराधाजी र गोपाङ्गनाहरूका साथमा भगवान् श्रीकृष्णबाट भएको क्रीडा वात्स्यायनको कामसूत्रमा वर्णन गरिएको भन्दा पनि विशदरूपमा वर्णन भएको पाइन्छ । श्रीवेदव्यासले सो सम्बन्धमा निम्नअनुसार उल्लेख गर्नुभएको छ । जस्तै-

निरूपितं कामशास्त्रे चकारेशस्ततोऽधिकम् ।
क्रीडारम्भे च मध्ये च विरतौ कर्म योषिताम् ॥
-श्रीब्रह्मवैवर्तपुराण, कृष्णजन्मखण्ड, अध्याय २८।१४१

यहाँ उपर्युक्त कुराको धेरै चर्चा गर्दा प्रसङ्ग लामू हुने भएको हुँदा केवल जिज्ञासु पाठकहरूका लागि सङ्केतसम्म गरिएको हो । रासक्रीडाको वर्णन विष्णुपुराणमा निम्न अनुसार गरेको पाइन्छ । जस्तै-

ताभिः प्रसन्नचित्ताभिर्गोपिभिः सह सादरम् ।
रराम रासगोष्ठीभिरुदारचरितो हरिः ॥

रासमण्डलबन्धोऽपि कृष्णपार्श्वमनुज्झता ।
गोपीजनेन नैवाभूदेकस्थानस्थिरात्मना ॥

हस्तेन गृह्य चैकैकां गोपीनां रासमण्डले ।
चकार तत्करस्पर्शनिमीलितदृशं हरिः ॥

ततः प्रववृते रासश्चलद्वलयनिस्वनः ।
अनुयात शरत्काव्यगेयगीतिरनुक्रमात् ॥

– श्रीविष्णुपुराण पञ्चमोंऽश अध्याय १३।४८-५१

यसरी विष्णुपुराणमा पनि श्रीमद्भागवतमहापुराणमा जस्तै साहित्यिक शैलीमा शालीनतापूर्वक रासलीलाको वर्णन गरेको पाइन्छ । श्रीमद्भागवतमा रासक्रीडालाई 'सर्वाःशरत्काव्यकथा रसाश्रयाः' भनेर उल्लेख गरेजस्तै विष्णुपुराणमा पनि 'अनुयात शरत्काव्य गेयगीतिरनुक्रमात्' भनेर उस्तै शब्दावलि र भावसमेत समावेश गरिएको हुँदा अत्यन्त सरस र सुन्दर बन्न पुगेको छ । यसैगरी श्रीब्रह्मपुराणमा पनि रासक्रीडाको वर्णन गरेको पाइन्छ । जस्तै-

गोपीपरिवृतो रात्रीं शरच्चन्द्रमनोरमम् ।
मानयामास गोविन्दो रासारम्भरसोत्सुकः ॥

ततः प्रववृते रम्या चलद्वलयनिस्वनैः ।
अनुयात शरत्काव्यगेयगीतिरनुक्रमात् ॥

(यो श्लोक विष्णुपुराणमा पनि छ । माथि उल्लेख गरिसकिएको छ ।)

स तदा सह गोपीभी रराम मधुसूदनः ।
स वर्षकोटिप्रतिमः क्षणस्तेन विनाऽभवत् ॥

ता वार्यमाणाः पितृभिः पतिभिर्भ्रातृभिस्तथा ।
कृष्णं गोपाङ्गना रात्रौ रमयन्ति रतिप्रियाः ॥

(यो श्लोक हरिवंशपुराणमा पूर्णरूपमा र श्रीमद्भागवतमहापुराणमा भने आंशिकरूपमा पाइन्छ ।)

सोऽपि कैशोरकवया मानयन्मधुसूदनः ।
रेमे ताभिरमेयात्मा क्षपासु क्षपिताहितः ॥
-श्रीब्रह्मपुराण अध्याय ८१।२१,३२,३९,४०,४१

हस्तेन गृह्य चैकैकां गोपिकां रासमण्डलम् ।
चकार तत्करस्पर्शनिमीलितदृशं हरिः ॥
-श्रीविष्णु पुराण अध्याय ५।१३।५०

उक्त रासक्रीडा हेर्न देवताहरू आफ्ना पत्नीहरूसहित विमानमा चढेर गएको वर्णन पुराणहरूमा पाइन्छ । यसैगरी संस्कृतसाहित्यका विभिन्न काव्यकृतिहरूमा पनि कविहरूले रासक्रीडाको वर्णन अत्यन्त मनोरम ढङ्गले गर्नुभएको पाइन्छ । तीमध्येमा संस्कृतसाहित्यका महाकवि जयदेवद्वारा रचित गीतगोविन्दकाव्यम् अत्यन्त सरस छ । भक्तिसाहित्य र सन्तसाहित्यमा पनि यसको वर्णन प्रशस्तरूपमा पाइन्छ । भारतका आधुनिक भाषाहरूमा पनि रासक्रीडाको प्रसङ्गलाई अत्यन्त प्राथमिकताका साथ स्थान दिइएको छ । अझ खास गरेर वैष्णवसन्तहरूले यसको खूब प्रचारप्रसार गर्नुभएको छ । भारतका मथुरावृन्दावन लगायतका धामहरूमा अझ खास गरेर व्रजभूमिमा रासलीलालाई अभिनयसहित अत्यन्त भक्तिका साथ प्रस्तुत गर्ने गरिन्छ। व्रजभाषामा रासलीलाको वर्णन अत्यन्त सरसरूपमा गरेको पाइन्छ। रासलीला, होली र झूलामहोत्सवसमेत व्रजभूमिमा अत्यन्त उल्लासका साथ मनाउने गरिन्छ । यस परम्परालाई श्रीमद्भागवतमहापुराणका कथाकार, वाचक र प्रचारकहरूले पनि सरसरूपमा जीवन्त राख्नुभएको देखिन्छ । नेपाली भाषामा पनि यसको लेखन र अनुवाद कवि गुमानीकै पालादेखि भएको पाइन्छ ।

भगवान् श्रीकृष्णले दिव्य रासक्रीडामा आफैँ रस र अरू अनन्त रसका रूपमा पनि परिणत भएर गोपीहरूलाई रसास्वादन गराउनु भएको थियो । अनन्त रसहरूको पुञ्जीभूतस्वरूप नै रासलीला हो । जहाँ भगवान् श्रीकृष्णकी आह्लादिनी शक्ति राधा र अन्तरङ्गलीलानिजस्वरूपभूता असङ्ख्य गोपीहरू सम्मिलित थिए । यो रासलीला वास्तविकरूपमा परम रसको एक साकार विग्रह नै हो । यस परम रसको अनुभूति ता भगवान् श्रीकृष्णका प्रेयसी, सिद्धस्वरूपा, परमभक्तिमती गोपाङ्गनाहरूलाई मात्रै हुनसक्तछ । भगवान् श्रीकृष्णकी प्रथमपट्टमहिषी लक्ष्मीस्वरूपा स्वयं श्रीरुक्मिणीजीसमेतलाई पनि यसको अनुभूति हुन सकेको थिएन भने सामान्य जीवलाई अनुभूति हुने त कुरै छोडौं कल्पनासम्म पनि हुन सक्तैन । धेरै जन्मदेखिको तपस्या र सुकर्मको परिणामस्वरूप चीरहरणबाट भगवान्ले ती गोपीहरूको देहाध्यास र अन्तस्करणमा अनन्त जन्मदेखि सञ्चित भएर रहेको वासनालाई पनि हटाइदिएपछिमात्रै तिनीहरूले दिव्य रासलीलामा सम्मिलित हुने सुअवसर पाएका थिए । वास्तवमा रासलीला कुनै मानवीय लीला होइन । भगवान्ले आफ्नी निजी अन्तरङ्गा शक्ति योगमाया (राधा) लाई आदेश दिएर रासलीलाका निमित्त सम्पूर्ण दिव्य सामग्री र अलौकिक गोपीहरूको समेत सिर्जना गर्नुभएको थियो । त्यहाँ कुनै पनि वस्तु लौकिक थिएनन् । सबै वस्तुहरू लोकोत्तर नै थिए । 'स ऐक्षत एकोऽहं बहु स्याम्' भनेर अनन्तकोटि ब्रह्माण्डको रचना गरेर 'तत्सृष्ट्वा तदेवानुप्राविसत्' गर्नुहुने परब्रह्मपरमात्माले मायाद्वारा सम्पूर्ण संसारलाई नचाउनुभएको छ भने उहाँका लागि वृन्दावनमा रासमण्डलको रचना गरेर केही गोपीहरूको सिर्जना गरी नचाउनु कुनै ठूलो कुरा होइन । वास्तवमा "सच्चिदानन्दघन सर्वान्तिर्यामी प्रेमरसरूप, रसावतार भगवान् श्रीकृष्णले आफ्नै ह्लादिनी शक्तिस्वरूपा र आफ्नै प्रतिबिम्बरूपा गोपीहरूसँग

आत्मक्रीडा गर्नुभएको हो । पूर्णसनातनब्रह्म रसस्वरूप रसराज रसिकशेखर रसपरब्रह्म अखिलरसामृत भगवान् श्रीकृष्णको यो चिदानन्द रसमयी दिव्य क्रीडाको नाम नै रास हो" भनेर हनुमानप्रसाद पोद्दारले आफ्नो भाव व्यक्त गर्नुभएको छ । आप्तकाम, आत्माराम र आत्मकाम भगवान् श्रीकृष्णले आफ्नै प्रतिबिम्बस्वरूपा गोपीहरूसँग खेल्नुभएको हो । सो कुरा रासपञ्चाध्यायीभित्र भएका 'आत्मारामोऽप्यरीरमत् *(भा.१०/२९/४२)*' 'रेमे रमेशो व्रजसुन्दरीभिर्यथार्भकः स्वप्रतिबिम्बविभ्रमः *(भा. १०/३३/१७)*' आदि श्लोकहरूबाट थाहा हुन्छ । श्रीमद्‌भागवतमहापुराणको १३ औँ अध्यायमा ब्रह्माजीले भगवान् श्रीकृष्णका बाछा र साथीहरूको समेत हरण गरेपछि भगवान् श्रीकृष्णले एक वर्षसम्म बाछा, साथी र तीसँग सम्बन्धित सम्पूर्ण सामग्री आफैँ हुनु भएर लीला गर्नुभएको थियो । सो कुरा निम्नअनुसार वर्णन गरेको पाइन्छ । जस्तै-

यावद्वत्सपवत्सकाल्पकवपुर्यावत् कराङ्घ्र्यादिकम्
यावद् यष्टिविषाणवेणुदलशिग् यावद् विभूषाम्बरम् ।
यावच्छीलगुणाभिधाकृतिवयो यावद् विहारादिकम्
सर्वं विष्णुमयं गिरोऽङ्गवदजः सर्वस्वरूपो बभौ ॥

स्वयमात्माऽऽत्मगोवत्सान् प्रतिवार्यात्मवत्सपैः ।
क्रीडन्नात्मविहारैश्च सर्वात्मा प्राविशद् व्रजम् ॥

- श्रीमद्‌भागवत १०/१३/१९-२०

त्यसरी सम्पूर्ण आफैँ हुनसक्ने सर्वसमर्थ भगवान् श्रीकृष्णले उक्त रासक्रीडाका लागि केही गोपीहरूको सिर्जना गरेर खेल्नसक्नु कुनै ठूलो कुरो होइन । यो सम्पूर्ण चराचर सृष्टि नै भगवान्को केवल आत्मक्रीडामात्र हो । यही कुरा ब्रह्मसूत्रमा "लोकवत्तु लीलाकैवल्यम् , *(२/१/११/३३)* भनेर श्रीवेदव्यासले उल्लेख गर्नुभएको छ ।

तु भनेको परब्रह्मले यो संसारको रचना गर्नु, लोकवत् भनेको संसारमा मुक्त अर्थात् आप्तकाम पुरुषहरूले जस्तै, लीला कैवल्यम् केवल लीलामात्र गर्नु हो । यसको भाष्यमा आद्यजगद्गुरु श्रीशङ्कराचार्यले यस्तो लेख्नुभएको छ । जस्तै- तु शब्देन आक्षेपं परिहरति । यथा लोके कस्यचिदाप्तैषणस्य राज्ञो राजामात्यस्य वा व्यतिरिक्तं किञ्चित्प्रयोजनमभिसंधाय केवलं लीलारूपाः प्रवृत्तयः क्रीडाविहारेषु भवन्ति । एवमीश्वरस्यप्यनपेक्ष्य किञ्चित्प्र-योजनान्तरं स्वभावदेव केवलं लीलारूपा प्रवृत्तिर्भविष्यति । परमेश्वरस्य लीलैव केवलेयम्, अपरिमित शक्तित्वात् ।

'यदहरेव विरजेत् तदहरेव प्रव्रजेत् एतमेव प्रव्राजिनो लोकमिच्छन्तः प्रव्रजन्ति' भन्ने श्रुतिवाक्य अनुसार आफ्ना घरबार सारा तुरुन्तातुरुन्तै परित्याग गरेर महाभावमा पुगिसकेका जीवात्मारूपी सिद्धा गोपीहरू ब्रह्मरूपी परमात्मासँग एकाकार हुनका लागि रातारात वृन्दावन पुगेका थिए । यही नै रासलीलाको तात्त्विक अर्थ हो । यस्ता नित्यसिद्धा गोपीहरू परब्रह्म श्रीकृष्णमा एकाकार हुन गएका थिए भने उनीहरूले भगवान् श्रीकृष्णलाई जारभावका रूपमा अथवा औपपत्यका रूपमा लिएका थिए भन्नु हामीहरूले आफ्नू अज्ञानताको प्रदर्शन गर्नुमात्रै हो । 'रासलीलाका सन्दर्भमा प्रयोग भएका काम, रति आदि शब्दहरूमध्ये काम शब्दको अर्थ भगवान् श्रीकृष्णप्रति गोपीहरूले व्यक्त गरेको प्रेम शब्दको पर्यायवाची शब्द हो भने रति भनेको भगवान् श्रीकृष्णको आत्मरमण अथवा उहाँको दिव्य क्रीडा जनाउने शब्द हो' भनेर पनि ज्ञानी भक्तहरूले अर्थ लगाएको पाइन्छ । रासलीलामा सम्मिलित भएका गोपीहरू धेरै तहका र धेरै थरीका थिए भन्ने कुरा माथि उल्लेख गरिसकिएकै छ । एकथरी सखीभाव भएका र गोलोकबाट आएका श्रीकृष्णको माहात्म्यसमेत बुझेका गोपीहरू थिए भने

...तका ...
...जीले श्रीमद्...
... गर्नुभएको ...

...ने किमपि ...
...कुन्दपदवी ...

अपरिमित ...
भगवान्लाई ...
...गेका ती गोपीहरू ...
...न्यपरा र अरू केही
श्रुतिरूपा गोपीहरू थिए।
...म कसैले पनि बुझ्न नसक्ने
...गोपीहरू मौका पर्ने बित्तिकै
...कांथरी मुग्धा गोपीहरू भने
... भेट्न जाँदैनथे। तिनीहरूलाई
... जानुहुन्थ्यो। भगवान् श्रीकृष्णले
...गर्दै भन्नुभएको छ। जस्तै–

...र्थे त्यक्त दैहिकाः।
...यितं प्रेष्ठमात्मानं मनसा गताः॥

–श्रीमद्भागवत १०।४६।४

...नै मन अर्पण गरेका थिए, ममा
...मेरै लागि नै आफ्नू शरीरलाई
... नै आफ्नू सबैभन्दा प्रिय ठानेर
... भएका थिए।' ती गोपीहरू गोलोकबाट

...का समर्थारतियुक्ता गोपीहरू थिए । सबभन्दा ठूलो भाव माधुर्य ... ती गोपीहरू माधुर्यभावका प्रतिमूर्ति थिए । यस सम्बन्धमा ...जीले आफ्नू भक्तिसूत्रमा 'यथा व्रजगोपिकानाम्' भनेर ...हरण दिनुभएको छ । श्रीमद्भागवतमहापुराणको ...श्रीकृष्णको निरोधलीलाको वर्णन गरिएको छ । ...को केन्द्रबिन्दु भएको हुँदा भगवान् ...रोधलीलाको चरमस्थिति हो भनिन्छ । ...गोपीहरू नै चरम अवस्थामा पुगेका

...को रचनाचातुर्य,
...कथानक,
... यो अनुपम
... भएर
...)का
...नेर

हेर...
प्रधान...
अत्यन्त ...
छन्दविधान, ...
मनोहारी दे...
अनुपम देखि...
सङ्क्षिप्त वि...

श्रीमद...
शिष्ट र सा...

अर्काथरी समर्थारतियुक्त गोपीहरू पनि थिए । ती दुवैथरी गोपीहरू निष्कामभाव राखेर श्रीकृष्णप्रति नै सम्पूर्णरूपमा समर्पित भएर प्रेम गर्दथे । यिनै उच्च महाभावमा पुगेका गोपीहरूका पाउको धूलो पाउन श्रुति र ब्रह्माजी लगायतका देवताहरू पनि सधैं लालायित रहन्छन् । यसै कुरालाई उद्धवजीले श्रीमद्भागवतमहापुराणको ४७ औं अध्यायको ६१ औं श्लोकमा व्यक्त गर्नुभएको छ । जस्तै-

आसामहो चरणरेणुजुषामहं स्यां वृन्दावने किमपि गुल्मलतौषधीनाम् ।
या दुस्त्यजं स्वजनमार्यपथं च हित्वा भेजुर्मुकुन्दपदवीं श्रुतिभिर्विमृग्याम् ॥

गोपीहरूको श्रीकृष्णप्रतिको प्रेम अपरिमित प्रेमानन्दको अभिव्यक्ति थियो । आफूले आनन्द नचाहेर भगवान्लाई नै सधैं आनन्द भइरहोस् भन्ने भाव उच्च महाभावमा पुगेका ती गोपीहरूमा मात्र विद्यमान हुनसक्तछ । केही गोपीहरू अन्यपरा र अरू केही अनन्यपरा पनि थिए । यी दुवैथरी गोपीहरू श्रुतिरूपा गोपीहरू थिए । वास्तवमा गोपीहरूले श्रीकृष्णसँग गरेको प्रेम कसैले पनि बुझ्न नसक्ने अनिर्वचनीय प्रेम थियो । एकथरी गोपीहरू मौका पर्ने बित्तिकै श्रीकृष्णलाई भेट्न चाहन्थे भने अर्काथरी मुग्धा गोपीहरू भने श्रीकृष्णसँग अत्यन्त प्रेम गर्दथे तर भेट्न जाँदैनथे । तिनीहरूलाई भेट्न भगवान् श्रीकृष्ण स्वयं नै जानुहुन्थ्यो । भगवान् श्रीकृष्णले आफ्ना प्रेयसी गोपीहरूको प्रशंसा गर्दै भन्नुभएको छ । जस्तै-

ता मन्मनस्का मत्प्राणा मदर्थे त्यक्त दैहिकाः ।
मामेव दयितं प्रेष्ठमात्मानं मनसा गताः ॥
-श्रीमद्भागवत १०।४६।४

अर्थात्, 'ती गोपीहरूले ममा नै मन अर्पण गरेका थिए, ममा नै प्राणसमेत अर्पण गरेका थिए र मेरै लागि नै आफ्नू शरीरलाई समेत विर्सिएका थिए । मलाई नै आफ्नू सबैभन्दा प्रिय ठानेर तिनीहरू ममा नै एकाकार भएका थिए ।' ती गोपीहरू गोलोकबाट

आएका समर्थारतियुक्ता गोपीहरू थिए । सबभन्दा ठूलो भाव माधुर्य भाव हो । ती गोपीहरू माधुर्यभावका प्रतिमूर्ति थिए । यस सम्बन्धमा देवर्षि श्रीनारदजीले आफ्नू भक्तिसूत्रमा 'यथा व्रजगोपिकानाम्' भनेर ती गोपीहरूको उदाहरण दिनुभएको छ । श्रीमद्भागवतमहापुराणको दशमस्कन्धमा भगवान् श्रीकृष्णको निरोधलीलाको वर्णन गरिएको छ । रासपञ्चाध्यायी दशमस्कन्धको केन्द्रबिन्दु भएको हुँदा भगवान् श्रीकृष्णको रासक्रीडा नै निरोधलीलाको चरमस्थिति हो भनिन्छ । यसलाई प्राप्त गर्ने भक्तिमती गोपीहरू नै चरम अवस्थामा पुगेका मुक्तात्माहरू थिए ।

श्रीमद्भागवतमहापुराणमा श्रीव्यासजीको रचनाचातुर्य, शब्दविन्यास अलङ्कारयोजना, रससञ्चार, विषयसंयोजन, कथानक, शिल्पविधान आदि सम्पूर्ण कुराहरू वर्णनातीत छन् । यो अनुपम ग्रन्थभित्र काव्यका समस्त गुणहरू ठसाठस भरिभराउ भएर रहेकाछन् । मधुराधिपति भगवान् श्रीकृष्ण यस ग्रन्थ (काव्य)का नायक हुनुभएको हुँदा उहाँलाई 'मधुराधिपतेरखिलं मधुरम्' भनेर भनिएको छ । समस्त श्रीमद्भागवतमहापुराण नै रससागर हो । यसै कारण नै 'माधुर्यभावो हि रसः समग्रः' भनेर भनिन्छ । रसज्ञहरूका दृष्टिले श्रीमद्भागवतमा शृङ्गाररस भए ता पनि विरहकाव्यको रूपमा हेरिएको छ । केही विद्वान्हरूले यस पुराणमा वात्सल्यरस नै प्रधानरस भएको बताउनु भएको छ । यस पुराणको कलापक्ष अत्यन्त परिपुष्ट छ र भावपक्ष पनि उत्कर्षमय छ । शब्दसंयोजन, छन्दविधान, प्रतीक तथा बिम्बसंयोजनसमेत सबै पक्षहरू अद्भुतरूपमा मनोहारी देखिएका छन् । वर्णविन्यासका दृष्टिकोणले यो महापुराण अनुपम देखिन्छ । अब श्रीमद्भागवतमा विद्यमान काव्यात्मकताको सङ्क्षिप्त विवेचना गरिन्छ ।

श्रीमद्भागवतमहापुराणमा वर्णित रासक्रीडालाई अत्यन्त शिष्ट र साहित्यिक भाषामा श्रीवेदव्यासले प्रस्तुत गर्नुभएको छ ।

सुमधुर, सरस तथा प्राञ्जल भाषामा लेखिएको जस्तोसुकै कठिन विषय भए पनि सामान्य व्यक्तिले पनि सुगमताका साथ बुझ्न सक्ने हुन्छ । त्यसरी बुझेको विषय सुपाच्य र स्वीकार्य हुनसक्नेहुँदा यस रासलीलाभित्र परेका भक्ति र ज्ञानका प्रसङ्गहरूलाई श्रीवेदव्यासले सुन्दर काव्यात्मक शैलीको माध्यमबाट प्रस्तुत गरेर सबैका लागि ग्रहणीय बनाउनु भएको छ । यही नै यसको विशेषता हो । काव्य र काव्यात्मक शैलीका सम्बन्धमा जिज्ञासु पाठकहरूमा जिज्ञासा उत्पन्न हुनसक्ने भएकाले केही चर्चा गरिन्छ । काव्य भनेको के हो ? र यसको स्वरूप कस्तो हुन्छ भन्ने कुराको सामान्य विवेचना गर्नु प्रासङ्गिक ठान्दछु । काव्यको आत्मा र काव्यको स्वरूपको बारेमा लक्षणशास्त्रहरूमा विभिन्न विद्वान्हरूले विभिन्न विचारहरू व्यक्त गर्नुभएको छ । ती सबै विचारहरूलाई केलाउनेतर्फ नलागेर यस प्रसङ्गमा साहित्यदर्पणमा विश्वनाथ कविराजले व्यक्त गर्नुभएको काव्यको स्वरूप र त्यससँग सम्बन्धित प्रासङ्गिक कुराहरूमा मात्रै सीमित हुनु सान्दर्भिक हुने देख्तछु । साहित्यदर्पणमा 'वाक्यं रसात्मकं काव्यम्' अर्थात्, रसात्मक वाक्यलाई नै काव्य भनिन्छ भनेर उल्लेख गरिएको छ । यहाँ रसात्मक पदको अर्थ रस नै जहाँ सबैभन्दा प्रधान हुन्छ र जुनविना काव्यको रचना हुन सक्तैन त्यसै वाक्यलाई लिनुपर्छ । यहाँ रस भन्नाले 'रस्यते इति रसः' भनेर लिइएको छ । अझै रसका बारेमा केही विशदरूपमा लिनु पर्दा रस भन्नाले सहृदय पुरूषहरूका अन्तस्करणमा रहेका वासनारूप रति आदि स्थायी भाव नै विभाव, अनुभाव र सञ्चारी भावहरूका माध्यमद्वारा अभिव्यक्त भएर रसका स्वरूपमा परिणत हुनु हो । काव्य सुन्दा वा नाटक हेर्दा आलम्बन र उद्दीपन विभावहरू मुख्यरूपमा रहन्छन् । भ्रूविक्षेप र कटाक्ष आदि अनुभाव हो र निर्वेद, ग्लानि आदिलाई सञ्चारी भाव भनिन्छ । यिनीहरूको माध्यमद्वारा अभिव्यक्त भएर सहृदय श्रोता वा पाठकका अन्तस्करणमा रहेका वासना, रति आदि स्थायी भावहरू

जस्तै, शृङ्गार, हास्य र करुण आदि रसका रूपमा परिणत हुन्छन् । रति आदि स्थायी भावका उद्‌बोधकलाई नै विभाव भनिन्छ । विभावका आलम्बन र उद्दीपन गरेर दुई भेदपाइन्छन् । आलम्बन विभाव भन्नाले काव्यको मूल पात्र अर्थात्, नायकलाई लिइन्छ । उद्दीपन विभाव भन्नाले रति आदि स्थायी भावलाई उद्दीप्त गराउने वस्तुहरूलाई लिइन्छ। शृङ्गाररसमा रतिलाई उद्दीप्त गराउने एकान्तस्थल, वन, उपवन, जूनेली रात, फूल, भमरा आदिलाई लिइन्छ ।

रस स्थायी भावका आधारमा नौ प्रकारका हुन्छन् । ती रसहरू शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्‌भुत र शान्त हुन् । साहित्यदर्पणमा वात्सल्यलाई पनि १० औँ रसका रूपमा लिएको देखिन्छ । काव्यमा भने धेरैजसो यिनै ९ रसहरूकै बारेमा वर्णन गरेको पाइन्छ । आजको यो प्रसङ्ग शृङ्गाररसको नै भएको हुँदा यसतर्फ नै सीमित हुन चाहन्छु । शृङ्गाररसमा रति अन्त्यसम्म अविच्छिन्नरूपले रहने भएको हुँदा नै रतिलाई स्थायी भाव भनिएको हो । यसमा हास्यरस बीचबीचमा देखा पर्ने र हराउने भएकाले यसलाई सञ्चारी भाव भनिन्छ । शृङ्गाररसका विप्रलम्भ र सम्भोग गरेर दुई भेद छन् । जहाँ अनुराग र प्रेम उत्कटरूपमा हुन्छ तर प्रियसमागम भने हुनसक्तैन, त्यसलाई विप्रलम्भ अथवा विप्रयोगशृङ्गार भनिन्छ । यो विप्रलम्भशृङ्गार पूर्वराग, मान, प्रवास र करुणासमेत गरेर ४ प्रकारको हुन्छ । धेरै समयको बिछोडपछि प्रेमी र प्रेमिकाको भेटघाट, दर्शन, स्पर्शन आदि हुनुलाई सम्भोगशृङ्गार भनिन्छ । यसमा सङ्केत, अभिसार, ऋतुको वर्णन, चन्द्रमाको वर्णन, नायक र नायिकाको बातचित, हाँसखेल, जलविहार, वनविहार, रात्रीक्रीडा, चन्दनादिलेपन, भूषणधारण आदि पर्दछन् । विप्रलम्भशृङ्गारविना सम्भोगशृङ्गार परिपुष्ट नहुनेहुँदा बीचमा प्रेमी र प्रेमिकाको वियोग पनि देखाइन्छ । " न विना विप्रलम्भेन सम्भोगः पुष्टिमश्नुते ।" भनेर काव्यशास्त्रमा उल्लेख भएको पाइन्छ । कोरा

कपडामा राम्रो रङ नचढ्नेहुँदा कलाकारले रङ भर्नु अघि क्यान्भास वा कपडामा अर्कै रङ लगाएर पक्का पारेपछिमात्रै चित्रकारले चित्र लेख्तछ वा कलाकारले रङ भर्दछ । त्यसो गर्दा रङ वा चित्रले स्थायित्व पाउँछ। काव्यको भाषामा त्यसलाई कषायित गर्ने भनिन्छ। त्यसै गरी सम्भोगशृङ्गारमा पुग्नुभन्दा पहिले विप्रलम्भशृङ्गारबाट नायकनायिकालाई कषायित गरेपछिमात्रै सम्भोगशृङ्गार स्थायी र परिपुष्ट हुन्छ । मान, ईर्ष्या र प्रवासादिजन्य वियोगको पछिबाटमात्रै सम्भोगशृङ्गारमा विशेष चमक आउँछ । यसलाई पूर्वराग पनि भनिन्छ । यसको उदाहरणकारूपमा प्रकृत रासक्रीडालाई नै लिन सकिन्छ । यही कुरा भगवान् श्रीकृष्ण अन्तर्धान भएर फेरि प्रकट भएपछि उहाँले गोपीहरूलाई भन्नुभएको कुराबाट थाहा हुन्छ । जस्तै-

एवं मदर्थोज्झितलोकवेद स्वानां हि वो मय्यनुवृत्तयेऽबलाः ।
मया परोक्षं भजता तिरोहितं मासूयितुं मार्हथ तत् प्रियं प्रियाः ॥

- श्रीमद्भागवत १०।३२।२१

यसरी काव्यमा वर्णित शृङ्गाररसको सङ्क्षिप्तरूपमा सङ्केत गरिसकेपछि यी लक्षणअनुसार श्रीमद्भागवतमहापुराणको दशमस्कन्धको २९ औँ अध्यायदेखि ३३ औँ अध्यायसम्म वर्णन गरिएको रासक्रीडालाई अब तुलना गरेर हेर्न सजिलो हुनजान्छ । यसरी हेर्दा रासक्रीडाको आद्योपान्त सम्पूर्ण वर्णन काव्यशास्त्रको सिद्धान्त अनुसार भएको पाइन्छ । अत्यन्त सरस, प्राञ्जल, सुन्दर तथा शालीन उच्च साहित्यिक भाषामा वर्णन गरिएको यो रासक्रीडा अत्यन्त मनोहारी हुन गएको छ । भगवान् श्रीकृष्णको वंशीध्वनि अथवा चिन्मय ब्रह्मनादको सङ्केत पाएर रातको बीचमा कसैलाई थाहै नदिई सुटुक्क एक्लाएक्लै आफ्ना प्रेमी भगवान् श्रीकृष्णलाई भेट्न वृन्दावनमा गोपीहरूले जानुलाई काव्यको भाषामा अभिसार भनिन्छ । गोपीहरूको त्यो अभिसार काव्यको सिद्धान्त अनुसार मुग्धा नायिकाको अभिसारभित्र पर्ने मर्यादित अभिसार हो । त्यसरी

मर्यादितरूपमा गोपीहरू आफ्ना प्रेमी भगवान् श्रीकृष्णलाई भेट्न जाँदा शरद्ऋतुको शुक्लपक्षको पूर्णिमाको रात थियो । चन्द्रमाको ज्योत्स्नाले सारा वृन्दावन जाज्वल्यमान हुनु, फूलहरू फुलेर ढकमक्क हुनु, फूलको वासना चलिरहेको हुनु र फूलमा भमराहरू गुञ्जायमान गरेर घुमिरहेका हुनुसमेत यी सबै उद्दीपन विभावमा पर्दछन् । वृन्दावनमा पुगेपछि आफ्ना प्रेयसी गोपीहरूलाई प्रेमी भगवान् श्रीकृष्णले स्वागत गर्नु, भगवान् श्रीकृष्ण र गोपीहरूका बीचमा बातचित हुनु, नारीधर्मका बारेमा शास्त्रार्थ हुनु, प्रेमी र प्रेमिकाका बीचमा दिव्य रासक्रीडाको प्रसङ्ग शुरु हुनु, गोपीहरूमा सौभगमद चढ्नु, मान खोज्नु, घमण्ड चढ्नु आदि कुराहरू काव्यशास्त्र अनुसार विप्रलम्भशृङ्गारका लागि आवश्यक देखिन्छन् । विप्रलम्भशृङ्गारको अभावमा सम्भोगशृङ्गार परिपुष्ट नहुनेहुँदा विप्रलम्भशृङ्गारको वर्णनपछि सम्भोगशृङ्गारको वर्णन गर्न श्रीवेदव्यासले त्यसरी रासलीलाको उपक्रमको शुरुमा नै गोपीहरूमा चढेको सौभगमदको निहुँ पारेर प्रशमाय र प्रसादायका लागि भगवान् श्रीकृष्ण अन्तर्धान हुनुभएको प्रसङ्ग देखाउनु भएको छ । त्यस प्रकारको विप्रलम्भशृङ्गारको वर्णन रासक्रीडाको शुरुमा नदेखाइएको भए उनीहरूको अन्तस्करणरूपी पट कषायित हुने थिएन र कषायित नभएको भए रासक्रीडामा वर्णित सम्भोगशृङ्गार त्यति उत्कर्षमा पुग्ने पनि थिएन । विप्रलम्भशृङ्गारबाट खारिएको गोपीहरूको स्वच्छ तथा निर्मल अन्तस्करणमा भगवान् श्रीकृष्णको प्रेमाभक्तिको छाप अत्यन्त उच्चश्रेणीको भएर लागेको देखिन्छ । विप्रलम्भशृङ्गाररसको वर्णन रासपञ्चाध्यायीभित्र अत्यन्त उच्च-स्तरको परिष्कृत साहित्यिक भाषामा श्रीवेदव्यासले गर्नुभएको पाइन्छ । आफ्नै बीचबाट अन्तर्धान भएर हराएका आफ्ना प्रेमी भगवान् श्रीकृष्णको खोजी गर्न ती गोपीहरू वृन्दावनभित्र पसेका थिए । वृन्दावनभित्र भगवान् श्रीकृष्णलाई खोज्ने क्रममा वनका वृक्ष,

लहरा, र झारपातहरूसँग पनि उनीहरूले प्रश्न गरेका थिए। उनीहरूले श्रीकृष्णका लीलाहरूको अभिनय गर्नुका साथै विरहगीत पनि गाएका थिए। गोपीहरूका ती सबै चेष्टाहरू विप्रलम्भशृङ्गारलाई परिपुष्ट गर्ने क्रियाकलापहरू हुन्। त्यसपछि भगवान् श्रीकृष्ण प्रकट हुनु, गोपीहरूले स्वागत गर्नु, ठुस्किनु, नानाथरीका कूट प्रश्नहरू गर्नु पनि विप्रलम्भशृङ्गारपछि सम्भोगशृङ्गारलाई सुदृढ बनाउन दर्शाइएका कुराहरू हुन्। बीचमा हराएर फेरि भगवान् श्रीकृष्ण भेटिनुभएपछि गोपीहरूमा बढेको भगवान् श्रीकृष्णप्रतिको अत्युत्कट प्रेम र भक्तिको अलौकिकभाव, स्थिति र परिणति नै दिव्य रासक्रीडा हो। परस्पर अङ्कमाल गर्नु, श्रीकृष्णले चबाएको जुठो पान खानु, नखक्षत गर्नु, नानाथरीका क्रीडा गर्नु, नृत्य गर्नु, गीत गाउनु, वनविहार गर्नु, जलविहार गर्नु आदि धेरै थरीका क्रीडाहरू गरेको देखाउनु काव्यशास्त्रमा बताइए अनुसार विप्रलम्भशृङ्गारपछि देखाइने यी सबै सम्भोगशृङ्गाररसका अङ्गहरू हुन्। शृङ्गाररसका सहयोगी रसका रूपमा शान्त, करुण र हास्य रसलाई समेत यहाँ लिएको देखिन्छ।

उपर्युक्त अनुसार रासपञ्चाध्यायीभित्र प्रयुक्त शृङ्गाररसको सङ्क्षिप्त चर्चा गरियो। रासपञ्चाध्यायीमा शृङ्गाररसको वर्णन गोपीहरूमा भएको भगवान् श्रीकृष्णप्रतिको भक्तिलाई परिपुष्ट पार्न नै गरिएको देखिन्छ। अन्यथा गोपीहरूको भक्ति कुन स्तरको थियो सो कसैलाई पनि थाहा हुने थिएन। त्यसै कारण नै अहैतुकी तथा निष्काम भक्तिको जगत्मा गोपीहरूको स्थान सर्वोत्कृष्ट भएको देखिन्छ। श्रीशङ्कर, श्रीब्रह्मा, श्रीइन्द्रादि देवताहरूदेखि लिएर देवर्षि श्रीनारदले पनि गोपीहरूको पराभक्तिको प्रशंसा गर्नुभएको छ। देवर्षि श्रीनारदले आफ्नू भक्तिसूत्रमा 'यथा व्रजगोपिकानाम्' भनेर भक्तिको उच्च कक्षामा पुगेका गोपीहरूको उदाहरण नै दिनुभएको छ। ज्ञानी उद्धवले पनि श्रीमद्भागवतमहापुराणमा त्यसैगरी मुक्तकण्ठले भक्तिमती गोपीहरूको प्रशंसा गर्नुभएको छ।

रासपञ्चाध्यायीभित्र भक्तिको उच्च तहको स्थान छ भने ज्ञानको पनि त्यसै प्रकारको उच्चस्थान छ । भक्तिको परिपाकबाट अन्तस्करण शुद्ध भएपछिमात्रै ज्ञानको उद्रेक हुनेहुँदा ज्ञानको अत्युच्च स्थान हुनु स्वाभाविकै हो । 'भक्तिर्ज्ञानाय कल्पते' भन्ने उक्ति र 'ऋते ज्ञानान्नमुक्तिः' भन्ने उपनिषद्वाक्य अनुसार पनि भक्तिको पराकाष्ठापछिमात्रै ज्ञानको अधिकारी हुन सकिने कुरा रासपञ्चाध्यायीमा वर्णित गोपीहरूको स्थितिबाट थाहा हुन्छ । रस नै रास हो । 'रस भनेको उही परब्रह्म हो । जसलाई पाएर साधक आनन्दी हुन्छ' भनेर उपनिषद्मा वर्णन गरेको पाइन्छ । एतावता रस नै रास हो, रस ब्रह्म हो र ब्रह्म प्राप्ति गरेपछिमात्र साधक मुक्त हुन्छ भन्ने कुरा बुझ्नुपर्दछ । सारांशमा भन्ने हो भने रासक्रीडामा प्रयुक्त शृङ्गाररसबाट अन्तस्करण शुद्ध भएर महाभावमा पुगेका भक्तिमती सिद्धा गोपीहरू अन्त्यमा ज्ञानद्वारा ब्रह्मसाक्षात्कार गर्न सफल भएका देखिन्छन् । यसरी जीव र ब्रह्मको एकता गराउनु नै यस रासक्रीडाको उद्देश्य भएको देखिन्छ ।

श्रीमद्भागवतमहापुराणमा वर्णित रासपञ्चाध्यायी साहित्य-विधाको सर्वोत्कृष्ट शृङ्गाररस, भक्तिविधाको पराभक्ति र अद्वैत वेदान्तविधाको ब्रह्मज्ञानको चरमावस्थाको पवित्र त्रिवेणी हो भन्नु उपयुक्त हुने देखिन्छ ।

काव्यका अभिन्न अङ्ग मानिने छन्द र अलङ्कारका दृष्टिले पनि रासपञ्चाध्यायी अति उत्कृष्ट देखिन्छ । यसमा अनुष्टुप्, वसन्ततिलका, उपजाति, इन्दिरा वा कनकमञ्जरी, मन्दाक्रान्ता जस्ता अत्यन्त प्रचलित र सुन्दर छन्दहरूको प्रयोग गरेको देखिन्छ । अलङ्कारहरूमा अर्थालङ्कारका रूपमा उपमा, रूपक, अतिशयोक्ति, उत्प्रेक्षा, व्याजस्तुति, व्याजोक्ति, गूढोक्तिसमेत देखापर्दछन् भने शब्दालङ्कारहरूमा- वक्रोक्ति, अनुप्रास, यमक, श्लेष र अन्तरालाप

आदि अलङ्कारहरू परेका छन् । गुणमा प्रसाद गुण यस रासपञ्चाध्यायीका श्लोकहरूमा पाइन्छ ।

अन्त्यमा भगवान् श्रीकृष्णले गोपीहरूका बारेमा स्वयं भन्नुभएको छ । जस्तै-

तास्ताः क्षपाः प्रेष्ठतमेन नीता मयैव वृन्दावनगोचरेण ।
क्षणार्धवत्ताः पुनरङ्ग तासां हीना मया कल्पसमा बभूवुः ॥

ता नाविदन् मय्यनुसङ्गबद्धधियः स्वमात्मानमतस्तथेदम् ।
यथा समाधौ मुनयोऽब्धितोये नद्यः प्रविष्टा इव नामरूपे ॥

मत्कामा रमणं जारमस्वरूपविदोऽबलाः ।
ब्रह्म मां परमं प्रापुः सङ्गात्सतसहस्रशः ॥

– श्रीमद्भागवत ११।१२।११-१३

उपर्युक्त अनुसार रासक्रीडाका बारेमा चर्चा गर्दा यसको अलौकिकता प्रष्ट थाहा हुन्छ । किनभने त्यो दिव्य रासक्रीडा त ब्रह्मसँग जीवको मिलनको चिन्मय क्रीडा थियो भन्ने बुझिन्छ । यसको व्याख्या गर्दा दूषित भावना राखेर व्याख्या गर्नुहुँदैन । त्यसो गरेमा ठूलो पाप लाग्ने कुरा शास्त्रहरूमा वताइएको छ । भक्तिशास्त्रको भाषामा यसैलाई नामापराध भनिन्छ । यो नामापराध कहिल्यै पनि नपखालिने महाअपराध हो । यसले जीवलाई जन्मजन्मान्तरसम्म अधोगतिमा लगी नै रहन्छ भन्ने कुरा पनि भक्तिशास्त्रमा उल्लेख भएको पाइन्छ । अन्त्यमा-

रास हो ब्रह्मका साथ जीवको दिव्य सङ्गम ।
रास हो रससद्ब्रह्म अरू सम्पूर्ण हुन् भ्रम ॥

श्रीकृष्णार्पणमस्तु

निवेदक-
शरत्कुमार भट्टराई

मितिः २०६४ साल श्रीकृष्णजन्माष्टमी

रासपञ्चाध्यायी

पहिलो अध्याय

श्रीशुकदेव भन्नुहुन्छ –

भगवानपि ता रात्रीः शरदोत्फुल्लमल्लिकाः ।
वीक्ष्य रन्तुं मनश्चक्रे योगमायामुपाश्रितः ॥

भगवान् पनि त्यो रात मल्लिका फूल शारदी-
फुलेको मस्त देखेर ध्यान नै त्यसतर्फ दी ॥
रासका निम्तिमा शक्ति योगमाया लिईकन ।
गर्नु भो रचना आफैं अमना भै स्वयं मन ॥

हे राजन् ! शरद्‌ऋतुको समय थियो । चमेलीको फूल ढकमक्क फुलिरहेको थियो । भगवान् श्रीकृष्णले चीरहरणका समयमा गोपिनीहरूलाई जुन रातहरू (सङ्कल्पो विदितः ... र यातावला व्रजं सिद्धा मयेमा रंस्यथ क्षपाः ...।१०।२२।२५ र २७) को सङ्केत गर्नु भएको थियो । साँच्चै नै ती सबै रातहरूलाई एकीकृत गरेर एउटै त्यो अनुपम रातको रूपमा भगवान्‌ले प्रकट गराउनुभएको थियो । त्यो देखेपछि भगवान् श्रीकृष्णले पनि आफ्नी अचिन्तनीया तथा अवर्णनीया आत्मशक्ति योगमायाको सहयोग लिएर अलौकिक रासक्रीडा गर्ने सङ्कल्प गर्नुभयो । भगवान्‌का सम्बन्धमा “अपाणिपादो जवनो ग्रहीता पश्यत्यचक्षुः स शृणोत्यकर्णः” भनेर श्वेताश्वतरोपनिषद् (३।३।१९) मा भनिएको छ । यसका साथै

"अप्राणो ह्यमनाः शुभ्रः" भनेर मुण्डकोपनिषद् (२।१।२) मा र "अचक्षुष्कमश्रोत्रमवागमनः" भनेर बृहदारण्यकोपनिषद् (३।८।८)"मा भगवान्को मन नै हुँदैन भनेर पनि भनिएको छ । मन नै नभएका भगवान् पनि त्यस बेला आफ्ना प्रेमीहरूको इच्छा पूरा गर्न मनयुक्त हुनुभएको थियो। विष्णुपुराणको पाचौँ अंशको १३ औँ अध्यायको ३५ औँ श्लोकमा पनि "वनराजिं तथा कूजद्भृङ्गमालामनोहराम् । विलोक्य सह गोपीभिर्मनश्चक्रे रतिं प्रति ।" भनेर उल्लेख भएको छ।

(१)

तदोडुराजः ककुभः करैर्मुखं प्राच्या विलिम्पन्नरुणेन शन्तमैः ।
स चर्षणीनामुदगच्छुचो मृजन् प्रियः प्रियाया इव दीर्घदर्शनः ॥

अपूर्वको पूर्व दिशा भयो तब , झुलुक्क झुल्के नव चन्द्रमा जब ।
प्राची दिशाका मुखमा लगी कर , दले नयाँ केशर रङ्ग सुन्दर ।
जस्तै प्रवासी पति फर्किई घर, आफ्नी प्रिया निम्ति भई मनोहर ।
आनन्दको वर्षण गर्छ जे गरी , त्यस्तै भयो वर्षण शान्त निर्झरी ।
श्रीचन्द्रले केवल हैन पूर्वको , सन्ताप नाशे तर झन् अपूर्वको ।
प्राणीहरूको पनि ताप नै सब , नाशे शशीले हुन गो महोत्सव ॥

भगवान् श्रीकृष्णले सङ्कल्प गर्ने वित्तिकै चन्द्रमाले पूर्वदिशाका मुखमण्डलमा आफ्ना शीतल किरणरूपी हातहरूद्वारा लालिमारूपी केशर दलिदिए । जसरी धेरै दिन प्रवासमा बसेर घर फर्किएको प्रियतम पतिले आफ्नी प्रियतमालाई आनन्दित गर्दछ । त्यसैगरी चन्द्रमाले पूर्वदिशालाई आनन्दित गर्दै प्रेम गरेको हो कि ! जस्तो लाग्दथ्यो । त्यसप्रकार चन्द्रमा उदाएर केवल पूर्व दिशाकोमात्र होइन परन्तु शरद्ऋतुका दिनमा उदाउने प्रखर सूर्यका किरणबाट सन्तप्त भएका चरअचर सम्पूर्ण प्राणीहरूको सन्तापलाई पनि हटाइदिए ।

(२)

दृष्ट्वा कुमुद्वन्तमखण्डमण्डलं रमाननाभं नवकुङ्कुमारुणम् ।
वनं च तत्कोमलगोभिरञ्जितं जगौ कलं वामदृशां मनोहरम् ॥

देखी कुमुद्वन्त अखण्ड मण्डल , भो संझना श्रीमुख सौम्य निर्मल ।
श्रीचन्द्रको कोमल रश्मि फैलियो , सम्पूर्ण वृन्दावन दिव्य देखियो ।
देखेर उद्दीपनपूर्ण कानन , प्रफुल्ल भो श्रीहरिको स्वयं मन ।
नारीहरूको मन हर्न तत्पर , वंशी बजाए हरिले मनोहर ॥

त्यस रातमा चन्द्रमाको आभामण्डल पूर्ण थियो । किनभने त्यो रात शरद्ऋतुको शुक्लपक्षको पूर्णिमाको रात थियो । चन्द्रमा नयाँ केशर जस्तो रातो रङ्गमा देखिन्थे । उनको आभामण्डल श्रीलक्ष्मीजीको मुखमण्डल जस्तो देखिन्थ्यो । उनका कोमल किरणहरूले सम्पूर्ण वन रङ्गिएको थियो । साँच्चै नै चन्द्रमाले आफ्ना अमृतमय किरणहरूद्वारा वनका कुनाकाप्चा सबैलाई नवजीवन प्रदान गरिरहेका थिए । भगवान् श्रीकृष्णले यसप्रकारको सम्पूर्णरूपमा शृङ्गाररसले परिपूर्ण वातावरण त्यो वनमा देखनुभएपछि गोपीहरूको मनलाई हरण गर्न समर्थ सुमधुर बाँसुरी बजाउनु भएको थियो ।

(३)

निशम्य गीतं तदनङ्गवर्धनं व्रजस्त्रियः कृष्णगृहीतमानसाः ।
आजग्मुरन्योन्यमलक्षितोद्यमाः स यत्र कान्तो जवलोलकुण्डलाः ॥

सुनेर वंशीधुन गोपिनीकन , अनङ्गको वाण चल्यो दनादन ।
थियो उनैमा पहिले सधैं मन , खिचेर तान्यो अहिले स्वयं तन ।
एकेक गोपी नवनेर सुस्थिर , सुटुक्क दौडे प्रिय कृष्णकातिर ।
हल्लाउँदै चञ्चल कर्णकुण्डल , देखा परे ती अति नै सुनिर्मल ॥

भगवान् श्रीकृष्णको त्यो वंशीवादन गोपीहरूको मनलाई लट्ठयाएर आफैंतर्फ आकर्षण गर्ने खालको थियो । पहिलेदेखि नै भगवान्ले गोपीहरूको मनलाई आफूतिर नै तानिराख्नु भएको थियो भने बाँसुरी बजाएर चेतना र बुद्धिका सम्पूर्ण वृत्तिहरूसमेतलाई आफैंतिर तान्नु भएको थियो । बाँसुरीको आवाज सुन्ने बित्तिकै गोपीहरूका मनमा हल्लीखल्ली मच्चिएको थियो । रातको वेलामा एकले अर्कीलाई थाहै नदिइकन सुटुक्क दौडिएर गोपीहरू एक्लाएक्लै आफ्ना प्रियतम श्रीकृष्ण भएतिर अत्यन्त वेगका साथ दौडिएका थिए । तिनीहरू दौडँदाखेरी तिनीहरूले लगाएका कुण्डलहरू अत्यन्तै हल्लिएका थिए ।

(४)

दुहन्त्योऽभिययुः काश्चिद्दोहं हित्वा समुत्सुकाः ।
पयोऽधिश्रित्य संयावमनुद्वास्यापरा ययुः ॥

सुनेर वेणु ती गोपी संझी कृष्ण परात्पर ।
दुहुने काम छाडेर दौडिए कृष्णकातिर ॥
कुनैले उम्लिँदो दूध कुनैले हलुवा पनि ।
गए छाडी अँगेनामै उतै तन्मय नै बनी ॥

भगवान् श्रीकृष्णले बजाएको बाँसुरीको आवाज सुनेपछि आ-आफ्ना गोठमा गाईहरू दुहिरहेका केही गोपीहरू दूध दुहुन छाडेर, अँगेनामा दूध तताइरहेका केही गोपीहरू दूध अँगेनामा नै छाडेर र हलुवा पकाइरहेका केही गोपीहरू हलुवा अँगेनामा त्यसै छाडेर श्रीकृष्णलाई भेट्न वृन्दावनतिर दौडिएका थिए ।

(५)

परिवेषयन्त्यस्तद्धित्वा पाययन्त्यः शिशून् पयः ।
शुश्रूषन्त्यः पतीन् काश्चिदश्नन्त्योऽपास्य भोजनम् ॥

भातै पस्कन छाडेर बीचमै गोपिनी कुनै ।
दौडिइन् कृष्णकातर्फ संझेर पति नै उनै ॥
गोपिनी कतिले दूध शिशुलाई चुसाउन ।
छोडेर बीचमै दौडे कृष्ण दर्शन पाउन ॥
शुश्रूषा पतिको छोडी खान छोडी कुनै अनि ।
दौडिए फाल हालेर गोपी पागलझैँ बनी ॥

कुनै गोपी भात पस्कँदापस्कँदै, कुनै गोपी आफ्ना छोराछोरीलाई दूध चुसाउँदाचुसाउँदै, कुनै गोपी आफ्ना पतिको सेवाशुश्रूषा गर्दागर्दै र कुनै गोपी भात खाँदाखाँदै बीचैमा छाडेर श्रीकृष्णलाई भेट्न वृन्दावनतिर दौडिएका थिए ।

(६)

लिम्पन्त्यः प्रमृजन्त्योऽन्या अञ्जन्त्यः काश्च लोचने ।
व्यत्यस्तवस्त्राभरणाः काश्चित् कृष्णान्तिकं ययुः ॥

कोही गोपी गए छोडी शृङ्गार अनि मार्जन ।
कोही गोपी गए यौटा आँखामा लाइ अञ्जन ॥
संझेर कृष्ण नै आत्मा संझेर कृष्ण नै पति ।
उल्टा वस्त्र अलङ्कार लाएरै दौडिए कति ॥

कतिपय गोपीहरू सिँगारपटार गर्दागर्दै, आँखामा गाजल लगाउँदालगाउँदै र कतिपय गोपीहरू उल्टापाल्टा लुगा गहना लगाएर श्रीकृष्णलाई भेट्न वृन्दावनतर्फ दौडिएका थिए ।

(७)

भगवान् श्रीकृष्णको त्यो वंशीवादन गोपीहरूको मनलाई लट्ठयाएर आफैंतर्फ आकर्षण गर्ने खालको थियो । पहिलेदेखि नै भगवान्ले गोपीहरूको मनलाई आफूतिर नै तानिराख्नु भएको थियो भने बाँसुरी बजाएर चेतना र बुद्धिका सम्पूर्ण वृत्तिहरूसमेतलाई आफैंतिर तान्नु भएको थियो । बाँसुरीको आवाज सुन्ने बित्तिकै गोपीहरूका मनमा हल्लीखल्ली मच्चिएको थियो । रातको वेलामा एकले अर्कीलाई थाहै नदिइकन सुटुक्क दौडिएर गोपीहरू एक्लाएक्लै आफ्ना प्रियतम श्रीकृष्ण भएतिर अत्यन्त वेगका साथ दौडिएका थिए । तिनीहरू दौडँदाखेरी तिनीहरूले लगाएका कुण्डलहरू अत्यन्तै हल्लिएका थिए ।

(४)

दुहन्त्योऽभिययुः काश्चिद्दोहं हित्वा समुत्सुकाः ।
पयोऽधिश्रित्य संयावमनुद्वास्यापरा ययुः ॥

सुनेर वेणु ती गोपी संझी कृष्ण परात्पर ।
दुहुने काम छाडेर दौडिए कृष्णकातिर ॥
कुनैले उम्लिँदो दूध कुनैले हलुवा पनि ।
गए छाडी अँगेनामै उतै तन्मय नै वनी ॥

भगवान् श्रीकृष्णले बजाएको बाँसुरीको आवाज सुनेपछि आ-आफ्ना गोठमा गाईहरू दुहिरहेका केही गोपीहरू दूध दुहुन छाडेर, अँगेनामा दूध तताइरहेका केही गोपीहरू दूध अँगेनामा नै छाडेर र हलुवा पकाइरहेका केही गोपीहरू हलुवा अँगेनामा त्यसै छाडेर श्रीकृष्णलाई भेट्न वृन्दावनतिर दौडिएका थिए ।

(५)

परिवेषयन्त्यस्तद्धित्वा पाययन्त्यः शिशून् पयः ।
शुश्रूषन्त्यः पतीन् काश्चिदश्नन्त्योऽपास्य भोजनम् ॥

भातै पस्कन छाडेर बीचमै गोपिनी कुनै ।
दौडिइन् कृष्णकातर्फ संझेर पति नै उनै ॥
गोपिनी कतिले दूध शिशुलाई चुसाउन ।
छोडेर बीचमै दौडे कृष्ण दर्शन पाउन ॥
शुश्रूषा पतिको छोडी खान छोडी कुनै अनि ।
दौडिए फाल हालेर गोपी पागलझैं बनी ॥

कुनै गोपी भात पस्कँदापस्कँदै, कुनै गोपी आफ्ना छोराछोरीलाई दूध चुसाउँदाचुसाउँदै, कुनै गोपी आफ्ना पतिको सेवाशुश्रूषा गर्दागर्दै र कुनै गोपी भात खाँदाखाँदै बीचैमा छाडेर श्रीकृष्णलाई भेट्न वृन्दावनतिर दौडिएका थिए ।

(६)

लिम्पन्त्यः प्रमृजन्त्योऽन्या अञ्जन्त्यः काश्च लोचने ।
व्यत्यस्तवस्त्राभरणाः काश्चित् कृष्णान्तिकं ययुः ॥

कोही गोपी गए छोडी शृङ्गार अनि मार्जन ।
कोही गोपी गए यौटा आँखामा लाइ अञ्जन ॥
संझेर कृष्ण नै आत्मा संझेर कृष्ण नै पति ।
उल्टा वस्त्र अलङ्कार लाएरै दौडिए कति ॥

कतिपय गोपीहरू सिँगारपटार गर्दागर्दै, आँखामा गाजल लगाउँदालगाउँदै र कतिपय गोपीहरू उल्टापाल्टा लुगा गहना लगाएर श्रीकृष्णलाई भेट्न वृन्दावनतर्फ दौडिएका थिए ।

(७)

भगवान् श्रीकृष्णको त्यो वंशीवादन गोपीहरूको मनलाई लट्ठयाएर आफैंतर्फ आकर्षण गर्ने खालको थियो । पहिलेदेखि नै भगवान्ले गोपीहरूको मनलाई आफूतिर नै तानिराख्नु भएको थियो भने बाँसुरी बजाएर चेतना र बुद्धिका सम्पूर्ण वृत्तिहरूसमेतलाई आफैंतिर तान्नु भएको थियो । बाँसुरीको आवाज सुन्ने बित्तिकै गोपीहरूका मनमा हल्लीखल्ली मच्चिएको थियो । रातको वेलामा एकले अर्कीलाई थाहै नदिइकन सुटुक्क दौडिएर गोपीहरू एक्लाएक्लै आफ्ना प्रियतम श्रीकृष्ण भएतिर अत्यन्त वेगका साथ दौडिएका थिए । तिनीहरू दौडँदाखेरी तिनीहरूले लगाएका कुण्डलहरू अत्यन्तै हल्लिएका थिए ।

(४)

दुहन्त्योऽभिययुः काश्चिद्दोहं हित्वा समुत्सुकाः ।
पयोऽधिश्रित्य संयावमनुद्वास्यापरा ययुः ॥

सुनेर वेणु ती गोपी संझी कृष्ण परात्पर ।
दुहुने काम छाडेर दौडिए कृष्णकातिर ॥
कुनैले उम्लिँदो दूध कुनैले हलुवा पनि ।
गए छाडी अँगेनामै उतै तन्मय नै वनी ॥

भगवान् श्रीकृष्णले बजाएको बाँसुरीको आवाज सुनेपछि आ-आफ्ना गोठमा गाईहरू दुहिरहेका केही गोपीहरू दूध दुहुन छाडेर, अँगेनामा दूध तताइरहेका केही गोपीहरू दूध अँगेनामा नै छाडेर र हलुवा पकाइरहेका केही गोपीहरू हलुवा अँगेनामा त्यसै छाडेर श्रीकृष्णलाई भेट्न वृन्दावनतिर दौडिएका थिए ।

(५)

परिवेषयन्त्यस्तद्धित्वा पाययन्त्यः शिशून् पयः ।
शुश्रूषन्त्यः पतीन् काश्चिदश्नन्त्योऽपास्य भोजनम् ॥

भातै पस्कन छाडेर बीचमै गोपिनी कुनै ।
दौडिइन् कृष्णकातर्फ संझेर पति नै उनै ॥
गोपिनी कतिले दूध शिशुलाई चुसाउन ।
छोडेर बीचमै दौडे कृष्ण दर्शन पाउन ॥
शुश्रूषा पतिको छोडी खान छोडी कुनै अनि ।
दौडिए फाल हालेर गोपी पागलझैँ बनी ॥

कुनै गोपी भात पस्कँदापस्कँदै, कुनै गोपी आफ्ना छोराछोरीलाई दूध चुसाउँदाचुसाउँदै, कुनै गोपी आफ्ना पतिको सेवाशुश्रूषा गर्दागर्दै र कुनै गोपी भात खाँदाखाँदै बीचैमा छाडेर श्रीकृष्णलाई भेट्न वृन्दावनतिर दौडिएका थिए ।

(६)

लिम्पन्त्यः प्रमृजन्त्योऽन्या अञ्जन्त्यः काश्च लोचने ।
व्यत्यस्तवस्त्राभरणाः काश्चित् कृष्णान्तिकं ययुः ॥

कोही गोपी गए छोडी शृङ्गार अनि मार्जन ।
कोही गोपी गए यौटा आँखामा लाइ अञ्जन ॥
संझेर कृष्ण नै आत्मा संझेर कृष्ण नै पति ।
उल्टा वस्त्र अलङ्कार लाएरै दौडिए कति ॥

कतिपय गोपीहरू सिँगारपटार गर्दागर्दै, आँखामा गाजल लगाउँदालगाउँदै र कतिपय गोपीहरू उल्टापाल्टा लुगा गहना लगाएर श्रीकृष्णलाई भेट्न वृन्दावनतर्फ दौडिएका थिए ।

(७)

ता वार्यमाणाः पतिभिः पितृभिर्भ्रातृबन्धुभिः ।
गोविन्दापहृतात्मानो न न्यवर्तन्त मोहिताः ॥

केही गोपीहरू बाबु, पतिले रोक्न खोजिए ।
मन गोविन्दले चोर्दा रोकिएनन् सबै गए ॥

कति गोपीहरू घरबाट निस्किएर श्रीकृष्णलाई भेट्न जान तयार भएका थिए तर तिनीहरूलाई उनका बाबु, पति, भाइ र बन्धुहरूले जान दिएनन् र रोके । तिनीहरूको मन श्रीकृष्णमा अत्यन्त आसक्त भइसकेको थियो । त्यसै कारण तिनीहरू कसैले रोक्ता पनि रोकिएनन् र श्रीकृष्ण भए ठाउँमा गए ।

(८)

अन्तर्गृहगताः काश्चिद् गोप्योऽलब्धविनिर्गमाः ।
कृष्णं तद्भावनायुक्ता दध्युर्मीलितलोचनाः ॥

रोकिए कति ती गोपी घरका भित्र जो थिए ।
जान बाहिर पाएनन् ध्यानमा मस्त भै दिए ॥

त्यस समयमा केही गोपीहरू आ-आफ्ना घरभित्र नै थिए । घरबाट बाहिर निस्किएर श्रीकृष्णलाई भेट्न जाने बाटो नै तिनीहरूले पाएनन् । किनभने तिनीहरूलाई श्रीकृष्ण भए ठाउँमा जान नदिन तिनका अभिभावकहरूले झ्यालढोका आदि सबै बन्द गरिदिएका थिए । बाहिर निस्कन नपाएपछि तिनीहरूले घरभित्रै बसेर आँखा चिम्लिएर भगवान्‌को सौन्दर्य, माधुर्य र लीला आदिको तन्मयताका साथ ध्यान गर्न थालेका थिए ।

(९)

दुःसहप्रेष्ठविरहतीव्रतापधुताशुभाः ।
ध्यानप्राप्ताच्युताश्लेषनिर्वृत्या क्षीणमङ्गलाः ॥

कृष्णविरह आगोले जलेर भित्रको मल ।
अन्तस्करण भो स्वच्छ भए ध्वस्त अमङ्गल ॥
पाएर ध्यानमै कृष्ण आलिङ्गन गरीकन ।
कृतकृत्य भए गोपी साह्रै हर्षित भो मन ॥

आफ्ना परमप्रियतम श्रीकृष्णलाई भेट्न जान नपाएका कारण गोपीका हृदयमा अत्यन्त जलन उत्पन्न भएको थियो । अन्तस्करणमा रहेका सम्पूर्ण अशुभ संस्कारहरू त्यस जलनले भस्मीभूत भएर समाप्त भएका थिए । त्यसपछि तुरुन्त नै ध्यान लाग्न गयो र ध्यानमा नै भगवान् श्रीकृष्ण उत्पन्न हुनुभयो । गोपीले मनैमन अत्यन्त आवेगसँग भगवान् श्रीकृष्णलाई आलिङ्गन गरे । उनीहरूलाई अत्यन्त आनन्दको अनुभूति भयो र गोपीका सम्पूर्ण पूर्व पुण्यका संस्कारहरू डढेर समाप्त भएर गए ।

(१०)

तमेव परमात्मानं जारबुद्ध्यापि सङ्गताः ।
जहुर्गुणमयं देहं सद्यः प्रक्षीणबन्धनाः ॥

भगवान् कृष्णकासाथ जार बुद्धि गरीकन ।
नाशियो गुणको देह नाशिए कर्मबन्धन ॥

ती गोपीहरू परमात्मा भगवान् श्रीकृष्णसँग उपपतिका दृष्टिले प्रेम गर्दथे । जुन दृष्टिले प्रेम गरे ता पनि साक्षात् भगवान्सँग प्रेम गरेको हुँदा पापपुण्यबाट निर्मित गोपीहरूको शरीर मुक्त भएर गयो । गोपीहरूका शरीरले भोग्नुपर्ने कर्मबन्धनहरू सबै पहिले ध्यान गर्दा नै छिन्नभिन्न भइसकेका थिए ।

(११)

परीक्षित् सोध्नुहुन्छ-

कृष्णं विदुः परं कान्तं न तु ब्रह्मतया मुने ।
गुणप्रवाहोपरमस्तासां गुणधियां कथम् ॥

हे ब्रह्मन् ! गोपिनी खालि कृष्णमा जारभावले ।
गर्दथे प्रेम, गर्थेनन् प्रेम ब्रह्मात्मभावले ॥
गुणमा नै थियो प्रेम भने ती गोपिनी सब ।
गुणबाटै हुनू मुक्त कसरी हुन्छ सम्भव ?

हे ब्रह्मन् ! गोपीहरू ता भगवान् श्रीकृष्णलाई खालि आफ्नो परम प्रियतमका रूपमा मान्दथे । गोपीहरू श्रीकृष्णलाई ब्रह्मभावमा मान्दैनथे । यसरी गोपीहरूको आसक्ति केवल श्रीकृष्णका प्राकृत गुणहरूमा मात्रै थियो भने तिनको गुणप्रवाहरूप यस संसारको निवृत्ति कसरी सम्भव हुनसक्यो ?

(१२)

श्रीशुकदेव भन्नुहुन्छ-

उक्तं पुरस्तादेतत्ते चैद्यः सिद्धिं यथा गतः ।
द्विषन्नपि हृषीकेशं किमुताधोक्षजप्रियाः ॥

हे राजन् ! पहिल्यै मैले चैद्यभूपालको कथा ।
भनेथें जसले राख्थ्यो कृष्णमा भाव अन्यथा ॥
द्वेषबाटै भयो पार पायो पार्षदको गति-
भने यी गोपिनीले त कृष्ण नै संझिई पति ॥
गरे प्रेम भने राजन् ! कसरी गोपिनीहरू ।
नवनून् कृष्णका प्यारा के छ ? आश्चर्य नै बरू ॥

हे राजन् ! तपाईंलाई पहिले नै चेदिराज शिशुपालका बारेमा मैले भनिसकेको थिएँ । शिशुपालले भगवान् श्रीकृष्णसँग द्वेषभाव राखेरै पनि आफ्नू पाञ्चभौतिक शरीरलाई त्यागेर दिव्य शरीर धारणा गरेर भगवान्का पार्षदकारूपमा वैकुण्ठ धाम गएको थियो । गोपीहरू त भगवान् श्रीकृष्णका अनन्यतमा प्रेयसीहरू नै हुन् भने उनीहरूको के कुरा गर्ने ?

(१३)

नृणां निःश्रेयसार्थाय व्यक्तिर्भगवतो नृप ।
अव्ययस्याप्रमेयस्य निर्गुणस्य गुणात्मनः ॥

हे राजन् ! भगवान् कृष्ण गुणातीत गुणात्म छन् ।
अप्रमेय विशुद्धात्मा अविनाशी अचिन्त्य छन् ॥
भक्तको गर्न उद्धार अवतार थरीथरी-
लिन्छन् कल्याणका लागि भगवान् श्रीस्वयं हरि ॥

हे राजन् ! भगवान् श्रीकृष्ण गुणको आश्रय भएर पनि तीनै थरी गुणभन्दा माथि हुनुहुन्छ । उहाँ अव्यय हुनुहुन्छ । उहाँ अप्रमेय हुनुहुन्छ र अचिन्त्य पनि हुनुहुन्छ । भगवान् आफ्ना भक्तको कल्याणका लागि नाना थरीका अवतार लिएर यस धरतीमा समयसमयमा प्रकट हुने गर्नुहुन्छ ।

(१४)

कामं क्रोधं भयं स्नेहमैक्यं सौहृदमेव च ।
नित्यं हरौ विदधतो यान्ति तन्मयतां हि ते ॥

काम क्रोधसँगै स्नेह भय सौहृद्य जे हओस् ।
यी कुनै भावले नित्य कृष्णमै मन दी रहोस् ॥
आफ्ना वृत्तिहरू जोडोस् जीवले हरिकासँग ।
जीवका पाप नासिन्छन् मुक्ति मिल्छ क्रमैसँग ॥

काम, क्रोध, भय, स्नेह, सम्बन्ध अथवा सौहृद्य आदि जुनसुकै भावना र नाताले भए पनि भगवान्सँग नित्यनिरन्तर आफ्ना वृत्तिहरूलाई लगाउन सकेमा वृत्तिहरू ध्येयमा एकाकार हुनजान्छन् । त्यसपछि वृत्तिहरू भगवन्मय हुन्छन् र जीवले भगवान्को प्राप्ति तुरुन्तै गर्न सक्तछ ।

(१५)

न चैवं विस्मयः कार्यो भवता भगवत्यजे ।
योगेश्वरेश्वरे कृष्णे यत एतद् विमुच्यते ॥

हे राजन् ! भगवद्भक्त स्वयं आफैं भई पनि ।
गर्नु भो कसरी शङ्का कृष्णमा अज्ञझैं बनी ॥
योगीका पनि योगेश कृष्णले जसको पनि ।
सक्तछन् गर्न उद्धार उद्धर्ता सबको बनी ॥

हे राजन् ! तपाई जस्तो परमभगवद्भक्त र भगवान्को रहस्य जान्ने व्यक्तिले पनि भगवान् श्रीकृष्णका बारेमा यस प्रकारको सन्देह गर्नु उचित होइन । योगेश्वरका पनि ईश्वर अजन्मा भगवान् श्रीकृष्ण कर्तुं, अकर्तुं र अन्यथा कर्तुं समर्थ भएका हुँदा उहाँका बारेमा आश्चर्य मान्नु पर्ने कुनै कुरा छैन ।

(१६)

ता दृष्ट्वान्तिकमायाता भगवान् व्रजयोषितः ।
अवदद् वदतां श्रेष्ठो वाचः पेशैर्विमोहयन् ॥

देख्नुभो कृष्णले आफ्ना प्रेयसी गोपिनीहरू ।
आफू नै तिर आएका तानिएर लुरूलुरू ॥
अनि वाक्चातुरीपूर्ण केही ठट्टा गरे सरी ।
बोल्नमा अति नै दक्ष बोल्न थाले स्वयं हरि ॥

प्रेयसी गोपीहरू आफ्नै वेणुवादनले आकर्षित भएर जब आफूतिर लुरूलुरू आएको भगवान् श्रीकृष्णले देख्नुभयो । त्यसपछि बोल्नमा अत्यन्त कुशल श्रीकृष्णले विनोदपूर्ण तरिकाले गोपीहरूलाई मोहित पार्दै भन्न थाल्नुभयो ।

(१७)

श्रीकृष्ण भन्नुहुन्छ-

स्वागतं वो महाभागाः प्रियं किं करवाणि वः ।
व्रजस्यानामयं कच्चिद् ब्रूतागमनकारणम् ॥

हे मेरा प्रिय गोपी हो ! तिम्रो स्वागत गर्दछु ।
तिम्रो प्रिय हुने काम भन ! के गर्न सक्तछु ॥
व्रजको हाल राम्रै छ ? अथवा छ कुनै भय ?
रातमा किन आएका ? बताऊ सब निर्भय ॥

हे गोपिहरू हो ! म तिमीहरूको स्वागत गर्दछु । भन तिमीहरूलाई प्रिय हुने काम म के गरौं ? गोकुलमा सबैलाई राम्रै छ ? यस रातको वेलामा यस घोर जङ्गलमा तिमीहरू आउनको कारण के हो ?

(१८)

रजन्येषा घोररूपा घोरसत्त्वनिषेविता ।
प्रतियात व्रजं नेह स्थेयं स्त्रीभिः सुमध्यमाः ॥

सुन्दरी प्रिय गोपी हो ! रात यो छ भयङ्कर ।
घुम्दछन् वनका जन्तु यत्रतत्र निरन्तर ॥
यसैकारणले जाऊ फर्केर सब गोकुल ।
राम्रो हुँदैन नारीले रातमा बस्नु जङ्गल ॥

हे सुन्दरी गोपि हो ! यस रातका समयमा वन त्यसै पनि डर लाग्दो हुन्छ भने त्यसमाथि त ठूलाठूला डरलाग्दा वनैया जीवजन्तुहरू रातभरि घुमिरहने हुँदा यो वृन्दावन झन् डर लाग्दो भएको छ । यसउसले तिमीहरू तुरुन्तै आ-आफ्ना घर फर्केर गइहाल । अझै साँच्चै भन्ने हो भने रातका वेलामा यस्तो डरलाग्दो वनमा तिमीहरूजस्ता नारीहरूले एकै छिन पनि बस्नु राम्रो हुँदैन ।

(१९)

मातरः पितरः पुत्रा भ्रातरः पतयश्च वः ।
विचिन्वन्ति ह्यपश्यन्तो मा कृढ्वं बन्धुसाध्वसम् ॥

तिमीहरू नदेखेर तिम्रा पुत्र पिता सुत ।
आमा भाइहरू सारा भएर अति चिन्तित ॥
खोज्दै होलान् भई दुःखी यसैले गोपिनी अव ।
नपार दुःखमा जाऊ फर्किएर तिमी सब ॥

हे गोपि हो ! तिमीहरूका घरमा तिमीहरूलाई नदेखेपछि तिम्रा आमा, बाबु, पति, छोरा, भाइहरूले अत्यन्त चिन्तित भएर तिमीहरूलाई खोजिरहेका होलान् । उनीहरूलाई दुःख नदेऊ । तुरुन्त आ-आफ्ना घरमा फर्केर जाइहाल ।

(२०)

दृष्टं वनं कुसुमितं राकेशकररञ्जितम् ।
यमुनानिललीलैजत्तरुपल्लवशोभितम् ॥

यो वृन्दावन देखिन्छ अहिले पुष्पसंयुत ।
पूर्ण श्रीचन्द्रको शुभ्र रश्मिले सब अञ्चित ॥

यमुनाजल छोएर मन्द वायु उँभो चढी ।
हल्लाइ वृक्षका पात दिन्छ शोभा अझै बढी ॥
यो देख्यौ सब गोपीले पुगिहाल्यो, तिमीहरू ।
आएथ्यौ जुन बाटोले फर्कीजाऊ खुरू खुरू ॥

हे प्रिय गोपि हो ! सुन्दर फूलहरूले सुशोभित यो वृन्दावन पूर्णिमाका रातमा लागेका पूर्ण चन्द्रमाका अत्यन्त शीतल किरणहरूले मनमोहक भएको छ । फेरि यमुनाजीको पानीलाई छोएर विस्तार विस्तार चलेको हावाले हल्लाइएका यी पल्लवित वृक्षहरूले पनि यसको शोभालाई अझ बढाइरहेका छन् । यी सबै तिमीहरूले देखिहाल्यौ । अब फर्केर घर जाऊ ।

(२१)

तद् यात मा चिरं गोष्ठं शुश्रूषध्वं पतीन् सतीः ।
क्रन्दन्ति वत्सा बालाश्च तान् पाययत दुह्यत ॥

फर्केर गोठमा जाऊ ढीलो नगर हे सति !
पतिको गर शुश्रूषा देवता हुन् स्वयं पति ॥
छोराछोरी रुँदै होलान् फुल्याऊ घरमा गई ।
बाछाहरू फुकाएर गाई दुहू छिटा भई ॥

हे गोपि हो ! तिमीहरू आ-आफ्ना गोठमा तुरुन्तै फर्केर गइहाल । तिमीहरू विवाहिता सती नारीहरू हौ । घरमा गएर पतिको सेवाशुश्रूषा गर । तिम्रा घरमा तिम्रा स-साना नानीहरू रोइरहेका होलान्, तिनलाई दूध चुसाएर फुल्याऊ । गोठमा गाईका स-साना बाछाबाछीहरू कराइरहेका होलान् तिनलाई फुकाएर माऊका फाँचा चुसाऊ र दूध पनि दोहू ।

(२२)

अथवा मदभिस्नेहाद् भवत्यो यन्त्रिताशयाः ।
आगता ह्युपपन्नं वः प्रीयन्ते मयि जन्तवः ॥

मेरो नै प्रेमले गर्दा आएका हौ भने पनि ।
ठीकै छ सबले गर्छन् प्रेम मैसँग नै अनि ॥

अथवा यदि तिमीहरू मसँग प्रेम भएर आएका हौ भने पनि ठीकै गर्‍यौ, किनभने सम्पूर्ण प्राणीहरू मसँग नै प्रेम गर्दछन् ।

(२३)

भर्तुः शुश्रूषणं स्त्रीणां परो धर्मो ह्यमायया ।
तद्बन्धूनां च कल्याण्यः प्रजानां चानुपोषणम् ॥

हे कल्याणमयी गोपि ! सावधान भई सुन ।
पति, बन्धु र ठूलाको सेवा गर्नु दिई मन ॥
आफ्ना सन्तानको गर्नु राम्रो पालनपोषण ।
यही नै मानिएको छ स्त्रीको धर्म सनातन ॥

हे कल्याणिहरू हो ! आफ्ना पतिको र पतिका भाइबन्धुहरूको समेत खुला मनले सेवाशुश्रूषा गर्नुका साथै आफ्ना सन्तानहरूको पालनपोषण गर्नु नै नारीहरूको परम धर्म हो ।

(२४)

दुःशीलो दुर्भगो वृद्धो जडो रोग्यधनोऽपि वा ।
पतिः स्त्रीभिर्न हातव्यो लोकेप्सुभिरपातकी ॥

आफ्नू कल्याणको इच्छा गर्ने स्त्रीले सधैँभर ।
पातकी पति छोडेर गरून् सेवा निरन्तर ॥

अभागी मूर्ख दु:शील रोगी बूढो र निर्धन ।
जस्तै पति हओस् आफ्नू गरोस् सेवा दिई मन ॥

आफ्नो उत्तम गतिको इच्छा गर्ने स्त्रीहरूले पातकी पतिलाई छोडेर अरू जतिसुकै खराब आचरण भएको, भाग्यहीन, बूढो, मूर्ख, रोगी अथवा गरीब पति भए पनि छोड्नु हुँदैन । छोडेमा त्यस्ता नारीहरूको कल्याण अवश्य हुँदैन ।

(२५)

अस्वर्ग्यमयशस्यं च फल्गु कृच्छ्रं भयावहम् ।
जुगुप्सितं च सर्वत्र औपपत्यं कुलस्त्रियाः ॥

कुलीन स्त्रीहरूद्वारा जारका साथ लस्पस-
गर्नु, कैल्यै हुँदैहुन्न यसले हुन्छ दुर्यश ॥
यो लोक पनि बिग्रिन्छ बिग्रिन्छ परको पनि ।
निन्दनीय छ यो काम तुच्छ क्षणिक हो अनि ॥

हे गोपि हो ! कुनै पनि राम्रा कुलमा जन्मिएका नारीहरूले परपुरुषसँग लसपस गर्नु हुँदैन । यसबाट परलोक बिग्रिन्छ र यो लोकमा पनि अपयश हुन्छ । यो कर्म आफैँमा अत्यन्त नीच, क्षणिक र डरलाग्दो पनि हो । यसबाट नरक जानेभन्दा अरू केही असल काम हुन सक्तैन ।

(२६)

श्रवणाद् दर्शनाद् ध्यानान्मयि भावाऽनुकीर्तनात् ।
न तथा सन्निकर्षेण प्रतियात ततो गृहान् ॥

हे गोपी हो ! सधैँ मेरो लीला र गुण चिन्तन ।
रूपका ध्यानका साथै मेरो भजन, कीर्तन ॥

गर्‍यौ भने म बन्नेछु खुशी सान्निध्य बन्दछु ।
सँगै बसेर क्यै हुन्न फर्की जाऊ म भन्दछु ॥

हे गोपीहरू हो ! तिमीहरू आ-आफ्ना घरमा फर्केर जाऊ । घरमा नै बसेर मेरो कथा सुन, विभिन्न मेरा लीलाहरूको चर्चा गर, मेरो स्वरूपको ध्यान, भजन र कीर्तन गर । यसो गर्‍यौ भने म जहिले पनि तिमीहरूका सान्निध्यमा रहिरहने छु । तर भक्ति छैन भने मेरा साथमा नै बसिरहे पनि मेरो प्रेम तिमीहरूले पाउन सक्ने छैनौ ।

(२७)

श्रीशुकदेव भन्नुहुन्छ-

इति विप्रियमाकर्ण्य गोप्यो गोविन्दभाषितम् ।
विषण्णा भग्नसङ्कल्पाश्चिन्तामापुर्दुरत्ययाम् ॥

यसरी कृष्णको वाक्य सुनेर गोपिनीजन ।
भए उदास अत्यन्त भाँचियो सबको मन ॥

भगवान् श्रीकृष्णका यसप्रकारका कुराहरू सुनेपछि गोपीहरू अत्यन्त निराश र उदास भए । तिनीहरू कहिल्यै पार पाउन नसकिने चिन्तारूपी गहिरो समुद्रमा डुब्न थाले ।

(२८)

कृत्वा मुखान्यव शुचः श्वसनेन शुष्यद्-
बिम्बाधराणि चरणेन भुवं लिखन्त्यः ।
अस्रैरुपात्तमषिभिः कुचकुङ्कुमानि
तस्थुर्मृजन्त्य उरुदुःखभराः स्म तूष्णीम् ॥

ती गोपिका अधरबिम्ब बढेर सास ,
फुस्रा भए सकल खूब भए हताश ।
घोप्टो भई चरणले तल भूमि कोरी ,
रोए बगाइकन आँशु सबै किशोरी ।
सारै भयो सकस चूप भएर फेरि ,
सारा खडा भइरहे हरितर्फ हेरी ॥

गोपीहरूको चाँडो चाँडो चलेको श्वासप्रश्वासको कारण उनका पाकेका गोलकाँक्री जस्ता ओठहरू सुके । उनीहरू आफ्नू मुख निहुराएर गोडाका नङहरूद्वारा भुइँ कोतर्न थाले । आँखाबाट बर्सिएको आँशुको भेलले छातीमा लगाएको उनीहरूको अङ्गरागलाई पनि बगाएर लग्यो । गोपिनीहरूलाई असह्य दुःख लागेकोहुँदा उनीहरूले केही बोल्न सकेनन् र चुपचाप भएर श्रीकृष्णका अगाडि उभिइरहे ।

(२९)

प्रेष्ठं प्रियेतरमिव प्रतिभाषमाणं
कृष्णं तदर्थविनिवर्तितसर्वकामाः ।
नेत्रे विमृज्य रुदितोपहते स्म किञ्चित्
संरम्भगद्गदगिरोऽब्रुवतानुरक्ताः ॥

प्रेमी निमित्त घरवार र काम छोडी ,
श्रीकृष्णमै सकल भाव र वृत्ति जोडी ।
आए तथापि हरिको व्यवहारदेखी ,
साह्रै भए व्यथित चूर्ण भएर शेखी ॥

रोए सबै धरधरी अनि नेत्र लाल-
पारे, भयो सकलको अति नै बिहाल ।

पुछ्तै दुवै नयन धैर्य असाध्य राखी ,
थाले सुनाउन कुरा कटुता नराखी ॥

गोपीहरूले आफ्ना प्रियतम भगवान् श्रीकृष्णका लागि आफ्ना सम्पूर्ण कामनाहरू र भोगविलाससमेत छोडिदिएका थिए । भगवान् श्रीकृष्णमा उनीहरूको अनन्य अनुराग र प्रेमसमेत थियो । यति हुँदाहुँदै पनि प्रियतम श्रीकृष्णले गोपीहरूलाई निर्दयी भएर कठोर वचन बोलेको हुँदा उनीहरूलाई अत्यन्त पीडा भएको थियो । रुँदारुँदै गोपीहरूका आँखा राता भएका थिए र गलासमेत अवरूद्ध भएको थियो । उनीहरूले धैर्य लिएर आफ्ना आँखा पुछ्तै प्रणयकोपकासाथ भकभके बोलीमा श्रीकृष्णलाई भन्नथाले ।

(३०)

गोपीहरू भन्दछन्-

मैवं विभोऽर्हति भवान् गदितुं नृशंसं
संत्यज्य सर्वविषयांस्तव पादमूलम् ।
भक्ता भजस्व दुरवग्रह मा त्यजास्मान्
देवो यथाऽऽदिपुरुषो भजते मुमुक्षून् ॥

यस्तो कठोर नहुनोस् यदुनाथ ! ऐले ,
आयौँ सबै विषय दूर गरी क्रमैले ।
माया नमार सब हौँ अति भक्त हामी ,
विश्वेशझैँ बन तिमी प्रभुधर्म थामी ॥

हे प्रियतम ! हजूर हाम्रा मनका कुराहरू जान्नुहुन्छ । हजूर यसरी निष्ठुर भएर न बोल्नु होस् । हामीहरू घरबारसमेत सबै कुरा छोडेर हजूरका शरणमा आएका छौँ । हामीहरू संसारभरिका सबै कुरा छोडेर हजूरसँग नै प्रेम गर्दछौँ । हजूर स्वतन्त्र र एकोहोरो

स्वभावका हुनुहुन्छ भन्ने कुरा पनि हामीहरूलाई थाहा छ। हजूरमाथि हाम्रो कुनै अधिकार पनि छैन। भगवान् नारायणले आफ्ना भक्त मुमुक्षुहरूमाथि कृपा गरेजस्तै गरेर हजूरले पनि हामीहरूमाथि कृपा गर्नु पर्दछ।

(३१)

यत्पत्यपत्यसुहृदामनुवृत्तिरङ्ग
स्त्रीणां स्वधर्म इति धर्मविदा त्वयोक्तम्।
अस्त्वेवमेतदुपदेशपदे त्वयीशे
प्रेष्ठो भवांस्तनुभृतां किल बन्धुरात्मा॥

स्त्रीधर्म हो घर बसी पतिको सुसार-
गर्नू अपत्यसँगमा सबको विचार।
धर्मज्ञ हौ तब भन्यौ तर बन्धु आत्मा
हौ नाथ नै सकलका प्रिय अन्तरात्मा॥

हे भगवन्! हजूर धर्मको रहस्य जान्नु हुन्छ। त्यसै कारण आफ्ना पति, पुत्र, भाइ र बन्धुहरूको सेवा गर्नु नै नारीहरूको स्वधर्म हो भनेर हजूरले भन्नुभयो। यो केही हदसम्म ठीकै होला तर पनि हजूर नै हाम्रा पति पुत्र आदि सम्पूर्ण शरीरधारीहरूका आत्मा हुनुहुन्छ, सुहृत् हुनुहुन्छ र सबैका प्रियतम हुनुहुन्छ। आत्माभन्दा प्रिय वस्तु अरू केही हुँदैन। त्यसै कारण हामीहरू पतिपुत्रादि सबैलाई छोडेर आत्माका पनि आत्मा परमात्मा हजूरलाई संझिएर हजूरको नै सेवामा आएका छौं।

(३२)

कुर्वन्ति हि त्वयि रतिं कुशलाः स्व आत्मन्
नित्यप्रिये पतिसुतादिभिरार्तिदैः किम्।

तन्नः प्रसीद परमेश्वर मा स्म छिन्द्या
आशां भृतां त्वयि चिरादरविन्दनेत्र ॥

आत्मा तिमी सकलका सुखका स्वरूप ,
पुत्रादि हुन् सकल दुःखद दुःखरूप ।
हे कृष्ण ! हौ खुस तिमी सब छौँ अनाथ ,
आशालता नगर छिन्न र भिन्न नाथ !

हे श्यामसुन्दर ! आत्मज्ञानीहरू र भक्तहरू हजूरको नै भक्ति गर्दछन् र हजूरसँग नै प्रेम गर्दछन् । किनभने हजूर नै नित्य प्रिय आत्मा हुनुहुन्छ । यी अनित्य र सधैं दुःख दिने पतिपुत्र आदिबाट हाम्रो कल्याण हुन सक्तैन । हे भगवन् ! त्यसै कारण हामीहरूमाथि हजूर खुशी हुनुहोस् । हामीहरूमाथि हजूर कृपा गर्नुहोस् । धेरै समयदेखि हजूरसँग आसक्त भएको हाम्रो आशारूपी लहरालाई चुँडाएर छिन्नभिन्न नपार्नुहोस् ।

(३३)

चित्तं सुखेन भवतापहृतं गृहेषु
यन्निर्विशत्युत करावपि गृह्यकृत्ये ।
पादौ पदं न चलतस्तव पादमूलात्
यामः कथं व्रजमथो करवाम किं वा ॥

चोऱ्यौ सुटुक्क मन यो घरबाट ऐले ,
पुत्रादिमा रत थियो जुन नाथ ! पैले ।
जाऊँ भने घर हरे ! जडझैं छ पाउ ,
चल्दैन जानु कसरी अब लौ वताऊ ॥

हे नन्दनन्दन ! अहिलेसम्म हाम्रो मन घरको कामधन्दामा नै लागेको थियो । हामीहरू घरव्यवहारमा नै रमाएका थियौं । हजूरले मोहनी मुरली बजाएर हाम्रो मन लुट्नुभयो । हामी हजूरका सामुन्ने आयौं तर हामीलाई अहिले घर फर्केर जाऊ भन्नुहुन्छ । हाम्रा यी गोडाहरू घरतिर जान तयार छैनन् । हजूरले हाम्रो मन हरण गरिसक्नु भएको यस अवस्थामा हामीहरू घर गएर पनि विनामन कसरी काम गर्न सक्छौं र ?

(३४)

सिञ्चाङ्ग नस्त्वदधरामृतपूरकेण
हासावलोककलगीतजहृच्छयाग्निम् ।
नो चेद् वयं विरहजाग्न्युपयुक्तदेहा
ध्यानेन याम पदयोः पदवीं सखे ते ॥

तिम्रा यिनै मधुर चाल र हास्यबाट ,
सन्तप्त भो हृदय यो विरहाग्निबाट ।
आगो निभाउ अधरामृत नै छरेर ,
ध्यानस्थ भै नतर ता मिलुँला मरेर ॥

हे प्राणेश्वर ! हजूरको मन्दमन्द मधुर हँसाइ, छड्के हेराइ र सुमधुर मुरलीको धुनले हजूरलाई भेट्ने आकाङ्क्षारूपी अग्निलाई हाम्रो हृदयमा बढाइदियो । त्यस अग्निलाई हजूरका अधरका अमृतले निभाइदिनुहोस् । यदि त्यसो गर्नुहुन्नभने हजूरको विरहरूपी अग्निले हामी आफ्नो शंरीरलाई डढाइदिने छौं र ध्यानद्वारा हामीहरू हजूरलाई प्राप्त गर्नेछौं ।

(३५)

यर्ह्यम्बुजाक्ष तव पादतलं रमाया
दत्तक्षणं क्वचिदरण्यजनप्रियस्य ।

अस्प्राक्ष्म तत्प्रभृति नान्यसमक्षमङ्ग
स्थातुं त्वयाभिरमिता बत पारयामः ॥

छाडेर आश्रितरमा पनि आज खास ,
गर्छौं अरण्यजनका सँगमा निवास ।
हामी भयौं सहचरी जब नाथसाथ ,
जाँदैन यो मन कतैतिर भै अनाथ ॥

हे कमलनयन कृष्ण ! हजूर वनवासीहरूको प्रिय हुनुहुन्छ र तिनीहरू पनि हजूरसँग अत्यन्त नै प्रेम गर्दछन् । हजूर धेरैजसो वनवासीहरूसँग नै बस्नुहुन्छ । यहाँसम्म कि जुन चरणकमलको सेवाको अवसर पाएकी लक्ष्मीले पनि ती चरणकमलहरूको सेवा गर्न कहिलेकहीँमात्र पाउनु हुन्छ । त्यस्ता अप्राप्य चरणकमलहरूको स्पर्श गर्ने मौका हामीहरूले पाएका छौं । यस्तो सौभाग्य जुन दिन हामीहरूले पायौं र जुन दिन हामीहरूलाई हजूरले स्वीकार गर्नुभयो । त्यस दिनदेखि हामी गोपिनीहरू कहीं गएर पनि एक क्षणसम्म पनि बस्न सक्तैनौं भने पतिपुत्रादिको सेवा गरेर बस्ने त कुरै भएन ।

(३६)

श्रीर्यत्पदाम्बुजरजश्चकमे तुलस्या
लब्ध्वापि वक्षसि पदं किल भृत्यजुष्टम् ।
यस्याः स्ववीक्षणकृतऽन्यसुरप्रयास-
स्तद्वद् वयं च तव पादरजः प्रपन्नाः ॥

लक्ष्मी निमित्त सुर छन् सब नित्य दास ,
श्रीविष्णुका हृदयमा छ रमानिवास ।
छाडेर हृत् तर रमा चरणाभिलाषी-
छिन्, छौं तिनै चरणका सब आज दासी ॥

हे कृष्ण ! जुन लक्ष्मीको कृपाप्रसाद प्राप्त गर्नका लागि ठूलाठूला ऋषिमुनि र देवताहरू पनि तपस्या गर्दछन् । तिनै लक्ष्मी हजूरका छातीमा ठाउँ पाएर बस्नुभएको छ ता पनि आफ्नी सौता तुलसीका साथ चरणमा बसेर चरणको धूलो प्राप्त गर्ने उहाँ अभिलाषा सधैं गर्नुहुन्छ । हामीहरू पनि ती सरह नै हजूरका पाउको धूलो प्राप्त गर्ने आशाले आएका छौं ।

(३७)

तन्नः प्रसीद वृजिनार्दन तेऽङ्घ्रिमूलं
प्राप्ता विसृज्य वसतीस्त्वदुपासनाशाः ।
त्वत्सुन्दरस्मितनिरीक्षणतीव्रकाम-
तप्तात्मनां पुरुषभूषण देहि दास्यम् ॥

छोडी सबै स्वजन सम्झिइ एकनाथ ,
आयौं प्रभो ! शरणमा अति भक्तिसाथ ।
तिम्रो हँसाइ र निरीक्षणबाट सारा ,
मर्ने भयौं अब दिनोस् पदको सहारा ॥

हे नाथ ! आजसम्म जो जसले पनि हजूरका पाउको सेवा गरे तिनका सम्पूर्ण दुःखहरू नाश भएर गए । त्यसैगरी हामीहरू पनि हजूरका पाउमा शरण पर्न आएका छौं । हामीहरूलाई पनि हजूरका चरणको दासी बन्ने मौका दिनुहोस् । हजूरको सेवा गर्ने आशा लिएर सम्पूर्ण घरबार छोडेर हजूरका शरणमा हामीहरू आएका हौं । हे पुरुषभूषण भगवन् ! हजूरको मन्द मुस्कान र सुन्दर हेराइले हाम्रा मनमा आगो बालिरहेका छन् । हाम्रा अङ्गप्रत्यङ्गलाई त्यस अग्निले डढाइरहेको छ । हामीहरूलाई आफ्ना दासीका रूपमा हजूर स्वीकार गर्नुहोस् । हामीहरूलाई पाउको सेवा गर्ने मौका दिनुहोस् ।

(३८)

वीक्ष्यालकावृतमुखं तव कुण्डलश्री
गण्डस्थलाधरसुधं हसितावलोकम् ।
दत्ताभयं च भुजदण्डयुगं विलोक्य
वक्षः श्रियैकरमणं च भवाम दास्यः ॥

देखेर सुन्दर मुखश्री सुरम्य गाला ,
हाँसो विछट्ट रसिलो अति मस्त चाला ।
दत्ताभयं बाहु र रमाहृदयाधिवासी ,
हामी भयौँ चरणका अब नित्य दासी ॥

हे कृष्ण ! हजूरको सुन्दर मुन्द्रा परेको जुल्फीले ढाकिएको मुखकमल, हजूरले कानमा लगाएका झलमल झल्किने कुण्डलका आभाले चम्किएका सुन्दर दुई गालाहरू, हजूरको त्यो सुन्दर अधरको मधु जसले अमृतलाई पनि मात गर्दछ, हजूरका ती सुन्दर हाँसो युक्त मनोहारी आँखाहरू, हजूरका अत्यन्त बलिष्ठ दुईओटा हातहरू जसले शरणमा आएकाहरूलाई अभय दान दिनमा अत्यन्त उदार देखिन्छन् र हजूरको त्यो सुन्दर वक्षस्थल जहाँ लक्ष्मीको सधैं वास छ । यो सबै देखेर हामी गोपीहरू हजूरका दासी भएका छौं ।

(३९)

का स्त्र्यङ्ग ते कलपदायतमूर्च्छितेन
सम्मोहिताऽऽर्य चरितान्न चलेत्त्रिलोक्याम् ।
त्रैलोक्यसौभगमिदं च निरीक्ष्य रूपं
यद् गोद्विजद्रुममृगाः पुलकान्यबिभ्रन् ॥

तिम्रो विचित्र मनमोहक वेणुनाद ,
सुन्दै भए मृगचरातरु लट्ठ नाथ !
त्यो नादले मन लियो अनि लाज शर्म ,
जोगाउनै कठिन भो अब आर्यधर्म ॥

हे श्यामसुन्दर ! तीनै लोकमा कुन त्यस्ता नारीहरू होलान्, जसले हजूरको बाँसुरीको मनमोहक धुन सुनेर पनि लट्ठ नपरेर रहन सकून् ? मानिसको त के कुरा यस वृन्दावनका गाई, पक्षी, मृग र स्थावर वृक्षहरू पनि हजूरको मुरलीको आवाज सुनेर अत्यन्त हर्षित हुँदै रोमाञ्चित हुन्छन् । हजूरको मुरलीको मनोहारी आवाज सुनेर संसारका कुन नारीले आफ्नू कुलको मर्यादा र आर्यपरम्परालाई थाम्न सक्लान् ?

(४०)

व्यक्तं भवान् व्रजभयार्तिहरोऽभिजातो
देवो यथाऽऽदिपुरुषः सुरलोकगोप्ता ।
तन्नो निधेहि करपङ्कजमार्तबन्धो
तप्तस्तनेषु च शिरस्सु च किङ्करीणाम् ॥

जन्म्यौ तिमी व्रजविषे भय हर्नलाई ,
जस्तो छ ढुक्क सुरलोक उपेन्द्र पाइ ।
हे कृष्ण ! लौन सदयी बन यो घरीमा ,
सन्तप्त छौं अब दया गर किङ्करीमा ॥

हे कृष्ण ! जसरी भगवान् नारायणले देवताहरूको रक्षा गर्नुहुन्छ । त्यसैगरी हजूर पनि हाम्रो व्रजमण्डलको रक्षा गर्न आउनुभएको हो भन्ने कुरा हामीहरू जान्दछौं । यसका साथै दीनदुःखीहरूमाथि हजूर अत्यन्त प्रेम गर्नुहुन्छ र तिनीहरूमाथि हजूरको ठूलो कृपा छ भन्ने पनि हामी जान्दछौं । हे प्रियतम ! हामीहरू पनि अत्यन्त दुःखी छौं । हजूरसँग भेट गर्ने आकाङ्क्षारूपी आगोले हाम्रो हृदय डढिरहेको छ। हामी दासीहरूका वक्षःस्थल र शिरमा हजूरका कमल जस्ता कोमल हात राखेर हामीहरूलाई जीवन दान दिनुहोस् ।

(४१)

वीक्ष्यालकावृतमुखं तव कुण्डलश्री
गण्डस्थलाधरसुधं हसितावलोकम् ।
दत्ताभयं च भुजदण्डयुगं विलोक्य
वक्षः श्रियैकरमणं च भवाम दास्यः ॥

देखेर सुन्दर मुखश्री सुरम्य गाला ,
हाँसो बिछट्ट रसिलो अति मस्त चाला।
रक्षार्थ बाहु र रमाहृदयाधिवासी ,
हामी भयौँ चरणका अब नित्य दासी ॥

हे कृष्ण ! हजूरको सुन्दर मुन्द्रा परेको जुल्फीले ढाकिएको मुखकमल, हजूरले कानमा लगाएका झलमल झल्किने कुण्डलका आभाले झल्किएका सुन्दर दुई गालाहरू, हजूरको त्यो सुन्दर अधरको सीधु जसले अमृतलाई पनि मात गर्दछ, हजूरका ती सुन्दर परेला युक्त मनोहारी आँखाहरू, हजूरका अत्यन्त बलिष्ठ दुईओटा हातहरू जसले शरणमा आएकाहरूलाई अभय दान दिनमा अत्यन्त उदारता देखाउँछन् र हजूरको त्यो सुन्दर वक्षस्थल जहाँ लक्ष्मीको सधैँ वास छ। यी सबै देखेर हामी गोपीहरू हजूरका दासी भएका छौं ।

(३९)

का स्त्र्यङ्ग ते कलपदायतमूर्च्छितेन
सम्मोहिताऽऽर्य चरितान्न चलेत्त्रिलोक्याम् ।
त्रैलोक्यसौभगमिदं च निरीक्ष्य रूपं
यद् गोद्विजद्रुममृगाः पुलकान्यबिभ्रन् ॥
तिम्रो विचित्र मनमोहक वेणुनाद ,
सुन्दै भए मृगचरातरु लट्ठ नाथ !
त्यै नादले मन लियो अनि लाज शर्म ,
जोगाउनै कठिन भो अब आर्यधर्म ॥

हे श्यामसुन्दर ! तीनै लोकमा कुन त्यस्ता नारीहरू होलान्, जसले हजूरको बाँसुरीको मनमोहक धुन सुनेर पनि लट्ठ नपरेर रहन सकून् ? मानिसको त के कुरा यस वृन्दावनका गाई, पक्षी, मृग र स्थावर वृक्षहरू पनि हजूरको मुरलीको आवाज सुनेर अत्यन्त हर्षित हुँदै रोमाञ्चित हुन्छन् । हजूरको मुरलीको मनोहारी आवाज सुनेर संसारका कुन नारीले आफ्नू कुलको मर्यादा र आर्यपरम्परालाई थाम्न सक्लान् ?

(४०)

व्यक्तं भवान् व्रजभयार्तिहरोऽभिजातो
देवो यथाऽऽदिपुरुषः सुरलोकगोप्ता ।
तन्नो निधेहि करपङ्कजमार्तबन्धो
तप्तस्तनेषु च शिरस्सु च किङ्करीणाम् ॥

जन्म्यौ तिमी व्रजविषे भय हर्नलाई ,
जस्तो छ ढुक्क सुरलोक उपेन्द्र पाइ ।
हे कृष्ण ! लौन सदयी बन यो घरीमा ,
सन्तप्त छौँ अब दया गर किङ्करीमा ॥

हें कृष्ण ! जसरी भगवान् नारायणले देवताहरूको रक्षा गर्नुहुन्छ । त्यसैगरी हजूर पनि हाम्रो व्रजमण्डलको रक्षा गर्न आउनुभएको हो भन्ने कुरा हामीहरू जान्दछौँ । यसका साथै दीनदुःखीहरूमाथि हजूर अत्यन्त प्रेम गर्नुहुन्छ र तिनीहरूमाथि हजूरको ठूलो कृपा छ भन्ने पनि हामी जान्दछौँ । हे प्रियतम ! हामीहरू पनि अत्यन्त दुःखी छौँ । हजूरसँग भेट गर्ने आकाङ्क्षारूपी आगोले हाम्रो हृदय डढिरहेको छ। हामी दासीहरूका वक्षःस्थल र शिरमा हजूरका कमल जस्ता कोमल हात राखेर हामीहरूलाई जीवन दान दिनुहोस् ।

(४१)

त्यस्तो आनन्दले पूर्ण यमुनातीरका तल ।
थाल्नुभो कृष्णजी खेल्न रासक्रीडा सुनिर्मल ॥

त्यसपछि श्रीकृष्ण गोपीहरूलाई साथमा लिएर सफा बालुवा भएको यमुना नदीको बगरमा पस्नुभयो । त्यो यमुना नदीको पवित्र बगर यमुना नदीका चञ्चल तरङ्गहरूका स्पर्शले शीतल हुनुका साथै कुमुदिनीका सुवासद्वारा सुवासित भएको मन्दमन्द वायुद्वारा सुसेवित पनि थियो । त्यस आनन्ददायक पुलिनमा भगवान् श्रीकृष्णले रासक्रीडा शुरु गर्नुभयो ।

(४५)

बाहुप्रसारपरिरम्भकरालकोरुनीवीस्तनालभननर्मनखाग्रपातैः ।
क्ष्वेल्यावलोकहसितैर्व्रजसुन्दरीणामुत्तम्भयन् रतिपतिं रमयाञ्चकार ॥

फैलाइ हात दुइटै अनि अङ्कमाल , गर्दै दबाइकन हातसँगै कपाल ।
छोएर जाँघ कुच नीवि समस्त अङ्ग , गर्दै नखक्षत जगाउनु भो अनङ्ग ।
हाँसी मुसुक्क सबका सँगमा पियार , बाँडेर नै शुरु गरे हरिले विहार ॥

हात पसार्नु, आलिङ्गन गर्नु, हात थिच्नु, चुल्ठो तान्नु, जाँघ र स्तन आदिको स्पर्श गर्नु, ख्यालठट्टा गर्नु, नखक्षत गर्नु, विनोदपूर्ण आँखाले हेर्नु र मुसुक्क हाँस्नु आदि नानाथरीका नखरा र शृङ्गार रसका क्रियाकलापहरू समेत गरेर श्रीकृष्णले गोपिनीहरूको दिव्य कामरस र मधुर प्रेमभावलाई उत्तेजित गराउनु भयो । यति गरेपछि श्रीकृष्णले गोपीहरूका साथमा अलौकिक खेल खेल्न थाल्नु भयो ।

(४६)

एवं भगवतः कृष्णाल्लब्धमाना महात्मनः ।
आत्मानं मेनिरे स्त्रीणां मानिन्योऽभ्यधिकं भुवि ॥

यसरी कृष्णको मान पाएका व्रजगोपिका ।
ठान्थे संसारमा श्रेष्ठ हामी हौँ अन्य हुन् फिका ॥

ज्यादै घमण्डका साथ देखाइ भावभङ्गिमा ।
भए प्रमत्तझैँ गोपी लिई आश्रय कृष्णमा ॥

उपर्युक्त अनुसारको सम्मान र प्रेमभाव ती गोपीहरूमाथि भगवान् श्रीकृष्णले देखाउनु भएपछि गोपीहरूले आफ्ना मनमा संसारका अरू नारीहरूभन्दा आफूहरू सर्वश्रेष्ठ भएको ठाने । ती गोपीहरूमा अत्यन्त घमण्ड र अहंपना बढेर गयो ।

(४७)

तासां तत् सौभगमदं वीक्ष्य मानं च केशवः ।
प्रशमाय प्रसादाय तत्रैवान्तरधीयत ॥

यसरी व्रजगोपीमा सौभाग्यमद बेसरी ।
बढेको जब देखेथे कृष्णले उर्लने गरी ॥
गोपीको गर्वको नाश राधाको मन खातिर ।
अन्तर्धान भए कृष्ण त्यहीँ गोपी भएनिर ॥

भगवान् श्रीकृष्णले जब गोपीहरूमा आफ्नू सौभाग्यको मद चढेको र श्रीराधाजीले मान खोजेको देख्नुभयो । तिनको घमण्ड शान्त गर्न र श्रीराधाजीलाई खुशी पार्न गोपीहरूका बीचमा नै भगवान् श्रीकृष्ण अन्तर्धान हुनुभयो ।

(४८)

दोस्रो अध्याय

श्रीशुकदेव भन्नुहुन्छ-

अन्तर्हिते भगवति सहसैव व्रजाङ्गनाः ।
अतप्यंस्तमचक्षाणाः करिण्य इव यूथपम् ॥

जसै लुक्नु भयो कृष्ण अन्तर्धान भईकन ।
सारा ती व्रजगोपीको आत्तियो अति नै मन ॥
जसरी गजको राजा नहुँदा हस्तिनीहरू-
हुन्छन्, त्यस्तै भए गोपी रुन लागे धुरूधुरू ॥

भगवान् श्रीकृष्ण अचानक अन्तर्धान हुनुभयो । भगवान्लाई नदेखेपछि व्रजका गोपीहरूको अवस्था मत्ताहात्ती हराएका हथिनीहरूको जस्तो हुनगयो । श्रीकृष्णको बिछोडरूप विरहज्वालाले गोपीहरूको हृदय जल्न थाल्यो ।

(१)

गत्यानुरागस्मितविभ्रमेक्षितैर्मनोरमालापविहारविभ्रमैः ।
आक्षिप्तचित्ताः प्रमदा रमापतेस्तास्ता विचेष्टा जगृहुस्तदात्मिकाः ॥

ती गोपीजनको चित्त विलासपूर्ण दृष्टिमा ।
गयो मुस्कानका साथै कृष्णचर्या समष्टिमा ॥
प्रेमालापसँगै चेष्टा लीला शृङ्गारको रस ।
चाखेका गोपिनी सारा थिए श्रीकृष्णका वश ॥

चोरेर मन गोपीको कृष्ण दूर कता गए ।
उनकै प्रेममा गोपी बहुलाहीसरी भए ॥

भए कृष्णमयी सारा कृष्णमै सब रङ्गिए ।
कृष्णलीला गरी गोपी कृष्णकै भावमा गए ॥

भगवान् श्रीकृष्णले मदमत्त हात्तीको जस्तो हिँडाइ, प्रेमयुक्त मुसुक्क हँसाइ, विलासयुक्त कर्के हेराइ, मनोहारी प्रेमालाप, थरीथरीका लीलाहरू र शृङ्गाररसका भावभङ्गीहरूले समेत गोपीहरूको चित्तलाई चोर्नु भएको थियो । प्रेममा पागल भएका ती गोपीहरू कृष्णमय भएका थिए । तिनीहरूले कृष्णका विभिन्न चेष्टाहरूको नक्कल गर्न थाले ।

(२)

गतिस्मितप्रेक्षणभाषणादिषु प्रियाः प्रियस्य प्रतिरूढमूर्तयः ।
असावहं त्वित्यबलास्तदात्मिका न्यवेदिषुः कृष्णविहारविभ्रमाः ॥

भगवान् कृष्णकै चाल हाउभाउ सबै गरी ।
कृष्णै जस्ता भए सारा लीला गर्दा थरीथरी ॥
आफूलाई सबै बिर्सी भएर कृष्ण नै तब ।
मै हुँ कृष्ण भनी हिँड्थे निर्धक्कसँग ती सब ॥

आफ्ना प्रियतम श्रीकृष्णको चालढाल, हाउभाउका साथै बोलीचाली र हेराइमा समेत गोपीहरू श्रीकृष्णको अनुकरण गर्दै कृष्ण समान नै बने । तिनीहरूमा पनि श्रीकृष्णको जस्तै गतिमति र भावभङ्गिमा समेत दुरुस्तै उत्रिएर आयो । गोपीहरूले आफूलाई पूर्णरूपमा बिर्सिएर कृष्णकै भावमा परिणत भएर आफूलाई श्रीकृष्ण हुँ भन्नथाले ।

(३)

गायन्त्य उच्चैरमुमेव संहता विचिक्युरुन्मत्तकवद् वनाद् वनम् ।
पप्रच्छुराकाशवदन्तरं वहिर्भूतेषु सन्तं पुरुषं वनस्पतीन् ॥

परस्पर मिली सारा उँचो स्वर गरीकन ।
गाएर कृष्णकै गीत घुम्न थाले वनैवन ॥
भई प्रमत्तझैँ सारा कृष्ण खोजेर ती सब ।
वनस्पतिहरूलाई सोध्न थाले कठै तब ॥

भगवान् कृष्ण ता राजन् ! सबका साथमा थिए ।
जडचेतन सारामा धर्ती आकाशमा थिए ॥
भित्रबाहिर गोपीका जहाँ पनि उनी थिए ।
बुझेनन् किन्तु गोपीले यसैकारण तड्पिए ॥

विरहातुर भएका ती गोपीहरू श्रीकृष्णकै लीलाहरू गान गर्दै एउटा वनबाट अर्को वनमा गएर श्रीकृष्णलाई खोज्नथाले । तर भगवान् श्रीकृष्ण टाढा कतै जानु भएको थिएन । उहाँ त चर, अचर, जड र चेतन सम्पूर्ण वस्तुका भित्र र वाहिर आकाश समान व्याप्त भएर रहनु भएको थियो । भगवान् श्रीकृष्ण त्यहीं हुनुहुन्थ्यो । तर गोपीहरूले यो तत्त्व नबुझेर वनका वृक्ष, लता र सम्पूर्ण वनस्पतिहरूसँग भगवान् कृष्ण भएको ठाउँ सोध्न थालेका थिए ।

(४)

दृष्टो वः कच्चिदश्वत्थ प्लक्ष न्यग्रोध नो मनः ।
नन्दसूनुर्गतो हृत्वा प्रेमहासावलोकनैः ॥

पाखरी वर अश्वत्थ जति छन् वनका रुख ।
सोध्न थाले सबैलाई चोरेथे जसले सुख ॥

गोपीहरूले श्रीकृष्णलाई वनमा खोज्दै हिँड्दा अगलाअगला वृक्षहरूलाई पहिले सोधे । हे पीपल ! हे पाखरी ! हे वर ! नन्दका छोरा श्रीकृष्णले आफ्नो प्रेमपूर्ण हँसाइ र छड्के हेराइबाट हाम्रो मन चोरेर भागेका छन् । के तिमीहरूले उहाँलाई यहाँ कतै देख्यौ ?

(५)

कच्चित् कुरबकाशोकनागपुन्नागचम्पकाः ।
रामानुजो मानिनीनामितो दर्पहरस्मितः ॥

कतै कुरबकाशोक नागकेशरकासँग ।
सोधे चिलाउने साथ अन्त्यमा चाँपकासँग ॥
रामका भाइ ती जल्ले मानिनी जनको मन–
हर्दछन् खिस्स हाँसेर देख्यौ कि ! वृक्ष लौ भन !

वनका विभिन्न कुरबक, अशोक, नागकेशर, चिलाउने र चाँप आदि वृक्षहरूलाई सम्बोधन गर्दै गोपिनीहरूले सोधे– हे वृक्षहरू हो ! बलरामजीका भाइ श्रीकृष्णका खिस्स हँसाइबाटमात्रै ठूलाठूला मानवती नारीहरूको घमण्ड चकनाचूर भएर जान्छ । त्यस्ता प्रिय श्यामसुन्दरलाई तिमीहरूले यहाँ कतै देख्यौ कि ?

(६)

कच्चित्तुलसि कल्याणि गोविन्दचरणप्रिये ।
सह त्वालिकुलैर्बिभ्रद्दृष्टस्तेऽतिप्रियोऽच्युतः ॥

तुलसी बहिनी तिम्रो छ भक्ति कृष्णमा अति ।
कृष्णले गर्दछन् प्रेम तिमीमा चाहिए जति ॥
भ्रमरावलिले युक्त तिम्रो माला सधैँभरि ।
गलामा धारणा गर्छन् त्यसैकारणले हरि ॥

भन्यौ तुलसी कल्याणि ! देख्यौ कि ! कृष्णजी कतै ?
हामी खोज्दै हिंडेका छौं वनभित्र जताततै ॥

अव गोपीहरू अत्यन्त विरहकासाथ तुलसीलाई पनि सोध्दछन्। हे कल्याणि तुलसि ! तिमी गोविन्दका चरणमा अत्यन्त प्रेम गर्दछ्यौ र गोविन्द पनि तिमीलाई प्रेम गर्नुहुन्छ । त्यसैकारण कालाकाला भमराहरूले ढपक्कै ढाकिएको तिम्रो (तुलसीको) माला गलामा धारणा गरेर कृष्ण सधैं हिड्नुहुन्छ । हे तुलसि ! भन त ! तिनै भगवान् कृष्णलाई तिमीले यहाँ कतै देख्यौ कि !

(७)

मालत्यदर्शि वः कच्चिन्मल्लिके जाति यूथिके ।
प्रीतिं वो जनयन् यातः करस्पर्शेन माधवः ॥

मालती मल्लिके जूहि ! देख्यौ कि कृष्णजी कहीं ।
पायौ कि ! उनको स्पर्श तिमीले अथवा यहीं ॥

हे मालति ! हे मल्लिके ! हे जूहि ! हे जाइ ! तिमीहरूले हाम्रा प्राणवल्लभ माधवलाई यस वनमा यहीं कतै देख्यौ कि ! ती कृष्णले आफ्ना वरद हातहरूबाट तिमीहरूलाई छोएर आनन्दित पार्दै यतैवाट के अगाडि जानुभयो ?

(८)

चूतप्रियालपनसासनकोविदार-
जम्ब्वर्कबिल्वबकुलाम्रकदम्बनीपाः ।
येऽन्ये परार्थभवका यमुनोपकूलाः
शंसन्तु कृष्णपदवीं रहितात्मनां नः ॥

आँप ! प्रियाल ! पनसासन ! कोविदार !
स्वादिष्ट जामुन ! कदम्ब ! र पीतशाल !

नीपादि छौ जति परार्थ निमित्त खास ,
सोध्छौँ सबैसँग भएर निकै हताश ।
श्रीकृष्णको विरहबाट भई निराश ,
खोज्छौँ, छिटो भनन हे ! हरिको निवास ॥

हे आँप ! हे चिरौँजि ! हे कटहर ! हे विजयशाल ! हे कोइराला ! हे जामुन ! हे आँक ! हे बेल ! हे मौलसिरि ! हे कदम ! हे नीप ! र अरू पनि यस यमुनाका किनारामा रहेका हे वृक्षहरू हो ! तिमीहरूको जन्म केवल परोपकारका लागि नै भएको हो । त्यसैकारण हे वृक्षहरू हो ! प्रियतम श्यामसुन्दरलाई भेट्ने बाटो हामीहरूलाई देखाइदेऊ ।

(९)

किं ते कृतं क्षिति तपो बत केशवाङ्घ्रि-
स्पर्शोत्सवोत्पुलकिताङ्गरुहैर्विभासि ।
अप्यङ्घ्रिसम्भव उरुक्रमविक्रमाद् वा
आहो वराहवपुषः परिरम्भणेन ॥

धर्ती गऱ्यौ तपस के गर आज याद ,
पायौ हरिप्रपदको रज नै प्रसाद ।
यद्वा भयौ कि ! खुश वामनपादसाथ ,
यद्वा भयौ सुकरकासँगमा सनाथ ।
तिम्रो शरीर सब यी कुन कार्यबाट ,
देखिन्छ सौभग समुन्नत ढाँटबाट ॥

हे धरति ! भन तिमीले यस्तो कुन तपस्या गऱ्यौ र श्रीकृष्णका पवित्र चरणकमलको स्पर्श पाएर अत्यन्त आनन्दित भइरहेकी छौ । किनभने, यी घाँस लता आदिका रूपमा तिमीले आफ्नू रोमाञ्च प्रकट गरिरहेकी छौ । यो तिम्रो उल्लास हाम्रा प्रिय

श्रीकृष्णका चरणस्पर्शका कारणले भएको हो कि ! अथवा वामन अवतारको वेलामा भगवान्ले विश्वरूप लिएर तिमीलाई तीन पाउले नाप्नु भएको थियो, त्यही कारणले भएको हो ? अथवा त्योभन्दा पनि पहिले भगवान्ले वराह अवतार लिएर तिम्रो उद्धार गर्दा भगवान्को तिमीसँग समागम भएको थियो । त्यसैकारणले तिमी प्रफुल्लित र रोमाञ्चित भएकी हौ कि ? भन ।

(१०)

अप्येणपत्न्युपगतः प्रिययेह गात्रै-
स्तन्वन् दृशां सखि सुनिर्वृतिमच्युतो वः ।
कान्ताङ्गसङ्गकुचकुङ्कुमरञ्जितायाः
कुन्दस्रजः कुलपतेरिह वाति गन्धः ॥

हे मिर्गका दुलहि हो ! हरिगात्रबाट
बर्सिन्छ नित्य सुषमा लिइ दिव्य छाँट ।
श्रीकृष्ण ती प्रियतमा सँग आज हेर
आए कि ? यो वन हुँदै निठुरी भएर ॥

कान्ताङ्गसङ्गकुचकुङ्कुमबाट रक्त
श्रीकृष्ण कुन्दकुसुमान्वित हारयुक्त ।
देख्यौ कि ! कृष्णाकन गन्ध अझै वहन्छ
आए यतैतिर भनी यसले कहन्छ ॥

हे हरिणिहरू हो ! हाम्रा प्रिय श्यामसुन्दरका अङ्गप्रत्यङ्गबाट सौन्दर्यको वर्षा सधैं भइरहन्छ । उनै श्रीकृष्ण आफ्नी प्रेयसीका साथ तिम्रा आँखालाई आनन्दित गराउँदै कतै यतैबाट त अगाडि जानु भएन ? हेर ! हेर !! यहाँ यदुकुलपति श्रीकृष्णले लगाउनु भएको कुन्दपुष्पका मालाको मीठो बास्ना

आइरहेको छ । जुन बास्ना श्रीकृष्णकी परमप्रेयसीले शरीरमा लगाएको अङ्गराग र कुचकुङ्कुमबाट अनुरञ्जित भएको छ ।

(११)

बाहुं प्रियांस उपधाय गृहीतपद्मो
रामानुजस्तुलसिकालिकुलैर्मदान्धैः ।
अन्वीयमान इह वस्तरवः प्रणामं
किं वाभिनन्दति चरन् प्रणयावलोकैः ॥

हे वृक्ष हो ! छ तुलसीदल हार साथ,
पाएर बास उसकै भ्रमरा अनाथ ।
छन् लट्ठ, एक करमा छ जलाब्धिजात,
अर्को प्रियांसतलमा हरिको छ हात ॥

यै मार्गबाट हरि ती युवती लिएर,
यद्वा गए कि ! तरु हो ! भन सम्झिएर ।
तिम्रा उचा शिरहरू हरिमा प्रणाम,
गर्दा झुकेर अझ छन् नत झैँ तमाम ॥

हे वृक्षहरू हो ! श्रीकृष्णले आफ्नू एउटा हातमा लीला कमल लिनुभएको थियो होला र अर्को हात आफ्नी प्रेयसीका काँधमा राख्नुभएको थियो होला । अर्को कुरा उहाँले लगाएको मालामा रहेको तुलसीको गन्धका लोभी भमराहरू मालाका वरिपरि झुम्मिइरहेका थिए होलान् । त्यस्ता हाम्रा प्रिय नन्दनन्दन यतैबाट घुम्दै अगाडि जानु भयो होला । श्रीकृष्णलाई प्रणाम गर्न तिमीहरूले झुकाएको शिर अहिलेसम्म पनि झुकिराखेको देखिन्छ । के

श्रीकृष्णले आफ्नू प्रेमपूर्ण हेराइले तिमीहरूको वन्दनालाई स्वीकार गर्नुभयो त ?

(१२)

पृच्छतेमा लता बाहूनप्याश्लिष्टा वनस्पतेः ।
नूनं तत्करजस्पृष्टा विभ्रत्युत्पुलकान्यहो ॥

हे साथी हो ! तिमी सोध लहरासँग गैकन ।
बस्तछन् वृक्षकासाथ अङ्कमाल गरीकन ॥
यसले देखियो खास ? रोमाञ्च आदि लक्षण ।
देखियो नङको स्पर्श कृष्णको हेर ! तत्क्षण ॥

हे साथिहरू हो ! यी लहराहरूलाई सोध त ! यिनीहरू आफ्ना पतिरूपी वृक्षहरूकासाथ अँगालो हालेर बसेका छन् । यसबाट यिनीहरूका शरीरमा जुन खालको रोमाञ्च देखिन्छ । त्यो रोमाञ्च आफ्ना पतिरूपी वृक्षहरूका अङ्कमालबाट नभएर भगवान् श्रीकृष्णका नखस्पर्शबाट भएको हो ।

(१३)

इत्युन्मत्तवचोगोप्यः कृष्णान्वेषणकातराः ।
लीला भगवतस्तास्ता ह्यनुचक्रुस्तदात्मिकाः ॥

त्यसरी अति उन्मत्त गोपिनी बर्बराउँदै ।
गरे श्रीकृष्णको खोजी भई दुःखी कराउँदै ॥
आवेशयुक्त भै साह्रै श्रीकृष्णमय भै तब ।
थाले श्रीकृष्णको लीला गर्न ती गोपिनी सब ॥

त्यसप्रकार अति विह्वल र उन्मत्त भएका गोपीहरू श्रीकृष्णको खोजी गर्दागर्दै अत्यन्त काँतर भएर गएका थिए । उनीहरू भगवान् श्रीकृष्णको प्रेममा आसक्त भएकाहुँदा भगवन्मय नै भएका थिए । अत्यन्त आवेशका कारण गोपीहरूले श्रीकृष्णका विभिन्न लीलाहरूको अनुकरण गर्न थालेका थिए ।

(१४)

कस्याश्चित् पूतनायन्त्याः कृष्णायन्त्यपिवत् स्तनम् ।
तोकायित्वा रुदत्यन्या पदाहञ्छकटायतीम् ॥

एउटी पूतना बन्दै अर्की कृष्ण बनीकन ।
चढेर उरमा सोझै चुस्न थाली दुवै स्तन ॥
कोही गाडा बने गोपी बने कृष्ण कुनै जन ।
रुँदै लात्ती दिंदा पल्टिन् गाडागोपी लडीकन ॥

एउटी गोपी पूतना बनिन् । अर्की गोपी श्रीकृष्ण बनिन् र पूतनाको स्तन पान गर्न थालिन् । कुनै गोपी गाडा बनिन् , अर्की गोपी श्रीबालकृष्ण बनिन् र रुँदै लात्तले हानेर गाडा बनेकी गोपीलाई पल्टाइदिइन् ।

(१५)

दैत्यायित्वा जहारान्यामेका कृष्णार्भभावनाम् ।
रिङ्गयामास काप्यङ्घ्री कर्षन्ती घोषनिःस्वनैः ॥

कुनै गोपी बनिन् कृष्ण तृणावर्त बनिन् कुनै ।
गरिन् हरण लालाको दैत्यरूप लिई उनै ॥
कुनै गोपी बनिन् कृष्ण हिंड्दथिन् घिस्रिईकन ।
पाउका घुँघुरा बज्थे निकाली शब्द झुन्झुन ॥

एउटी गोपी बालकृष्ण भएर बसिन् र अर्की गोपी तृणावर्त दैत्य बनेर बालकृष्णलाई हरण गरेर लिएर उडिन् । अर्की गोपी बालकृष्ण भएर पाउ घिस्याउँदै पाउमा लगाएका पाउजेब बजाउँदै बामे सरेर हिंडिन् ।

(१६)

कृष्णरामायिते द्वे तु गोपायन्त्यश्च काश्चन ।
वत्सायतीं हन्ति चान्या तत्रैका तु बकायतीम् ॥

बनिन् कृष्ण कुनै गोपी बनिन् राम कुनै अनि ।
थाले खेल्न अरू गोपी ग्वालबालहरू बनी ॥
बने गोपीहरू कोही वत्सासुर बकासुर ।
रामकृष्ण बने कोही मारे वत्सबकासुर ॥

अभिनय गर्ने क्रममा एउटी गोपी कृष्ण बनिन् र अर्की गोपी बलराम बनिन् । अरू धेरै गोपिनीहरू ग्वालबाल बने । एउटी गोपी बकासुर बनिन् र अर्की गोपी वत्सासुर बनिन् । त्यसपछि खेल्दाखेल्दै कृष्ण भएकी गोपीले वत्सासुरलाई मारिन् र बलराम भएकी गोपीले बकासुरलाई मारिन् ।

(१७)

आहूय दूरगा यद्वत् कृष्णस्तमनुकुर्वतीम् ।
वेणुं क्वणन्तीं क्रीडन्तीमन्याः शंसन्ति साध्विति ॥

जसरी कृष्णले आफ्ना गाई टाढा गए जति ।
बोलाउँथे बजाएर बाँसुरी नाम ली कति ॥

त्यसै गरी बजाएर बाँसुरी गोपिनीहरू ।
गाई बोलाउँथे सारा राम्रो भन्थे अरूहरू ॥

श्रीकृष्णले वनमा गाई चराउन लैजाँदा जब गाईहरू टाढा जान्थे तब बाँसुरी बजाएर गाईहरूलाई बोलाउनु हुन्थ्यो । त्यसकै अनुकरण गरेर गोपीहरूले पनि बाँसुरी बजाएर गाई बोलाउँथे । अरू गोपीहरू राम्रो राम्रो भनेर त्यस प्रकारको अभिनयको प्रशंसा गर्दथे ।

(१८)

कस्यांचित् स्वभुजं न्यस्य चलन्त्याहापरा ननु ।
कृष्णोऽहं पश्यत गतिं ललितामिति तन्मनाः ॥

यौटी गोपी कुनै अर्की गोपीका काँधमा कर ।
राखेर भन्दथिन् कृष्ण हुँ हेर चाल सुन्दर ॥

एउटी गोपी आफूलाई कृष्ण सम्झेर अर्की गोपीका काँधमा हात राखेर हिंड्दथिन् र अरू गोपीहरूसँग हे साथी हो ! म कृष्ण हुँ, मेरो सुन्दर हिंडाइ हेर त ! भनेर भन्दथिन् ।

(१९)

मा भैष्ट वातवर्षाभ्यां तत्त्राणं विहितं मया ।
इत्युक्त्वैकेन हस्तेन यतन्त्युन्निदधेऽम्बरम् ॥

यसै गरी कुनै गोपी बनेर अति निर्भय ।
भन्दथिन् वातवर्षाको साथी हो ! गर्दछु जय ॥
भन्दै पर्वत बोकेझैं गरी आफ्नू पछेउरा ।
माथि उठाउँथिन् हाँस्तै बनाएर सबै कुरा ॥

फेरि कुनै गोपी श्रीकृष्णको अनुकरण गर्थिन् र अरू गोपीहरूलाई सम्बोधन गर्दै भन्दथिन् "कोही पनि नडराऊ, मैले आँधी र वर्षाबाट जोगाउने उपाय निकालिसकेँ ।" त्यसपछि उनी गोवर्धनपर्वत उठाएको जस्तो अभिनय गर्दै आफ्नै पछ्यौरालाई माथि उठाएर तन्काउँदथिन् ।

(२०)

आरुह्यैका पदाक्रम्य शिरस्याहापरां नृप ।
दुष्टाहे गच्छ जातोऽहं खलानां ननु दण्डधृक् ॥

एउटी गोपिनी सर्प अर्की श्रीकृष्ण बन्दथिन् ।
भागी जा सर्प ! यै निम्ति आएको हुँ म भन्दथिन् ॥

हे राजा परीक्षित् ! श्रीकृष्णको अभिनय गर्ने क्रममा एउटी अर्की गोपी कालिय नाग बनिन् र अर्की एउटी गोपी श्रीकृष्ण बन्दै कालिय नाग बनेकी गोपीका शिरमा आफ्ना पाउ राखेको अभिनय गर्दै भन्नथालिन् "हे दुष्ट सर्प ! तँ यहाँबाट तुरुन्त भागेर गइहाल । म दुष्टहरूलाई दण्ड दिनका लागि नै श्रीकृष्णको अवतार लिएर पृथ्वीमा आएको हुँ ।"

(२१)

तत्रैकोवाच हे गोपा दावाग्निं पश्यतोल्वणम् ।
चक्षूंष्याश्वपिदध्वं वो विधास्ये क्षेममञ्जसा ॥

यस्तैमा गोपिनी अर्की बोलिन् हे सँगिनी अब ।
डँढेलो पान गर्दिन्छु आँखा चिम्ल तिमी सब ॥

त्यसै क्रममा अर्की गोपीले श्रीकृष्ण बन्दै भनिन् "हे साथि हो ! वनमा भयङ्कर डँढेलो लागेछ । तिमीहरू तुरुन्तै आफ्नाआफ्ना

आँखा चिम्ल । म झटपट वनको यस डँढेलाबाट तिमीहरूको रक्षा गर्दछु ।"

(२२)

बद्धान्यया स्रजा काचित्तन्वी तत्र उलूखले ।
भीता सुदृक् पिधायास्यं भेजे भीतिविडम्बनम् ॥

यशोदा एउटी गोपी अर्की कृष्ण बनीकन ।
बाँधिन् ओखलमा कृष्ण माला बेरेर फन्फन ॥

एउटी गोपी यशोदा बनिन् र अर्की गोपिनी बालकृष्ण बनिन् । यशोदा बनेकी गोपीले फूलको मालाले श्रीकृष्ण बनेकी गोपीलाई ओखलमा लगेर बाँधिन् । श्रीकृष्ण बनेकी गोपीले हातले मुख छोपेर डराएजस्तो अभिनय गरिन् ।

(२३)

एवं कृष्णं पृच्छमाना वृन्दावनलतास्तरून् ।
व्यचक्षत वनोद्देशे पदानि परमात्मनः ॥

यसरी कृष्णबारेमा वृन्दावन घुमीकन ।
लतावृक्ष सबै सोध्दै घुमे सम्पूर्ण फन्फन ॥
खोज्दै जाँदा निकै भित्र गोपिनी जनले तब ।
देखे श्रीकृष्णको पाउ भयो अति महोत्सव ॥

त्यसरी नाना प्रकारका कृष्णका लीला गर्दै गोपीहरू वृन्दावनका लतावृक्षहरूलाई कृष्णका बारेमा सोध्दै घुमिरहेका समयमा गोपीहरूले एक ठाउँमा भगवान् श्रीकृष्णको चरणचिन्ह देखे ।

(२४)

पदानि व्यक्तमेतानि नन्दसूनोर्महात्मनः ।
लक्ष्यन्ते हि ध्वजाम्भोजवज्राङ्कुशयवादिभिः ॥

देखेर पदका चिन्ह कुरा गर्दै परस्पर ।
श्यामसुन्दरकै पाउ भन्ने निश्चय भो तर ॥
जसमा पदका साथै ध्वजाजौवज्रअङ्कुश ।
देखिए स्पष्टतासाथ लिएर भगवद् यश ॥

गोपीहरूले त्यसरी चरणचिन्हहरू देखेपछि ध्वजा, कमल, वज्र, अङ्कुश र जौ आदि चिन्ह स्पष्ट देखिने पाइलाहरू नन्दका छोरा महात्मा श्रीकृष्णका नै हुन् भनेर निश्चय गरे ।

(२८)

तैस्तैः पदैस्तत्पदवीमन्विच्छन्त्योऽग्रतोऽबलाः ।
वध्वाः पदैः सुपृक्तानि विलोक्यार्ताः समब्रुवन् ॥

हिंडे गोपीहरू हेर्दै श्यामसुन्दरका पद ।
देखे श्रीकृष्णका साथ यौटी युवतिको पद ॥
देखेर पदको चिन्ह अर्की युवतिको जब ।
थाले व्याकुल भै गर्न कुराकानी तिनी सब ॥

भगवान् श्रीकृष्णका चरणचिन्ह हेर्दै गोपिनीहरू श्रीकृष्णलाई खोज्दै अगाडि बढे । यसरी खोज्दै जाँदा श्रीकृष्णका पाउकासाथ कुनै अर्की युवतीका पदचिन्ह पनि गोपीहरूले देखे । यसपछि उनीहरू अत्यन्त व्याकुल हुँदै भन्न थाले ।

(२९)

कस्याः पदानि चैतानि याताया नन्दसूनुना।
अंसन्यस्तप्रकोष्ठायाः करेणोः करिणा यथा ॥

कस्का हुन् पदका चिन्ह जो कृष्ण साथमा गई।
कृष्णका काँधमा हात राख्ने भाग्यवती भई ॥
जसरी गजका साथ हस्तिनी मस्त हिँड्दछे।
त्यसै गरेर नै हेर ! कृष्णका साथ हिँड्दछे ॥

जसरी हस्तिनी आफ्ना प्रियतम गजराजका साथ सगौरव हिँड्दछे। त्यसै गरी नन्दका छोरा श्रीकृष्णसँग उनका काँधमा हात राखेर हिँड्ने सौभाग्य पाएकी कुन व्रजकी युवतीका यी चरण चिन्हहरू हुन् ?

(२७)

अनयाराधितो नूनं भगवान् हरिरीश्वरः।
यन्नो विहाय गोविन्दः प्रीतो यामनयद् रहः ॥

अवश्य पनि यी नारी भगवान् कृष्णचन्द्रकी।
आराधिका हुनैपर्छ व्रजकी युवती निकी ॥
यसैकारणले छोडी हामीहरू सबैकन।
यिनैलाई लिई कृष्ण हिँडे एकान्त यो वन ॥

भगवान् श्रीकृष्णकी आराधिका ती युवतीले अवश्य पनि श्रीकृष्णलाई अत्यन्त रिझाएकी रहिछन् क्यार ! त्यसै कारण हामीहरू सबैलाई वनमा अलपत्र पारेर यिनलाईमात्र लिएर श्रीकृष्ण एकान्तमा जानुभयो।

(२८)

धन्या अहो अमी आल्यो गोविन्दाङ्घ्र्यब्जरेणवः ।
यान् ब्रह्मेशो रमा देवी दधुर्मूर्ध्न्यघनुत्तये ॥

श्रीकृष्ण पाउले छुन्छन् जति यी रजका कण ।
भाग्यमानी सबै बन्छन् हुन्छन् ती धन्य तत्क्षण ॥
नाश गर्न सबै पाप रमा शङ्कर या अज ।
शिरमा सर्वदा राख्छन् कृष्णका पाउको रज ॥

हे साथिहरू हो ! भगवान् श्रीकृष्ण आफ्ना चरणकमलले जुन जुन धूलाका कणहरूलाई छुनुहुन्छ, ती धूलाका कणहरू धन्य बन्दछन् । किनभने, ब्रह्मा, शङ्कर र लक्ष्मीले समेत आफ्ना पापहरू नाश गर्नका लागि श्रीकृष्णका चरणका धूलाका तिनै कणहरूलाई आफ्ना शिरमा धारणा गर्दछन् ।

(२९)

तस्या अमूनि नः क्षोभं कुर्वन्त्युच्चैः पदानि यत् ।
यैकापहृत्य गोपीनां रहो भुङ्क्तेऽच्युताधरम् ॥

साथी हो ! जुन ती गोपी गइन् श्रीकृष्णकासँग ।
एकान्तमा लगी चुस्छिन् कृष्णाधर मजासँग ॥
उठेका उनका पाउ पसी हृदयमा अब ।
गर्दछन् क्षोभ उत्पन्न नास्तछन् शान्ति वैभव ॥

हे गोपिहरू हो ! श्रीकृष्णसँग गएकी गोपीले श्रीकृष्णलाई एकान्तमा लगेर उनको अधरामृत पान गरिछन् । किनभने तिनका केही माथि उठेका पाइलाहरूले त्यही कुराको सङ्केत गर्दछन् । यसबाट हामीहरूलाई अत्यन्त विक्षोभ भएको छ ।

(३०)

न लक्ष्यन्ते पदान्यत्र तस्या नूनं तृणाङ्कुरैः ।
खिद्यत्सुजाताङ्घ्रितलामुन्निन्ये प्रेयसीं प्रियः ॥

देखिँदैनन् यहाँ पाउ गोपीका कृष्णले यतै ।
बिझ्लान् काँडा भनी यद्वा बोके कि ? काँधमा कतै ॥

यहाँ श्रीकृष्णका साथमा गएकी गोपीका पाउका चिन्हहरू देखिँदैनन् । यहाँ आएर श्रीकृष्णले प्यारी गोपीनीका कोमल पाउहरूमा घाँसका सुइराहरू नबिझून् भनेर आफ्ना काँधमा बोकेर लगेजस्तो देखिन्छ ।

(३१)

इमान्यधिकमग्नानि पदानि वहतो वधूम् ।
गोप्यः पश्यत कृष्णस्य भाराक्रान्तस्य कामिनः ॥

यहाँ हेर त साथि हो ! कृष्णका पाउ ती दुवै ।
अत्यन्त भारले गर्दा धर्तीमा धसिए खुबै ॥
साँच्चै नै उस कामीले बोकेर युवतीकन ।
गएको यसले गर्छ अवश्यै पनि सूचन ॥

हे सखि हो ! यहाँ हेर ! श्रीकृष्णका पैतालाहरू केही धसिएका छन् । श्रीकृष्णले पक्कै पनि उनैलाई बोकेर हिंडे होलान् । त्यसैको भारले गर्दा यसरी पैतालाहरू भूमिमा धसिएका छन् । साँच्चै नै कामासक्त श्रीकृष्णले आफ्नी ती प्रियतमालाई आफ्ना पिठिउँमा बोकेर लगे होलान् ।

(३२)

अत्रावरोपिता कान्ता पुष्पहेतोर्महात्मना ।
अत्र प्रसूनावचयः प्रियार्थे प्रेयसा कृतः ।
प्रपदाक्रमणे एते पश्यतासकले पदे ॥

यहाँ श्रीकृष्णले फूल टिप्नका खातिरै भनी ।
राख्नु भो प्रेयसीलाई भूमिमा प्रेमले अनि ॥
पैताला दुइटै टेकी फूल टिप्ने हुँदा तब ।
पैताला भासिएका छन् देखिन्नन् कुर्कुचा अब ॥

हे साथि हो ! हेर त यहाँ श्रीकृष्णले प्रेयसीका लागि फूल टिप्नका निमित्त आफ्नी प्रेयसीलाई भूमिमा राख्नु भएछ । श्रीकृष्णले पैताला टेकेर फूल टिप्नु भएको त्यसैकारण श्रीकृष्णका पैताला भूमिमा भासिएका छन् । पछाडिका कुर्कुच्चा धरतीमा टेकिएका देखिँदैनन् ।

(३३)

केशप्रसाधनं त्वत्र कामिन्याः कामिना कृतम् ।
तानि चूडयता कान्तामुपविष्टमिह ध्रुवम् ॥

कृष्णले एक कामीझैँ उस्को केशप्रसाधन ।
गरेछन् अनि लाएछन् चुल्ठामा पुष्प तत्क्षण ॥

हे साथि हो ! यहाँ बसेर श्रीकृष्णले कामी पुरुषलेझैँ आफ्नी प्रेयसीको कपाल बाटिदिएछन् । त्यसपछि आफूले टिपेका सुन्दर फूलहरू आफ्नी प्रेयसीका चुल्ठामा लगाइदिएछन् ।

(३४)

रेमे तया चात्मरत आत्मारामोऽप्यखण्डितः ।
कामिनां दर्शयन् दैन्यं स्त्रीणां चैव दुरात्मताम् ॥

हे राजन् ! भगवान् कृष्ण आत्माराम भए पनि ।
स्त्रीका वश परी खेले स्त्रीका दाससरी बनी ॥
योटैमात्र परब्रह्म खेल्ने के कसले कहाँ ।
स्त्रीको कुटिलतामात्र देखाए कृष्णले यहाँ ॥

हे परीक्षित् ! भगवान् श्रीकृष्ण साक्षात् परब्रह्म परमेश्वर हुनुहुन्छ र आत्माराम हुनुहुन्छ । श्रीकृष्ण एकमात्र अखण्ड ब्रह्मतत्त्व भएपछि अर्को दोस्रो तत्त्व हुने कुरै भएन । आफू बाहेक अर्को वस्तु नभएपछि श्रीकृष्णले कामीको रूपमा कामिनीसँग प्रेम गर्ने कल्पनै हुनसक्दैन । वस्तुतथ्य त्यस्तो भए पनि भगवान् श्रीकृष्णले कामी पुरुषहरूको दीनता र स्त्रीपरवशताका साथै स्त्रीहरूको कुटिलतासमेत देखाउँदै त्यस एकान्त वनमा ती एक्ली युवती गोपीसँग श्रीकृष्णले नानाथरीका खेल खेल्नु भयो ।

(३५)

इत्येवं दर्शयन्त्यस्ताश्चेरुर्गोप्यो विचेतसः ।
यां गोपीमनयत् कृष्णो विहायान्याः स्त्रियो वने ॥

यसरी गोपिनी सारा विक्षिप्त तुल्य भैकन ।
कृष्णका पाइला हेर्दै घुम्न थाले वनैवन ॥
गइथिन् गोपिनी यौटी कृष्णका साथमा जुन ।
संभ्फिइन् उनले प्यारी कृष्णाकी सन्कियो मन ॥

यसरी गोपीहरू अत्यन्त विक्षिप्त जस्ता भएर एउटीले अर्कीलाई श्रीकृष्णका चरणचिन्हहरू देखाउँदै एक वनबाट अर्को वनमा घुम्दै रहे । उतापट्टि भगवान् श्रीकृष्णले अरू सारा गोपीलाई छोडेर साथमा एउटी गोपीलाई लिएर जानुभएको थियो ।

(३६)

सा च मेने तदात्मानं वरिष्ठं सर्वयोषिताम् ।
हित्वा गोपीः कामयाना मामसौ भजते प्रियः ॥

चाहने सब छोडेर लठ्ठ मैसँग नै वनी ।
मलाई कृष्णले ल्याए म नै छु प्यारकी धनी ॥
नारीमा श्रेष्ठ नै मै हुँ मेरो नै मान गर्दछन् ।
श्रीकृष्ण प्रिय छन् मेरा मेरो आदर गर्दछन् ॥

अरू गोपीहरू पनि श्रीकृष्णलाई अत्यन्त प्रेम गर्थे र चाहना पनि गर्दथे । तर सवैलाई छोडेर मलाई नै अत्यन्त मन पराएर श्रीकृष्णले आफ्ना साथमा लिएर एकान्त वनमा आउनु भयो । यसै कारणले पनि म अरू नारीहरूभन्दा सर्वश्रेष्ठ छु । मलाई उहाँ अत्यन्त चाहनुहुन्छ, प्रेम गर्नुहुन्छ र मेरो नै अत्यन्त मान गर्नुहुन्छ भनेर श्रीकृष्णका साथमा गएकी गोपीले ठानिन् ।

(३७)

ततो गत्वा वनोद्देशं दृप्ता केशवमब्रवीत् ।
न पारयेऽहं चलितुं नय मां यत्र ते मनः ॥

गोपिनी कृष्णका साथ वनभित्र जसै गइन् ।
कृष्णका प्रेमले गर्दा गर्वान्वित निकै भइन् ॥
लाडिएर भनिन् थाकें हिंड्न सक्तिन लौ अव ।
जहाँ छ मन लैजाऊ जसरी हुन्छ केशव !

हे राजन् ! जब ती गोपी श्रीकृष्णका साथमा वनभित्र पसिन् तब अत्यन्त लाडिएर श्रीकृष्णलाई भन्न थालिन् "हे केशव ! म अब हिंड्न् सक्तिन, थाकिसकें, तपाई जहाँ चाहनुहुन्छ त्यहीं मलाई लिएर जानुहोस् ।"

(३८)

एवमुक्तः प्रियामाह स्कन्ध आरुह्यतामिति ।
ततश्चान्तर्दधे कृष्णः सा वधूरन्वतप्यत ॥

कुरा सुनेर गोपीको भने श्रीकृष्णले पनि ।
काँधमा चढ हे प्यारि ! ममाथि गर लौ जनी ॥
गोपी चढ्न भनी आँटिन् काँधमा कृष्णको जब ।
अन्तर्धान भए कृष्ण गोपी दुःखी भइन् तब ॥

गोपीको त्यस प्रकारको कुरा सुनेपछि श्रीकृष्णले पनि आफ्नी प्रियतमालाई मेरो काँधमा चढ भनेर केही झुकेझैं गर्नुभयो । गोपी पनि कृष्णको काँधमा चढ्न लागेकी थिइन् । त्यसै बेलामा भगवान् श्रीकृष्ण त्यहीं अन्तर्धान हुनुभयो । त्यसपछि ती गोपी त्यहीं बसेर पछुताउन लागिन् ।

(३९)

हा नाथ रमण प्रेष्ठ क्वासि क्वासि महाभुज ।
दास्यास्ते कृपणाया मे सखे दर्शय सन्निधिम् ॥

हे नाथ ! रमण ! प्रेमी ! कहाँ छौ हे महाभुज !
दासी चरणकी तिम्री दुःखी छु अहिले बुझ ॥
हे साथि ! अति नै चाँडै जहाँ तिमी भए पनि ।
देऊ दर्शन हे नाथ ! दयालु अति नै बनी ॥

हे नाथ ! हे रमण ! हे प्रियतम ! हे महाभुज ! हजूर कहाँ हुनुहुन्छ ? मेरा हे प्रिय साथि ! म तपाईकी अत्यन्त दीनहीन दासी हुँ । चाँडोभन्दा चाँडो मलाई तपाई आफ्नो सान्निध्य उपलब्ध गराउनुहोस् । मलाई चाँडै दर्शन दिनुहोस् ।

(४०)

अन्विच्छन्त्यो भगवतो मार्गं गोप्योऽविदूरतः ।
ददृशुः प्रियविश्लेषमोहितां दुःखितां सखीम् ॥

हे राजन् ! गोपिनी सारा खोज्दै कृष्ण भएतिर ।
जाँदा जङ्गलका भित्र देखे साथी त्यहीँ निर ॥
कृष्णकासाथ भागेकी गोपिनी कृष्णले तर ।
छोड्दिँदा भइथिन् मूर्च्छा भएर अति काँतर ॥

हे राजा परीक्षित् ! गोपीहरू भगवान् श्रीकृष्णका पदचिन्हहरू हेर्दै उहाँ जानु भएको वाटो पत्ता लगाउँदै वनको एक छेउसम्म पुगे । त्यहाँ पुगेपछि केही टाढैवाट श्रीकृष्णकासाथ गएकी आफ्नी साथीलाई प्रियतम श्रीकृष्णले छोडेर हिँडेपछि उहाँका वियोगमा दुःखी भएर मूर्च्छा परेकी देखे ।

(४१)

तया कथितमाकर्ण्य मानप्राप्तिं च माधवात् ।
अवमानं च दौरात्म्याद् विस्मयं परमं ययुः ॥

उठेर उन गोपीले आफ्नू र कृष्णको कथा ।
सुनाइन् बेलिविस्तार सम्पूर्ण प्रेमको व्यथा ॥
आफ्नै घमण्डले गर्दा आफ्नै दौरात्म्यले गरी ।
एक्लै जङ्गलमा छोडी अन्तर्धान भए हरि ॥
उनले सब वृत्तान्त सुनाइन् क्रमले जब ।
सुनेर गोपिनी सारा परे आश्चर्यमा तब ॥

श्रीकृष्ण अन्तर्धान भएपछि विरहको कारण अचेत भएकी गोपी अरू गोपीहरू पुगेपछि सचेत भएर उठिन् । त्यसपछि ती गोपीले आफ्ना साथी गोपीहरूलाई आफू र श्रीकृष्णका बीचमा

भएको प्रगाढ प्रेम सम्बन्ध, आफूले देखाएको अति घमण्ड र कुटिल व्यवहारका साथै श्रीकृष्णलाई गरेको अपमानका कारणले नै भगवान् श्रीकृष्ण अन्तर्धान हुनुभएको कुरासमेत सुनाइन् । त्यो कुरा सुनेपछि अरू गोपीहरूमा आश्चर्यको सीमा रहेन ।

(४२)

ततोऽविशन् वनं चन्द्रज्योत्स्ना यावद्विभाव्यते ।
तमः प्रविष्टमालक्ष्य ततो निववृतुः स्त्रियः ॥

त्यहाँ पछि सबै गोपी चन्द्रज्योत्स्ना भएतक ।
वनभित्र गए खोज्दै भएर अति भावुक ॥
अँध्यारो जब देखेथे अनकण्टारको वन ।
फर्किए अनि ती गोपी अति खिन्न भईकन ॥

त्यसपछि वनमा जहाँसम्म चन्द्रमाको प्रकाश फैलिएको थियो, त्यहाँसम्म श्रीकृष्णलाई खोज्दै गोपीहरू गए । त्यहाँभन्दा अगाडि घनघोर वन र चुकअमिलो घोप्ट्याए जस्तो निविड अन्धकार देखेपछि गोपीहरू त्यहीँबाट फर्किए ।

(४३)

तन्मनस्कास्तदालापास्तद्विचेष्टास्तदात्मिकाः ।
तद्गुणानेव गायन्त्यो नात्मागाराणि सस्मरुः ॥

थिए ती गोपिनी सारा कृष्णमा अति तन्मय ।
हाउभाउ र बोलीमा भए झन् कृष्ण नै मय ॥
कृष्णको गुण गाएर गोपी मग्न भए अति ।
म मेरो अल्पियो राजन् ! भयो सम्पूर्ण विस्मृति ॥

ती गोपीहरूको मन कृष्णमय नै भइसकेको थियो । उनीहरूका वाणीमा कृष्णको गुणगान बाहेक अरू कुनै कुरा थिएन ।

गोपीहरूका शरीरबाट श्रीकृष्णकै अभिनय निस्किन्थ्यो र सम्पूर्ण चेष्टाहरू पनि श्रीकृष्णमय नै हुन्थे । यतिमात्र होइन उनीहरूले आफ्ना घर, पति, पुत्र आदि र आफ्नै शरीरसमेतलाई पनि पूर्ण रूपमा बिर्सिइसकेका थिए ।

(४४)

पुनः पुलिनमागत्य कालिन्द्याः कृष्णभावनाः ।
समवेता जगुःकृष्णं तदागमनकाङ्क्षिताः ॥

फेरि ती गोपिनी सारा कालिन्दीतटमा गई ।
कृष्णागमन आकाङ्क्षा राखी तन्मय नै भई ॥
एकैसाथ सबै गोपी अति भक्ति लिईकन ।
कृष्णका गुणलीलाको थाले ती गीत गाउन ॥

ती गोपीहरू फेरि श्रीकृष्ण अन्तर्धान हुनुभएकै ठाउँ यमुनाकै बगरमा फर्किए । उनीहरू कृष्णभावनाले अत्यन्त आप्लावित भएका थिए । श्रीकृष्ण चाँडै फर्केर आऊन् भन्ने आकाङ्क्षा राखेर ती गोपीहरूले समूह समूहमा बाँडिएर समवेत स्वरमा श्रीकृष्णको गुणगान गर्न थाले । अर्थात् गोपीहरूले एकतीसौं अध्यायमा वर्णन गरिने गोपीगीत (जयतितेऽधिकम्) गाउन थाले ।

भागवत १०।३०।१।४५

(४५)

तेस्रो अध्याय

गोपीहरू भन्छन्-

जयति तेऽधिकं जन्मना व्रजः श्रयत इन्दिरा शश्वदत्र हि।
दयित दृश्यतां दिक्षु तावकास्त्वयि धृतासवस्त्वां विचिन्वते॥

व्रज भयो महान् नाथ जन्मँदा , अब रमा यहीं बस्तछिन् सदा।
सकलभित्र छौ कृष्ण जान्दछौँ , हजुर निम्ति नै प्राण धान्दछौँ।
कति घुमौँ हरे ! घोर यो वन , प्रिय छिटै दिनोस् दिव्य दर्शन॥

हे ! कृष्ण हजूरका जन्मले व्रजको महिमा बढेको छ । लक्ष्मीजी यहीं नित्यनिरन्तर बस्न लाग्नुभएको छ । हामी हजूरका दासीहरू हौँ । हजूरकै निम्ति हामीहरू बाँचिरहेका छौं । हामीहरू हजूरलाई खोज्न यताउति घुमिरहेका छौं । हे प्रियतम ! हामीहरूलाई अब चाँडै दर्शन दिनुहोस् ।

(१)

शरदुदाशये साधुजातसत्सरसिजोदरश्रीमुषा दृशा ।
सुरतनाथ तेऽशुल्कदासिकावरद निघ्नतो नेह किं वधः॥

शरदकालका स्वच्छ नीरमा सहज फक्रने पद्मबीचमा।
जुन छ रम्यता त्यो हजूरका नयनमा सधैँ बस्छ भै ढिका।
नयनले तिनै हेर्दछौ जब, वध गरेर नै छोड्दछौ तब।
नयन युग्मले गर्दछौ वध, सुरतनाथ हे ! हुन्न के वध ?
युवति गोपिनी पात्र कामका, सकल किङ्करी हौँ बिदामका॥

शरत्कालीन निर्मल तलाउमा फुलेका सुन्दर कमल भित्रको कणिकाको सौन्दर्यलाई पनि जित्ने हजूरका आँखा छन् । ती आँखाले

हामी विनामूल्यका दासीहरूको हत्या गरेका छन् । हे वरद ! आँखाको हेराइबाट भएको हत्या के हत्या होइन र ? परन्तु हत्या नै हो ।

(२)

विषजलाप्ययाद्व्यालराक्षसाद्वर्षमारुताद्वैद्युतानलात् ।
वृषमयात्मजाद्विश्वतोभयादृषभ ते वयं रक्षिता मुहुः ॥

पुरुषसिंह हे ! सर्प राक्षस, सकल ती भए नाथका वश ।
विविध कष्ट वा दुःखमा पनि, अभय जो दियौ ढालझैँ बनी ॥

हे कृष्ण ! हजूरले यमुनाको विषालु जल, अजिङ्गरको आक्रमण, आँधी, वर्षा, डँढेलो, वृषभासुर आदि राक्षसहरूका सम्पूर्ण भयबाट समेत हामीहरूको रक्षा गर्नुभएको छ ।

(३)

न खलु गोपिकानन्दनो भवानखिलदेहिनामन्तरात्मदृक् ।
विखनसार्थितो विश्वगुप्तये सख उदेयिवान् सात्वतां कुले ॥

हजुर होइनौ गोपिकासुत, सकल भित्र छौ साक्ष्य अद्भुत ।
अजनको सुनी प्रार्थना सब, यदुकुलैविषे जन्मियौ तव ॥

हे साथि ! हजूर केवल यशोदाको छोरोमात्र हुनुहुन्न । हजूर त सम्पूर्ण प्राणीहरूका हृदयमा बस्ने साक्षीचैतन्य हुनुहुन्छ । ब्रह्माका प्रार्थनाले विश्वको रक्षा गर्न हजूर यदुकुलमा अवतीर्ण हुनुभएको हो ।

(४)

विरचिताभयं वृष्णिधुर्य ते चरणमीयुषां संसृतेर्भयात् ।
करसरोरुहं कान्त कामदं शिरसि धेहि नः श्रीकरग्रहम् ॥

जनममृत्युका त्रासले गरी, शरण पर्छ जो पाउमा परी।
प्रणत भक्तका ती सबै भय, यदुपते ! तिमी गर्दछौ क्षय।
जलधिजाभुजा पक्रने कर, कमलबाहु ती माथमा धर ॥

हे कान्त ! जन्ममृत्युरूप संसारको चक्रदेखि डराएर हजूरका चरणका शरणमा आएका भक्तहरूलाई हजूर अभय दान दिनुहुन्छ। हे वृष्णिकुलका श्रेष्ठ पुरुष ! हजूरका भक्तहरूलाई अभय दान दिने तिनै करकमल कृपा गरेर हाम्रा शिरमाथि पनि राखिदिनुहोस्।

(५)

व्रजजनार्तिहन् वीर योषितां निजजनस्मयध्वंसनस्मित।
भज सखे भवत्किङ्करीः स्म नो जलरुहाननं चारु दर्शय ॥

मुसुमुसू जसै कृष्ण ! हाँस्तछौ, स्वजनको सबै गर्व नास्तछौ।
व्रजजनार्तिहन् ! वीर हे वर ! कमल नेत्र हे ! निस्क सत्वर ॥

व्रजवासीहरूको दुःख दूर गर्ने हे वीर ! हजूरको मन्द हाँसो आफन्तजनको सम्पूर्ण घमण्डलाई चूर्ण गर्न पर्याप्त छ। हामीहरू त हजूरका दासीहरू हौं। हजूरका चरणकमलमा हामी सधैं समर्पित छौं।

(६)

प्रणतदेहिनां पापकर्शनं तृणचरानुगं श्रीनिकेतनम्।
फणिफणाऽर्पितं ते पदाम्बुजं कृणु कुचेषु नः कृन्धि हृच्छयम् ॥

प्रणत भक्तको पाप हर्दिने, पशु लिई सँगै नित्य हिँड्दिने।
चरण राख ती वक्षमा अब, हृदयका व्यथा नाश हून् सब ॥

हे कृष्ण ! हजूरका ती चरणकमलहरू शरणमा आएका प्राणीहरूका सारा पापहरू नाश गर्न समर्थ छन् । स्वयं लक्ष्मीजी पनि ती चरणकमलहरूको सधैं सेवा गर्नुहुन्छ । हजूर तिनै कमलजस्ता पाउहरूले पशुहरूका पछिलागेर वनमा हिंड्नुहुन्छ । हजूर हामीहरूका रक्षाका निम्ति तिनै पाउहरू सर्पका फणामा राख्नु हुन्छ । हजूर आफ्ना तिनै चरणकमलहरू हाम्रा छातीमा राखेर हाम्रो हृदयको व्यथालाई शान्त गरिदिनुहोस् ।

(७)

मधुरया गिरा वल्गुवाक्यया बुधमनोज्ञया पुष्करेक्षण ।
विधिकरीरिमा वीर मुह्यतीरधरसीधुनाऽऽप्याययस्व नः ॥

मधुर वाक्यले हर्दछौ सुध, कमल नेत्र हे ! मुग्ध छन् बुध ।
सकल किङ्करी मुग्ध आज छौं, अधरपानको आश गर्दछौं ॥

कमलनयन हे कृष्ण ! हजूरको वाणी अत्यन्त मधुर छ । हजूरका वाणीमा ठूलाठूला विद्वान्हरू पनि रमाउँछन् र त्यसमा आफ्नो सर्वस्व समर्पण गरिदिन्छन् । हजूरको त्यही वाणीमा हजूरका आज्ञाकारिणी हामी दासीहरू पनि मोहित भएका छौं । हामीहरूलाई अमृतभन्दा पनि मीठो हजूरको अधरसीधुको पान गराउनुहोस् ।

(८)

तव कथाऽमृतं तप्तजीवनं कविभिरीडितं कल्मषापहम् ।
श्रवणमङ्गलं श्रीमदाततं भुवि गृणन्ति ते भूरिदा जनाः ॥

अमृत हो कथा तप्तजीवको, सकल नास्छ यो मूल पापको ।
कवि सुनाउँछन् कीर्ति निर्मल, श्रवणमात्रले गर्छ मङ्गल ।
मधुर मादले युक्त भैकन, सकल भक्तको हर्छ यो मन ।
हजुरको कथा जो सुनाउँछन्, भुवनमा तिनै दानवीर हुन् ॥

हे प्रभो ! हजूरको लीलाकथा सन्तप्तजनहरूका लागि अमृत नै हो। ठूला ज्ञानी र कविहरूले त्यसको गान गरेका छन्। त्यसबाट सारा पाप र ताप पखालिन्छन्। हजूरका लीलाकथाहरूको श्रवण गर्नाले सबैको मङ्गल हुन्छ। हजूरका कथाहरू मनमोहक मादकताले आप्लावित छन्। जसले हजूरका ती कथाहरूको गान गर्दछन्, तिनीहरू पृथ्वीका सबैभन्दा ठूला दानीहरू हुन्।

(९)

प्रहसितं प्रिय प्रेमवीक्षणं विहरणं च ते ध्यानमङ्गलम्।
रहसि संविदो या हृदिस्पृशः कुहक नो मनः क्षोभयन्ति हि ॥

अधि थियो हँसी प्रेमवीक्षण, हृदयमा थियो ध्यान चिन्तनं।
जब त भेट भो सुम्पियौँ मन, कपट छोड हे ! नन्दनन्दन !

हे प्यारा कृष्ण ! शुरुशुरुमा हजूरका नाना प्रकारका क्रीडाहरूको ध्यान गरेर हामीहरू आनन्दले बस्तथ्यौँ। त्यसपछि हजूरसँग भेट भयो। हजूरले एकान्तमा हामीहरूसँग हृदयस्पर्शी प्रेमका कुराहरू गर्नुभयो। यसरी मोहित पार्ने हे कप्टि ! अब त ती कुराहरूका संझनाले पनि हाम्रो हृदय अत्यन्त क्षुब्ध भएर आउँछ।

(१०)

चलसि यद् व्रजाच्चारयन् पशून् नलिनसुन्दरं नाथ ते पदम्।
शिलतृणाङ्कुरैः सीदतीति नः कलिलतां मनः कान्त गच्छति ॥

पशुहरू सबै साथमा भई, विपिनमा तिमी घुम्दछौ गई।
सकस पाउलान् पाउले भनी, सकल बस्तछौँ दीन झैँ बनी ॥

हे कान्त ! हजूरका चरणहरू कमलभन्दा पनि कोमल र सुन्दर छन्। हजूर पशुहरू चराउन जब व्रजबाट वनमा जानुहुन्छ तब

कहीं हजूरका पाउहरूमा तीखा ढुङ्गा र काँढा विझ्लान् भन्ने डरले हाम्रो मन दिनभरि नै अत्यन्त दुःखी भइरहन्छ ।

(११)

दिनपरिक्षये नीलकुन्तलैर्वनरुहाननं विभ्रदावृतम् ।
घनरजस्वलं दर्शयन् मुहुर्मनसि नः स्मरं वीर यच्छसि ॥

जब उदाउँछौ साँझमा घर, अलक बन्दछन् धूलिधूसर ।
सकल देख्तछौं श्याम सुन्दर, मन नथामिने जे सुकै गर ॥

हे वीर ! जब हजूर दिन ढलेपछि वनबाट घर फर्कनु हुन्छ । त्यस बेला हजूरका मुखकमलमा नीला अलकहरू झुण्डिइरहेका हुन्छन् । ती अलकहरू गाईहरूका खुरले उडाएको बाक्लो धूलो लागेर धूलाम्मे देखिन्छन् । हे प्रियतम ! हजूरको त्यो अपूर्व सौन्दर्य देखेर हाम्रो हृदयमा हजूरसँग भेट गर्ने आकाङ्क्षा झन् प्रवल भएर आउँछ ।

(१२)

प्रणतकामदं पद्मजार्चितं धरणिमण्डनं ध्येयमापदि ।
चरणपङ्कजं शन्तमं च ते रमण नः स्तनेष्वर्पयाधिहन् ॥

प्रणतको कुरा पूर्ण गर्दिने, चरण ती रमाबाट पूजिने ।
भुवनमा सधैं दिव्य देखिने, भय हुँदा तिनै नित्य सम्झिने ।
चरण पद्म हुन् कृष्ण ! नाथका, शिवद छन् सधैं निम्ति भक्तका ।
रमण हे ! तिनै पाउ सुन्दर, मदनतप्त यो बक्षमा धर ॥

हे प्रियतम ! हजूरका चरणकमलहरू शरणमा आएका भक्तहरूका समस्त अभिलाषाहरू पूर्ण गर्दछन् । स्वयं ब्रह्माजी पनि ती चरणकमलहरूको सधैं सेवा गर्दछन् । हजूरका चरणकमलहरू यस पृथ्वीका आभूषण नै हुन् । आपत्तिका बेलामा ती चरणकमलहरूको ध्यान गर्नाले सारा आपत्तिहरू टरेर जान्छन् । हे कृष्ण ! हजूरका

तिनै चरणकमलहरू हाम्रा सन्तप्त छातीमा राखेर हाम्रो हृदयलाई शान्त गरिदिनुहोस् ।

(१३)

सुरतवर्धनं शोकनाशनं स्वरितवेणुना सुष्ठु चुम्बितम् ।
इतररागविस्मारणं नृणां वितर वीर नस्तेऽधरामृतम् ॥

रति बढाउने शोक नाशने, स्वरित वेणुले ओठ जो छुने ।
इतर रागको गर्दिने क्षय, अमृत ओठको बाँड निर्भय ॥

हे वीर ! हजूरले बजाउने वेणुले चुम्बन गरिएको हजूरको अधरामृतले मिलनको आकाङ्क्षालाई बढाउँछ । त्यसले विरहजन्य समस्त सन्तापलाई नष्ट गरिदिन्छ । हजूरको अधरामृत जसले एक पटक पान गर्दछ उसलाई संसारको कुनै पनि रागले छुन सक्तैन । हे कृष्ण ! हजूरको त्यही अधरामृत कृपा गरेर हामीहरूलाई पनि दिनुहोस् ।

(१४)

अटति यद् भवानन्हि काननं त्रुटिर्युगायते त्वामपश्यताम् ।
कुटिलकुन्तलं श्रीमुखं च ते जड उदीक्षतां पक्ष्मकृद् दृशाम् ॥

दिनहुँदो तिमी घुम्दछौ वन, क्षण हुने युगौं रुन्छ यो मन ।
जब त आउँछौ साँझमा घर, नयन झिम्किने देख्न दुस्तर ।
नयनपक्ष्म यी सिर्जिने अज, अबुझ हुन् हरे ! पद्मनाभज ॥

हे कृष्ण ! जब दिनमा हजूर वनमा जानुहुन्छ । त्यस बखत हामीहरूलाई एक क्षण पनि युगसमान हुन्छ । हजूर साँझमा वनबाट घर फर्कनुहुँदा हजूरका घुम्रिएका अलकहरूले ढाकिएको तपाईंको सुन्दर मुखारविन्दको हामीहरू राम्ररी दर्शन गर्न पनि पाउँदैनौं । किनभने मूर्ख ब्रह्माजीले बनाएका परेलाहरू त्यसै बेला झिम्किदिन्छन् ।

(१५)

चौथो अध्याय

श्रीशुकदेव भन्नुहुन्छ-

इति गोप्यः प्रगायन्त्यः प्रलपन्त्यश्च चित्रधा ।
रुरुदुः सुस्वरं राजन् कृष्णदर्शनलालसाः ॥

हे राजन् ! यसरी गोपी विलाप अति नै गरी ।
गाउँदै सब ती रोए डाँको छोडेर धर्धरी ॥

हे राजन् ! भगवान् श्रीकृष्णसँग बिछोड भएपछि ती गोपीहरू बिछोडको पीडा सहन नसकेर नानाथरीका गीतहरू गाउँदै र बिलौना समेत गर्दै श्रीकृष्णको दर्शन पाउने लालसाले ठूलो डाँको छोडेर रुन थाले ।

(१)

तासामाविरभूच्छौरिः स्मयमानमुखाम्बुजः ।
पीताम्बरधरः स्रग्वी साक्षान्मन्मथमन्मथः ॥

गोपीकै बीचमा कृष्ण माला र पीत अम्बर-
पैह्रेर देखिए हाँस्तै साक्षात् मन्मथ ईश्वर ॥

त्यसपछि गोपीहरूकै माझमा भगवान् श्रीकृष्ण प्रकट हुनुभयो । भगवान्को मुखकमलमा मन्दमन्द हाँसो थियो । त्यसैगरी भगवान्का शरीरमा पीताम्बर र गलामा वनमाला थियो । भगवान्को त्यो मोहनी मूर्ति साक्षात् कामदेवको मनलाई पनि मोहित

पार्ने खालको थियो । अर्थात् सम्पूर्ण प्राणीहरूका मनलाई मथन गर्ने कामदेव हुन् भने ती कामदेवको मनलाई पनि मथन गर्ने भगवान् श्रीकृष्णको त्यो लावण्ययुक्त मनोहर स्वरूप थियो ।

(२)

तं विलोक्यागतं प्रेष्ठं प्रीत्युत्फुल्लदृशोऽबलाः ।
उत्तस्थुर्युगपत् सर्वास्तन्वः प्राणमिवागतम् ॥

देखेर प्रिय ती कृष्ण अत्यन्त खुश भैकन ।
एकैचोटि उठे गोपी हत्पताएर तत्क्षण ॥
निष्प्राण तनमा मानो प्राण आएसरी गरी ।
सारा शरीरमा फैल्यो फूर्ति विद्युत्प्रभासरी ॥

आफ्ना परम प्रियतम भगवान् श्रीकृष्ण आफ्ना बीचमा अनायास आएको देखेपछि गोपीहरूका नेत्रकमल प्रेमानन्दले प्रफुल्लित भएका थिए । मृतशरीरमा एकाएक प्राणको सञ्चार भएजस्तै गरेर गोपीहरू जऱ्याकजुरूक एकैचोटि उठेका थिए । गोपीहरूका अङ्गप्रत्यङ्गमा नव चेतना र स्फूर्तिको एकैचोटि सञ्चार भएको थियो ।

(३)

काचित् कराम्बुजं शौरेर्जगृहेऽञ्जलिना मुदा ।
काचिद् दधार तद्बाहुमंसे चन्दनरूषितम् ॥

समातिन् एक गोपीले कृष्णको पद्मभैँ कर ।
अर्कीले चन्दनालिप्त कृष्णको कर सुन्दर ॥
काँधमाथि लगी राखिन् समाइकन सत्वर ।
अत्यन्त हर्षका साथ भएर अति तत्पर ॥

एउटी गोपीले अत्यन्त प्रेम र आनन्दले आप्लावित हुँदै भगवान् श्रीकृष्णको कमल जस्तो हात आफ्ना दुवै हातले समातेकी थिइन् । त्यसैगरी अर्की गोपीले श्रीखण्डचन्दनले सुगन्धित भएको भगवान् श्रीकृष्णको हातलाई लगेर आफ्ना काँधमाथि राखेकी थिइन् ।

(४)

काचिदञ्जलिनागृण्हात्तन्वी ताम्बूलचर्वितम् ।
एका तदङ्घ्रिकमलं सन्तप्ता स्तनयोरधात् ॥

गोपिनी एउटीबाट पान श्रीकृष्णचर्वित ।
लिइयो हातमा खोसी भएर अति हर्षित ॥
अर्की गोपी उठिन् फेरि समातिन् कृष्णका पद ।
आफ्नो सन्तप्त छातीमा राखिन् टँसेर हत्पत ॥

कुनै एक गोपीले भगवान् श्रीकृष्णले चबाएको पानलाई आफ्ना हातमा लिएकी थिइन् । एउटी अर्की गोपीले आफ्नो अत्यन्त सन्तप्त छातीमा लगेर भगवान् श्रीकृष्णका पाउ राखेकी थिइन् ।

(५)

एका भ्रुकुटिमाबध्य प्रेमसंरम्भविह्वला ।
घ्नतीवैक्षत् कटाक्षेपैः संदष्टदशनच्छदा ॥

अर्की गोपी भइन् सारै प्रेमले अति काँतर ।
दाँतले ओठ टोकेर हेर्नथालिन् उनैतिर ॥

अर्की गोपी प्रणयकोपले अत्यन्त विह्वल हुँदै आफ्ना आँखीभुइँ तन्काउँदै आफ्नै दाँतले आफ्नै ओठ टोक्दै छड्के हेराइले भगवान् श्रीकृष्णलाई छेडौंलाझैं गर्दै उनैतिर हेर्न थालिन् ।

(६)

अपरानिमिषद्दृग्भ्यां जुषाणा तन्मुखाम्बुजम् ।
आपीतमपि नातृप्यत् सन्तस्तच्चरणं यथा ॥

अर्कीले टुल्ल भै आँखै नचिम्लीकन तन्तन ।
पद्मझैं कृष्णको वक्त्र गरिन् पान दनादन ॥
भइनन् तृप्त ती गोपी गरेर कृष्णदर्शन ।
जसरी सन्त बन्दैनन् गरी श्रीहरिदर्शन ॥

एउटी अर्की गोपी आफ्ना निर्निमेष आँखाले भगवान् श्रीकृष्णका मुखरूपी कमलका मकरन्दको पान गर्न थालिन् । जसरी सन्त महात्माहरू भगवान्का श्रीचरणको दर्शन गरेर तृप्त हुँदैनन् । त्यसैगरी ती गोपी पनि भगवान्को मुखमाधुरीको पान गरेर तृप्त भइनन् ।

(७)

तं काचिन्नेत्ररन्ध्रेण हृदिकृत्य निमील्य च ।
पुलकाङ्ग्युपगुह्यास्ते योगीवानन्दसम्प्लुता ॥

अर्कीले कृष्ण नै आँखाबाट भित्र लगीकन ।
आँखा चिम्लेर नै थालिन् कृष्णको गर्न चिन्तन ॥
आलिङ्गन गरिन् भित्रै रोमाञ्चित भइन् अनि ।
आनन्दमा भइन् मगन सिद्ध योगीसरी बनी ॥

अर्की एउटी गोपीले आँखाका माध्यमद्वारा भगवान् श्रीकृष्णलाई आफ्ना अन्तस्करणमा लिएर गइन् र दुवै आँखा चिम्म गरेर चिम्लिइन् । त्यसपछि मनैमनले भगवान्लाई आलिङ्गन गरिन् । त्यस आलिङ्गनबाट उनको सम्पूर्ण शरीर रोमाञ्चित भएको थियो ।

सिद्ध योगी जसरी समाधि अवस्थामा परमानन्दमा पुग्दछन्, त्यसै गरी ती गोपी पनि परमानन्दमा पुगेकी थिइन् ।

(८)

सर्वास्ताः केशवालोकपरमोत्सवनिर्वृताः ।
जहुर्विरहजं तापं प्राज्ञं प्राप्य यथा जनाः ॥

जसरी प्राज्ञका साथ पाएका भक्त सज्जन ।
आनन्दसाथ ती बस्छन् काटी अज्ञानबन्धन ॥
त्यसैगरी सबै गोपी पाएर कृष्णदर्शन ।
आनन्दमा भए मग्न नाशिए दुःख तत्क्षण ॥

हे राजन् ! जसरी मुमुक्षुहरू सन्त ज्ञानी महापुरुषलाई भेटेपछि यस भवबन्धनबाट मुक्त हुन्छन् । त्यसैगरी सबै गोपीहरूले भगवान् श्रीकृष्णको दर्शन पाएर ठूलो आनन्द प्राप्त गरेका थिए ।

(९)

ताभिर्विधूतशोकाभिर्भगवानच्युतो वृतः ।
व्यारोचताधिकं तात पुरुषः शक्तिभिर्यथा ॥

राजन् ! ती गोपिनी सारा शोकबाट भई पर ।
बसे घेरेर ती कृष्ण देखिए अति सुन्दर ॥
शोभा भो बहुतै दिव्य भगवान् शक्तिले युत-
हुँदामा जुन देखिन्छन् त्यस्तै भो छवि अद्भुत ॥

हे राजा परीक्षित् ! ती सारा गोपीहरू भगवान् श्रीकृष्णलाई आफ्ना बीचमा पाएर अत्यन्त आनन्दित हुँदै उनीहरूले भगवान्

श्रीकृष्णलाई चारैतिरबाट ढपक्क पारेर घेरेका थिए । त्यस वेला भगवान् श्रीकृष्णको शोभा, परमेश्वर साक्षात् ईश्वरका आफ्ना नित्यशक्ति (ज्ञान, बल, ऐश्वर्य आदि)बाट घेरिएर विराजमान हुँदा जस्तो अलौकिक शोभा देखिन्छ, भगवान् श्रीकृष्णको त्यस्तै शोभा देखिएको थियो ।

(१०)

ताः समादाय कालिन्द्या निर्विश्य पुलिनं विभुः ।
विकसत्कुन्दमन्दारसुरभ्यनिलषट्पदम् ॥

विस्तारै अनि ती कृष्ण गोपीसाथ लिई सब ।
कालिन्दीका किनारामा पस्नुभो मस्त भै तब ॥
त्यो बेला तट सम्पूर्ण पुष्पको गन्ध लीकन ।
बहने वायुका साथै थियो भ्रमरगुञ्जन ॥

त्यसपछि भगवान् श्रीकृष्ण गोपीहरूलाई साथमा लिएर यमुनाजीका सुन्दर किनारामा प्रवेश गर्नुभएको थियो । त्यस समयमा कुन्द र मन्दारपुष्पको बास्ना लिएर मन्दमन्द शीतल हावा चलिरहेको थियो । बास्नाले लट्ठिएर भमराहरू पनि यताउता घुमिरहेका थिए ।

(११)

शरच्चन्द्रांशसन्दोहध्वस्तदोषातमः शिवम् ।
कृष्णाया हस्ततरलाचितकोमलवालुकम् ॥

शरत्का चन्द्रको कान्ति फैलिएर झलामल ।
भगाएको छ सम्पूर्ण कालिमाको सबै मल ॥
कालिन्दीले स्वयं आफैँ अगाडि तीरमा सरी ।
वनाइन् छालले मञ्च नवीन बालुवा छरी ॥

शरद्ऋतुको पूर्णिमाका रातको पूर्ण चन्द्रको टहटह ज्योत्स्ना सम्पूर्ण अन्धकारलाई नाश गरेर चारैतिर फैलिएको थियो । चारैतर्फ आनन्दको वातावरण व्याप्त थियो । यमुनाजीले आफ्ना छालरूपी हातहरूद्वारा कोमल बालुवा ल्याएर आफ्ना सुन्दर किनारामा भगवान्ले गर्ने रासलीलाका लागि सुन्दर रङ्गमञ्च तयार पारिदिएकी थिइन् ।

(१२)

तद्दर्शनाल्हादविधूतहृद्रुजो मनोरथान्तं श्रुतयो यथा ययुः ।
स्वैरुत्तरीयैः कुचकुङ्कुमाङ्कितैरचीक्लृपन्नासनमात्मबन्धवे ॥

श्रीकृष्णको दर्शनले व्यथा गए, उल्लासले पूर्ण समस्त ती भए ।
कर्मादिले दिक्क भएर नै अति, ज्ञानांशको आश्रय खोज्दछन् श्रुति ।
श्रीको गरी दर्शन मस्त भैकन, गरी उनैमा सब भाव अर्पण ।
झिकी मजेत्रो कुचकुङ्कुमाङ्कित, श्रीमा गरे आसन झट्ट अर्पित ॥

हे राजन् ! भगवान् श्रीकृष्णको दर्शन पाएपछि गोपीहरू अत्यन्त खुशी भएका थिए । उनीहरूको सम्पूर्ण हृदयको सन्ताप नाश भएर गएको थियो । जसरी कर्मकाण्डमा जोड दिने वेदहरू अन्त्यमा गएर ज्ञानमा पर्यवसित हुन्छन् । त्यसै गरी गोपीहरू पनि अन्त्यमा कामनारहित भएर भगवान् श्रीकृष्णमा नै पूर्ण समर्पित भएका थिए । त्यसपछि गोपीहरूले आफ्ना कुचकुङ्कुमले अङ्कित पछ्यौराहरू आफ्ना प्राणेश्वर परमप्रियतम भगवान् श्रीकृष्णका आसनका लागि भुइँमा ओछ्याइदिएका थिए ।

(१३)

तत्रोपविष्टो भगवान् स ईश्वरो योगेश्वरान्तर्हृदि कल्पितासनः ।
चकास गोपीपरिषद्गतोऽर्चितस्त्रैलोक्यलक्ष्म्यैकपदं वपुर्दधत् ॥

बसे त्यसै आसनमा स्वयं हरि, योगीहरूका मनमा जसोगरी ।
गोपीहरूबाट भएर पूजित, चमक्क चम्के हरि भै श्रियान्वित ॥

ठूलाठूला योगीहरूका मनरूपी आसनमा विराजमान भएझैं गरी ती गोपीहरूद्वारा अत्यन्त प्रेमपूर्वक ओछ्याइएका उनका कुचकुङ्कुमाङ्कित मजेत्राका आसनमा भगवान् श्रीकृष्ण बस्नु भएको थियो । हजारौँ गोपीहरूका बीचमा बसेका भगवान् श्रीकृष्णको शोभा अत्यन्त आह्लादकारी देखिएको थियो । त्यस बेला भगवान् श्रीकृष्णले तीनै लोकको सम्पूर्ण सौन्दर्यलाई आफ्ना शरीरमा समेट्नु भएको थियो ।

(१४)

सभाजयित्वा तमनङ्गदीपनं सहासलीलेक्षणविभ्रमभ्रुवा ।
संस्पर्शनेनाङ्ककृताङ्घ्रिहस्तयोः संस्तुत्य ईषत्कुपिता बभाषिरे ॥

बढाउँदै प्रेम उमङ्गसम्भ्रम, मुसुक्क हाँस्ने भगवान् विनाभ्रम ।
गोपीहरू ती पनि मस्त भै सब, गरे खुला स्वागत कृष्णको तब ।
ताने कसैले पद काखमा लिए, ताने कसैले कर जो सँगै थिए ।
छोएर आनन्द लिएर तत्क्षण, थाले प्रशंसा पनि गर्न ती जन ।
केही रिसाए कि त ? झैँ गरीकन, वर्षा गरे प्रश्नहरू दनादन ॥

भगवान् श्रीकृष्णले पनि आफ्नू दिव्य सौन्दर्ययुक्त शरीरबाट गोपीहरूको प्रेम र आकाङ्क्षालाई अझ बढाइरहनु भएको थियो । गोपीहरूले पनि मन्द हाँसो र कर्के हेराइबाट श्रीकृष्णको स्वागत गरेका थिए । एक गोपीले श्रीकृष्णको पाउ तानेर आफ्ना काखमा राखिन् । अर्की कुनै गोपीले श्रीकृष्णको हात समातिन् । ती गोपीहरू भगवान् श्रीकृष्णका कमल जस्ता हात र पाउको स्पर्श गरेर प्रशंसा पनि गर्न थाले । त्यसपछि भगवान् श्रीकृष्ण अन्तर्धान भएपछि भएको

विरहको दुःख सम्झेर प्रणयकोपकासाथ श्रीकृष्णलाई गोपीहरू भन्नथाले ।

(१५)

गोपीहरू भन्छन् -

भजतोऽनुभजन्त्येक एक एतद्विपर्ययम् ।
नोभयांश्च भजन्त्येक एतन्नो ब्रूहि साधु भोः ॥

प्रेमीका साथमा गर्छन् कोही प्रेम भने तर ।
नगर्नेसँग नै गर्छन् कोही प्रेम निरन्तर ॥
दुवैका साथ कोही ता गर्दैनन् प्रेम नै तर ।
यिनमा कुन हो श्रेष्ठ भन्नुहोस् श्यामसुन्दर !

हे श्यामसुन्दर ! कुनै एक मान्छे आफूसँग प्रेम गर्ने प्रेमीसँग प्रेम गर्दछ । कुनै अर्को मान्छे आफूसँग प्रेम नगर्नेसँग पनि प्रेम गर्दछ । कुनै अर्को व्यक्ति भने आफूसँग प्रेम गर्नेसँग र नगर्नेसँग पनि प्रेम गर्दैन । हे कृष्ण ! यी तीन थरीमध्ये हजूरलाई कुन चाहिँ व्यक्ति ठीक लाग्दछ भन्नुहोस् ?

(१६)

श्रीभगवान् भन्नुहुन्छ-

मिथो भजन्ति ये सख्यः स्वार्थैकान्तोद्यमा हि ते ।
न तत्र सौहृदं धर्मः स्वार्थार्थं तद्धि नान्यथा ॥

हे गोपिजन हो ! जस्को प्रेम हुन्छ परस्पर ।
त्यो प्रेम स्वार्थले हुन्छ निःस्वार्थ हुन्न है तर ॥
सौहार्द धर्म निःस्वार्थ चाहिन्छ प्रेममा जुन ।
त्यो कुनै नहुने प्रेम प्रेमै हैन भनी गुन ॥

हे साथिहरू हो ! जो व्यक्ति अर्काले प्रेम गरेपछि प्रेम गर्नेसँग प्रेम गर्छ भने त्यो प्रेम स्वार्थी प्रेम हो । त्यस प्रेममा न सौहार्द रहन्छ न त धर्म नै रहन्छ । त्यसप्रकारको प्रेममा स्वार्थभन्दा अरू केही प्रयोजन रहँदैन ।

(१७)

भजन्त्यभजतो ये वै करुणाः पितरो यथा ।
धर्मो निरपवादोऽत्र सौहृदं च सुमध्यमाः ॥

बुझ हे गोपि हो ! कोही प्रेम नै नगरे पनि ।
गर्दछन् प्रेम निःस्वार्थ हितैषी अति नै बनी ॥
प्रेम गर्छन् स्वभावैले पितामाता सधैँभरि ।
तिनको मन पग्लन्छ सौहार्दभावले गरी ॥

हे सुन्दरिहरू हो ! जुन मान्छे प्रेम नगर्नेसँग पनि प्रेम गर्दछन् भने त्यस्ता मान्छेहरू दयालु, सज्जन र परम हितैषी हुन्छन् । त्यस्ता मान्छेमा मातापिताहरू पर्दछन् । आफ्ना सन्तानहरूप्रति उनीहरूको व्यवहार सर्वदा निःस्वार्थ र प्रेमपूर्ण हुन्छ । त्यसरी प्रेम गर्नु उनीहरूको धर्म नै हो ।

(१८)

भजतोऽपि न वै केचिद् भजन्त्यभजतः कुतः ।
आत्मारामा ह्याप्तकामा अकृतज्ञा गुरुद्रुहः ॥

गर्दैन प्रेम गर्ने नै सँग प्रेम कुनै जन ।
नगर्नेसँग के गर्ला त्यसले प्रेम लौ भन ?
यस्मा चारथरी पर्छन् यस्तो छ यिनको तह ।
आत्माराम आत्मकाम अकृतज्ञ गुरुद्रुहः ॥

केही मानिसहरू प्रेम गर्नेसँग पनि प्रेम गर्दैनन् भने प्रेम नगर्नेसँग प्रेम गर्ने त कुरै भएन। तिनमा पहिला थरी हुन् सधैँ आफ्नू आत्मस्वरूपमा रमाउने अद्वैतवादी महात्माहरू। दोस्रा थरी हुन् द्वैतवादी भए पनि माथिल्लो तहमा पुगेका भगवान्का भक्तहरू। तेस्रा थरी हुन् प्रेम भनेको थाहै नभएका अकृतज्ञहरू। चौथा तहका मान्छेहरू हुन् आफ्नो हित गर्ने मान्यजनको पनि अपमान गर्ने र दुःख दिने गुरुद्रोही व्यक्तिहरू।

(१९)

नाहं तु सख्यो भजतोऽपि जन्तून् भजाम्यमीषामनुवृत्तिवृत्तये।
यथाधनो लब्धधने विनष्टे तच्चिन्तयान्यन्निभृतो न वेद॥

गोपीहरू हो ! म त भक्तकासँग, जो गर्नुपर्थ्यो व्यवहार ऊसँग।
उल्टो म गर्छु व्यवहार तै पनि, लागोस् ममा नै मन भक्तको भनी।
गरीबले दौलत पाइ नष्ट, भयो भने ता जुन हुन्छ कष्ट।
त्यसै गरी मै पनि भेटिएर, हराउँछु प्रेम बढोस् भनेर॥

हे साथिहरू हो ! म त प्रेम गर्नेहरूसँग जसरी प्रेम गर्नु पर्दथ्यो त्यसैगरी प्रेम गर्दिन। मेरा भक्त प्रेमीहरूको चित्तवृत्ति अविच्छिन्नरूपमा ममा नै लागिरहोस् भन्ने उद्देश्यले म यस्तो काम गर्दछु। एउटा कुनै निर्धन व्यक्तिले धन पायो तर उसले त्यो धन हरायो भने उसको चित्त त्यो हराएका धनमा नै सधैँ लागिरहन्छ। म पनि त्यसैगरी तिमीहरूसँग भेट्दै हराउँदै गर्दछु। जसबाट तिमीहरू मलाई सधैँ सम्भिइरहने छौ।

(२०)

एवं मदर्थोज्झितलोकवेदस्वानां हि वो मय्यनुवृत्तयेऽबलाः।
मया परोक्षं भजता तिरोहितं मासूयितुं मार्हथ तत् प्रियं प्रियाः॥

हे गोपिनी हो ! सब वेदमार्ग, छोड्यौ मभन्दै अनि लोकमार्ग ।
आफन्त छोड्यौ म पछाडि लागी, छोड्यौ सबै स्वार्थ बनी विरागी ।
जानी सबै तै पनि हुन्छु टाढा, रहोस् ममा ठान्दछु सख्य गाढा ।
ममा कुनै दोष नदेख सत्य, छ प्रेम मेरो सब साथ नित्य ॥

हे अबला गोपीहरू हो ! यसप्रकार तिमीहरूले निश्चय नै मेरा लागि लोकलाज, वेदले बताएको मार्ग र आफ्ना आफन्त स्वजनहरूसमेतलाई त्यागिदियौ । यस अवस्थामा पुगेका तिमीहरूको चित्तको वृत्ति अरूतर्फ नलागोस् र मतिरमात्रै सधैँ लागिरहोस् भन्ने दृष्टिकोणले नै अप्रत्यक्षरूपमा तिमीहरूसँग म प्रेम गर्दछु ता पनि म तिमीहरूसँग भाग्दै हिँडिरहेको छु । यसमा तिमीहरू मलाई दोषी नठान । मैले हाम्रो प्रेमलाई अझ गाढा गराउनका लागि नै यसो गरेको हुँ । मेरा तिमीहरू अत्यन्त प्रिय छौ र म पनि तिमीहरूको अत्यन्त प्यारो छु ।

(२१)

न पारयेऽहं निरवद्यसंयुजां स्वसाधुकृत्यं विबुधायुषापि वः ।
या माभजन् दुर्जरगेहशृङ्खलाः संवृश्च्य तद् वः प्रतियातु साधुना ॥

साह्रै दरो त्यो घरबारशृङ्खला, तोड्यौ तिमीले सजिलै भयो थला ।
जो हुन्न योगीजनबाट सम्भव, गर्‍यौ तिमीले सजिलै उही सब ।
हाम्रो छ सम्बन्ध अतीव निर्मल, यो प्रेम हो प्राकृत शुद्ध निश्छल ।
लायौ मलाई ऋण यो छ दुस्तर, तिरिन्न पाए पनि देह निर्जर ।
गर्‍यौ भने क्यै शुभकार्य मैप्रति, बन्ने छु गोपी अऋणी म सम्प्रति ।
न ता युगौँ जन्म लिएर नै पनि, म हुन्छु तिम्रै जहिलेसुकै ऋणी ॥

हे प्रिय गोपिहरू हो ! तिमीहरूले मेरा लागि नै घरगृहस्थीरूपी छिनाउनै नसकिने बलियो साङ्लोलाई पनि छिनाएर

आयौ । ठूला ठूला योगी महात्माहरूले पनि गर्न नसक्ने त्याग र आँट तिमीहरूले गऱ्यौ । तिमीहरूका र मेरा बीचको यो प्रेम सम्बन्ध अत्यन्त निर्दोष र निर्मल छ । यदि मैले देवताको शरीर पाएर अनन्त समयसम्म तिमीहरूले गरेको प्रेम, सेवा र त्यागको ऋण तिर्न चाहेँभने पनि म तिर्न सक्तिन । म जन्मजन्मान्तर तिमीहरूको ऋणी भएर रहने छु । तिमीहरूले गरेका शुभकार्यहरूबाटै मलाई तिमीहरूले लगाएको ऋणबाट म उऋण हुनेछु । अन्यथा म सधैँ तिमीहरूको ऋणी नै भएर रहनेछु ।

भागवत-१०/३२/१-२२

(२२)

पाँचौँ अध्याय

श्रीशुकदेव भन्नुहुन्छ-

इत्थं भगवतो गोप्यः श्रुत्वा वाचः सुपेशलाः ।
जहुर्विरहजं तापं तदङ्गोपचिताशिषः ॥

सुनेर कृष्णको वाणी अत्यन्त नै मनोहर ।
बिर्से विरहको ताप गोपीले पनि सत्वर ॥
पाएर कृष्णको प्रेम आशीर्वचनले युत ।
गोपिनीले गरे पूर्ण आफ्ना सारा मनोरथ॥

हे राजन् ! भगवान्का (माथि ३२ औँ अध्यायको २२ औँ श्लोकमा बताइए अनुसारका "न पारयेऽहं" आदि) अत्यन्त प्रेमपूर्ण मधुर वचन सुनेर पहिले भगवान्सँग छुट्टिंदा भएका र भोगेका सम्पूर्ण दुःखहरू गोपीहरूले तुरुन्तै बिर्सिएका थिए । भगवान् श्रीकृष्णका सुन्दर अङ्गप्रत्यङ्गहरू सम्वर्धित आशिष् तथा प्रेम पाएर गोपीहरू अत्यन्त खुशी भएका थिए ।

(१)

तत्रारभत गोविन्दो रासक्रीडामनुव्रतैः ।
स्त्रीरत्नैरन्वितः प्रीतैरन्योन्याबद्धबाहुभिः ॥

राम्रा ती सुन्दरी गोपी हातेमालो गरीकन ।
पङ्क्तिबद्ध थिए सारा कृष्णमा नै दिई मन ॥
ती गोपी सबका साथ यमुनातीरमा अनि ।
थाल्नुभो रासको क्रीडा कृष्णले नाइके बनी ॥

भगवान् श्रीकृष्णका अनन्यप्रेमिका ती गोपीहरू सारा हातेमालो गरेर अर्थात् एउटीले अर्कीको हात समातेर पङक्तिबद्ध भएर उभिएका थिए । तिनै सुन्दरी गोपीहरूका साथ यमुना नदीको सुन्दर किनाराको कोमल बालुवामाथि चिरप्रतीक्षित दिव्य रासक्रीडा भगवान् श्रीकृष्णले आफैं नायक भएर शुरु गर्नुभयो ।

(२)

रासोत्सवः सम्प्रवृत्तो गोपीमण्डलमण्डितः ।
योगेश्वरेण कृष्णेन तासां मध्ये द्वयोर्द्वयोः ।
प्रविष्टेन गृहीतानां कण्ठे स्वनिकटं स्त्रियः ॥

योगीका पनि योगेश गोपीका बीचमा गई ।
हुनुभो सबका साथ एकेक रूपको भई ॥
राख्नुभो काँधमा हात सबैसँग हुने गरी ।
ठाने प्रत्येक गोपीले मेरा नै साथ छन् हरि ॥

हे राजन् ! त्यस पछि योगेश्वर भगवान् श्रीकृष्ण प्रत्येक गोपीका साथमा एक एक कृष्ण भएर गोपीहरूका माझमा प्रकट हुनुभयो । त्यसपछि गोपीहरूका काँधमा आफ्नू हात राख्नुभयो । भगवान् श्रीकृष्ण प्रत्येक गोपीका साथमा छुट्टाछुट्टै हुनुभयो । ती प्रत्येक गोपीले भगवान् श्रीकृष्ण आफ्नूमात्रै प्रिय भएको ठाने ।

(३)

यं मन्येरन् नभस्तावद् विमानशतसङ्कुलम् ।
दिवौकसां सदाराणामौत्सुक्यापहृतात्मनाम् ॥

हजारौँ गोपिनीसाथ भगवान् कृष्णले पनि ।
रास उत्सव आरम्भ गर्नुभो अगुवा बनी ॥
पत्नीका साथमा द्यौता सैयौँ विमानमा चढी ।
रासक्रीडा गए हेर्न साह्रै उत्सुकता बढी ॥

हे राजा परीक्षित् ! यसरी हजारौँ गोपीहरूका साथमा भगवान् श्रीकृष्णले रासक्रीडा शुरु गर्नुभयो । त्यस बेला आकाशमा हजारौँ विमानहरूको भीड लागेको थियो । देवताहरू आ-आफ्ना पत्नीहरूका साथमा ती विमानहरूमा चढेर भगवान् श्रीकृष्णको रासोत्सव हेर्न आएका थिए । रासोत्सव हेर्ने उत्सुकताले देवताहरूको मन उनीहरूका अधीनमा थिएन ।

(४)

ततो दुन्दुभयो नेदुर्निपेतुः पुष्पवृष्टयः ।
जगुर्गन्धर्वपतयः सस्त्रीकास्तद्यशोऽमलम् ॥

घन्किए दुन्दुभी बाजा पुष्पको वृष्टि भो तल ।
गाए गन्धर्व जोडीले कृष्णको यश निर्मल ॥

त्यस समयमा आकाशमा दुन्दुभी बाजाहरू बज्नुका साथै । दिव्य पुष्पको वर्षा पनि हुनथालेको थियो । गन्धर्वहरू पत्नीका साथ भगवान् श्रीकृष्णको निर्मल कीर्तिको गान गर्न थालेका थिए ।

(५)

वलयानां नूपुराणां किङ्किणीनां च योषिताम् ।
सप्रियाणामभूच्छब्दस्तुमुलो रासमण्डले ॥

नाच्न थाले जसै गोपी कृष्णका साथमा सब ।
लाएका गहना बज्दा भयो तुमुलको रव ॥

त्यस रासोत्सवमा भगवान् श्रीकृष्णकासाथ सबै गोपीहरूले नृत्य गर्न थालेका थिए । त्यस बेला ती गोपीहरूले हातमा लगाएका चुराहरू, गोडामा लगाएका पाउजेबहरू, कम्मरपेटीमा जडेका स-साना घण्टीहरू एकैसाथ बज्न थालेका थिए । यसकासाथै हजारौँ गोपीहरूले लगाएका गहनाहरूसमेत एकैसाथ बज्नथालेपछि त्यसको तुमुलध्वनि त्यस रासमण्डलमा चारैतिर व्याप्त भएको थियो ।

(६)

तत्रातिशुशुभे ताभिर्भगवान् देवकीसुतः ।
मध्ये मणीनां हैमानां महामरकतो यथा ॥

त्यहाँ गोपीहरू माझ देखिए कृष्ण सुन्दर ।
स्वर्णका बीचमा जस्तै मणि हुन्छ मनोहर ॥

त्यस रासमण्डलमा हजारौँ सुन्दरी गोपीहरूका बीचमा रहनुभएका श्रीकृष्णको शोभा पहेँलो सुवर्ण मणिका बीचमा जडिएको महामरकतमणि अर्थात् नीलमणिको जस्तो देखिएको थियो ।

(७)

पादन्यासैर्भुजविधुतिभिः सस्मितैर्भ्रूविलासै-
र्भज्यन्मध्यैश्चलकुचपटैः कुण्डलैर्गण्डलोलैः ।
स्विद्यन्मुख्यः कबररशनाग्रन्थयः कृष्णवध्वो
गायन्त्यस्तं तडित इव ता मेघचक्रे विरेजुः ॥

गोपी सारा विविध विधिले नृत्यको चाल गर्थे ।
कैले सर्थे अघि र कहिले पृष्ठमा फेरि सर्थे ।
कैले घुम्थे फनफन गरी हातको भाउ गर्दै ।
कैले हाँस्थे प्रणयसँगमा आखिभौं खूब मार्दै ॥

कैले झुक्थे भुइँतिर कटी भाँचिए झैं गरेर ।
हल्लिन्थे झन् कुचयुगल ती वस्त्र उड्थे झरेर ॥
चम्कन्थे ती चपल अति नै गण्डमा कर्णभार ।
नाच्ता झर्थे सहज मुखमा स्वेदथोपा हजार ॥

चुल्ठो नीवी अलि अलि गरी खुस्कनेतर्फ लागे ।
गोपी बिर्सी लटपट सबै कृष्णका साथ जागे ॥
मानो कालो जलदसरि छन् बीचमा कृष्ण एक ।
कैयौं गोपी सरह बिजुली साथमा छन् अनेक ॥

त्यस रासमण्डलमा गोपीहरूले नृत्यशास्त्रका नियम अनुसार श्रीकृष्णका साथ नृत्य गरेका थिए । नृत्यका क्रममा गोपीहरू कहिले अगाडि र कहिले पछाडि आफ्ना पाउहरू सार्दथे । कहिले हातमाथि उठाएर भावकासाथ यताउता घुमाउँथे । कहिले विलासपूर्ण तरिकाले आँखिभुइँ नचाउँथे र मन्दमन्द मुस्कुराउँथे । नाच्तानाच्तै कहिलेकहीं भाँचिएजस्तो गरेर आफ्नू कम्मर झुकाउँथे । नाच्ने क्रममा उनीहरूका स्तनहरू हल्लन्थे र उनीहरूले लगाएका लुगाहरू पनि लत्रन्थे । कानमा लगाएका चञ्चल कुण्डलहरू हल्लिएर गालासम्म पुग्दथे । नृत्य गर्दाखेरी मुखभरि पसिनाका बिन्दुहरू पैदा हुन्थे । चुल्ठो खुस्कन्थ्यो र नीवीको गाँठो पनि खुकुलो हुन्थ्यो । उपर्युक्त अनुसार रासक्रीडामा सम्पूर्णरूपमा आफूलाई बिर्सिएर कृष्णका साथ श्रीकृष्णका प्रेयसी गोपीहरूले नृत्य गरेका थिए । यसरी रासक्रीडा गर्दा भगवान् श्रीकृष्ण

श्याम वर्णको मेघ जस्तो देखिनु भएको थियो र गोरी गोपीहरू कालो मेघका बीच बीचमा चम्कने विजुली जस्ता देखिएका थिए ।

(८)

उच्चैर्जगुर्नृत्यमाना रक्तकण्ठ्यो रतिप्रियाः ।
कृष्णाभिमर्शमुदिता यद्गीतेनेदमावृतम् ॥

कृष्णका रति हुन् गोपी कृष्णका साथमा बसी ।
राग गाएर ती नाचे कृष्णका प्रेममा फसी ॥
कृष्णको स्पर्श पाएर आनन्दमग्न भैकन ।
गाएका गीतले सारा ढाक्यो फैलेर गुञ्जन ॥

गोपीहरू भगवान् श्रीकृष्णका साकार प्रेमका मूर्ति थिए । उनीहरू श्रीकृष्णका साथमा रहेर उँचो स्वरमा रागयुक्त मधुर गीत गाइरहेका थिए । ती गोपीहरू श्रीकृष्णको स्पर्श पाएर अत्यन्त आनन्दित भएका थिए । तिनीहरूले गाएको रागयुक्त मनमोहक गीतमाधुरी सर्वत्र व्याप्त भएको थियो ।

(९)

काचित् समं मुकुन्देन स्वरजातीरमिश्रिताः ।
उन्निन्ये पूजिता तेन प्रीयता साधु साध्विति ।
तदेव ध्रुवमुन्निन्ये तस्यै मानं च बह्वदात् ॥

कृष्णसाथ कुनै गोपी मिलाई स्वरमा स्वर ।
षड्जादि स्वरमा गाइन् उचा भो उनको स्वर ॥
सुनी उत्तम आलाप गोपीको कृष्णले अनि ।
प्रशंसा गर्नुभो धेरै अति राम्रो भयो भनी ॥
त्यही नै गीत अर्कीले ध्रुवाख्य तालकासँग ।
गाइन् श्रीकृष्णको पाइन् स्यावासी प्रेमकासँग ॥

त्यस बखत कुनै एउटी गोपीले भगवान् श्रीकृष्णसँग स्वरमा स्वर मिलाएर षड्जादि (निषादर्षभगान्धारषड्जमध्यमधैवताः । पञ्चमश्चेत्यमी सप्त तन्त्री कण्ठोत्थिताः स्वराः । भनेर स्वरका बारेमा अमरकोषमा उल्लेख भएको छ) स्वरमा श्रीकृष्णकोभन्दा उँचो स्वरमा गीत गाएकी थिइन् । अत्युत्तम स्वरमा राग अलापेको सुनेर श्रीकृष्ण ती गोपीसँग अत्यन्त खुशी हुनुभएको थियो र राम्रो राम्रो भन्दै उहाँले गोपीको प्रशंसा पनि गर्नुभएको थियो । त्यसै रागलाई अर्की गोपीले ध्रुव नाम गरेको तालमा गाइन् । तिनलाई पनि श्रीकृष्णले अत्यन्त सम्मान गर्नुभएको थियो ।

(१०)

काचिद् रासपरिश्रान्ता पार्श्वस्थस्य गदाभृतः ।
जग्राह बाहुना स्कन्धं श्लथद्वलयमल्लिका ॥

रासको खेलमा नाच्ता थाकेर सुस्त भै अति ।
एउटी गोपिनी लत्रिन् झरे वलय फत्फती ॥
समीपमा थिए कृष्ण समातिन् जोड दीकन ।
काँधमै छाँद हालेर झुण्डिइन् लस्त भै तन ॥

एउटी गोपी रासको खेलमा नृत्य गर्दागर्दै अत्यन्त थाकेकी थिइन् । उनका चुरा र चुल्ठाको मल्लिका पुष्प पनि शिथिल भएर झर्न थालेका थिए । त्यसपछि ती गोपीले आफ्ना नजिकै रहनुभएका भगवान् श्रीकृष्णका काँधमा कसेर अँगालो हालेकी थिइन् ।

(११)

तत्रैकांसगतं बाहुं कृष्णस्योत्पलसौरभम् ।
चन्दनालिप्तमाघ्राय हृष्टरोमा चुचुम्ब ह ॥

कृष्णको एउटा हात गोपीका काँधमा थियो ।
पद्मसौरभले युक्त हात त्यो मग्मगी थियो ॥
त्यसका साथमा फेरि थियो चन्दनलेपन ।
त्यसैले मस्त गोपीले गरिन् श्रीकृष्णचुम्बन ॥

मनमोहन श्रीकृष्णले आफ्नो एउटा हात अर्की एउटी गोपीका काँधमा राख्नु भएको थियो । भगवान् श्रीकृष्णको कमलजस्तो सुगन्धित हातमा श्रीखण्डचन्दनको लेपन पनि गरिएको थियो । त्यस सुगन्धबाट गोपी अत्यन्त रोमाञ्चित भएर उनले श्रीकृष्णलाई चुम्बन गरेकी थिइन् ।

(१२)

कस्याश्चिन्नाट्यविक्षिप्तकुण्डलत्विषमण्डितम् ।
गण्डं गण्डे सन्दधत्या अदात्ताम्बूलचर्वितम् ॥

नाच्नलाग्दा कुनै गोपी हल्लिए कर्णकुण्डल ।
तिनका कान्तिले गर्दा चंके गाला झलामल ॥
आफ्नू गालो लगी टाँसिन् गोपीले कृष्णकासित ।
कृष्णले दिनुभो पान चबाएको खुशीसित ॥

उक्त रासक्रीडामा एउटी गोपीले नाच्ताखेरि उनले कानमा लगाएका कुण्डलहरू अत्यन्त हल्लिएका थिए । ती कुण्डलको चंकिलो कान्ति परेर उनका गाला खूब चंकिएका थिए । गोपीले आफ्नू सोही सुन्दर गालो श्रीकृष्णका गालासँग लगेर टाँसेकी थिइन् । त्यसपछि श्रीकृष्णले चबाएको पान मुखबाट झिकेर ती गोपीलाई दिनुभएको थियो ।

(१३)

नृत्यन्ती गायती काचित् कूजन्नूपुरमेखला ।
पार्श्वस्थाच्युतहस्ताब्जं श्रान्ताधात् स्तनयोः शिवम् ॥

अर्की गोपी बजाएर पाउजेब र मेखला ।
खूब नाचिन् सँगै गाइन् थकाइले परिन् थला ॥
श्रीकृष्णजी थिए साथै उनका कर निर्मल ।
लगेर स्तनका माथि राखिन् भो अति शीतल ॥

अर्की कुनै गोपी पाउजेब र मेखलाका सानासाना घण्टीहरू बजाउँदै खूब नाचिन् र गाइन् । यसबाट अत्यन्त थकित भएकी ती गोपीले आफ्‌ना नजिकै रहेका श्रीकृष्णका शीतल हातहरू आफ्‌ना दुई स्तनहरूमाथि लगेर राखिन् ।

(१४)

गोप्यो लब्ध्वाच्युतं कान्तं श्रिय एकान्तवल्लभम् ।
गृहीतकण्ठ्यस्तद्दोर्भ्यां गायन्त्यस्तं विजह्रिरे ॥

लक्ष्मीका पति श्रीकृण प्रेमी पाएर ती सब ।
गाउँदै कृष्णका साथ खेले रासमहोत्सव ॥
कृष्णले काँधमा हात राखेर गोपिनीसित ।
गर्दा विहार देखिन्थ्यो शोभायमान अद्‌भुत ॥

रासलीलाका अवसरमा ती गोपीहरूले लक्ष्मीका एकमात्र प्रियवल्लभ भगवान् श्रीकृष्णलाई आफ्‌ना प्रेमीका रूपमा पाएर गीत गाउँदै भगवान् श्रीकृष्णसँग विहार गरेका थिए । भगवान्‌ले ती गोपीहरूका गलामा आफ्‌ना दुवै हातले अँगालो मार्नु भएको थियो ।

(१५)

कृष्णको एउटा हात गोपीका काँधमा थियो ।
पद्मसौरभले युक्त हात त्यो मगमगी थियो ॥
त्यसका साथमा फेरि थियो चन्दनलेपन ।
त्यसैले मस्त गोपीले गरिन् श्रीकृष्णचुम्बन ॥

मनमोहन श्रीकृष्णले आफ्नो एउटा हात अर्की एउटी गोपीका काँधमा राख्नु भएको थियो । भगवान् श्रीकृष्णको कमलजस्तो सुगन्धित हातमा श्रीखण्डचन्दनको लेपन पनि गरिएको थियो । त्यस सुगन्धबाट गोपी अत्यन्त रोमाञ्चित भएर उनले श्रीकृष्णलाई चुम्बन गरेकी थिइन् ।

(१२)

कस्याश्चिन्नाट्यविक्षिप्तकुण्डलत्विषमण्डितम् ।
गण्डं गण्डे सन्दधत्या अदात्ताम्बूलचर्वितम् ॥

नाच्नलागदा कुनै गोपी हल्लिए कर्णकुण्डल ।
तिनका कान्तिले गर्दा चंके गाला झलामल ॥
आफ्नू गालो लगी टाँसिन् गोपीले कृष्णकासित ।
कृष्णले दिनुभो पान चबाएको खुशीसित ॥

उक्त रासक्रीडामा एउटी गोपीले नाच्ताखेरि उनले कानमा लगाएका कुण्डलहरू अत्यन्त हल्लिएका थिए । ती कुण्डलको चंकिलो कान्ति परेर उनका गाला खूब चंकिएका थिए । गोपीले आफ्नू सोही सुन्दर गालो श्रीकृष्णका गालासँग लगेर टाँसेकी थिइन् । त्यसपछि श्रीकृष्णले चबाएको पान मुखबाट झिकेर ती गोपीलाई दिनुभएको थियो ।

(१३)

नृत्यन्ती गायती काचित् कूजन्नूपुरमेखला ।
पार्श्वस्थाच्युतहस्ताब्जं श्रान्ताधात् स्तनयोः शिवम् ॥

अर्की गोपी बजाएर पाउजेब र मेखला ।
खूब नाचिन् सँगै गाइन् थकाइले परिन् थला ॥
श्रीकृष्णजी थिए साथै उनका कर निर्मल ।
लगेर स्तनका माथि राखिन् भो अति शीतल ॥

अर्की कुनै गोपी पाउजेब र मेखलाका सानासाना घण्टीहरू बजाउँदै खूब नाचिन् र गाइन् । यसबाट अत्यन्त थकित भएकी ती गोपीले आफ्ना नजिकै रहेका श्रीकृष्णका शीतल हातहरू आफ्ना दुई स्तनहरूमाथि लगेर राखिन् ।

(१४)

गोप्यो लब्ध्वाच्युतं कान्तं श्रिय एकान्तवल्लभम् ।
गृहीतकण्ठ्यस्तद्दोर्भ्यां गायन्त्यस्तं विजह्रिरे ॥

लक्ष्मीका पति श्रीकृण प्रेमी पाएर ती सब ।
गाउँदै कृष्णाका साथ खेले रासमहोत्सव ॥
कृष्णले काँधमा हात राखेर गोपिनीसित ।
गर्दा विहार देखिन्थ्यो शोभायमान अद्भुत ॥

रासलीलाका अवसरमा ती गोपीहरूले लक्ष्मीका एकमात्र प्रियवल्लभ भगवान् श्रीकृष्णलाई आफ्ना प्रेमीका रूपमा पाएर गीत गाउँदै भगवान् श्रीकृष्णसँग विहार गरेका थिए । भगवान्ले ती गोपीहरूका गलामा आफ्ना दुवै हातले अँगालो मार्नु भएको थियो ।

(१५)

कर्णोत्पलालकविटङ्ककपोलघर्मवक्त्रश्रियो वलयनूपुरघोषवाद्यैः ।
गोप्यः समं भगवता ननृतुः स्वकेशस्रस्तस्रजो भ्रमरगायकरासगोष्ठ्याम् ॥

सम्पूर्ण ती युवतिका सब कानमा त , राम्रा सुकुण्डल थिए कमलाभिजात ।
बाङ्गा कपाल मुखमाथि थिए झरेका , त्यैमाथि शुभ्र पसिनाकण चम्किएका ।
त्यो रासमा सकल ती जन कृष्णसाथ, नाच्ता बजे वलय नूपुर एकसाथ ।
त्यो ताल साथ सुरमा भमरा मिलेर, गाना गरे रसिक भै भुनुनू गरेर ।
चुल्ठो भएर खुकुलो सब गोपिनीका, माला झरे फतफती सब नर्तकीका ॥

ती गोपीहरूले कानमा कमलका कुण्डलहरू लगाएका थिए । घुङ्ग्रिएका केशहरू गालामा झरेका थिए । पसिनाका स-साना बिन्दुहरू मुखमा झल्किनाले मुखको शोभा बढेको थियो । गोपीहरू श्रीकृष्णका साथमा रासमण्डलमा नाचिरहेका थिए । तिनीहरूले हातमा लगाएका चुराहरू र पाउमा लगाएका पाउजेवहरू बजिरहेका थिए । भमराहरू पनि गोपीहरूका ताल र स्वरमा स्वर मिलाएर गाइरहेका थिए । नाच्तानाच्तै गोपीहरूका चुल्ठावाट उनीहरूले लगाएका फूलहरू खुसुखुसु झर्न थालेका थिए ।

(१६)

एवं परिष्वङ्गकराभिमर्शस्निग्धेक्षणोद्दामविलासहासैः ।
रेमे रमेशो व्रजसुन्दरीभिर्यथार्भकः स्वप्रतिविम्बविभ्रमः ॥

जस्तै कुनै बालक खेल्छ दी मन , छाया स्वयंका सँगमा भुलीकन ।
त्यस्तै रमाका पति गोपिनीसँग , खेले स्वयं नै भगवान् स्वयंसँग ।
च्याप्थे चपक्कै मुटुमा लगाइ , छुन्थे खुशी भै अनि देहलाई ।
हेर्थे सबै ती पिरती गरेर , छड्के गरी नेत्रहरू तरेर ।
ती गोपिनीका सँगमा यसै गरी , क्रीडा गरे श्रीहरिले थरी थरी ॥

जसरी सानो शिशु आफ्ना प्रतिबिम्बसँग निर्विकार भावले खेल्दछ । त्यसैगरी भगवान् श्रीकृष्ण पनि कहिले ती गोपीहरूलाई आफ्ना छातीमा टाँस्नुहुन्थ्यो र कहिले उनीहरूको शरीरलाई छुनुहुन्थ्यो । कहिले प्रेमपूर्ण कर्के आँखाले गोपीहरूलाई हेर्नुहुन्थ्यो भने कहिले विलासयुक्त हाँसो हाँस्नुहुन्थ्यो । यसरी भगवान् श्रीकृष्णले गोपीहरूसँग रासक्रीडाको खेल खेल्नुभयो ।

(१७)

तदङ्गसङ्गप्रमुदाकुलेन्द्रियाः केशान् दुकूलं कुचपट्टिकां वा ।
नाञ्जः प्रतिव्योढुमलं व्रजस्त्रियो, विस्रस्तमालाभरणाः कुरूद्वह ॥

पाएर गोपी हरि अङ्गसङ्ग, भए सबै ती अति नै फुरुङ्ग ।
भए सबै व्याकुल इन्द्रियादि, माला फुके फर्फर केश आदि ।
राजन् ! क्रमैले गहना र वस्त्र, खुस्केर झर्दा पनि ती समस्त ।
सम्हाल्नलाई नसकेर गोपी, भए तदाकारित कृष्ण छोपी ॥

हेराजन् ! भगवान् श्रीकृष्णका शरीरलाई स्पर्श गरेर ती गोपीहरूका इन्द्रियहरू अत्यन्त आह्लादित भएका थिए । गोपीहरूका कपाल, उत्तरीयवस्त्र, कुचपट्टिका र फूलका मालाहरूसमेत फुस्किएर यत्रतत्र खसेका थिए । ती गोपीहरू आफ्ना वस्त्र, कपाल र गहनाहरूको पनि सह्यार गर्न नसक्ने भएर श्रीकृष्णमय नै भएका थिए ।

(१८)

कृष्णविक्रीडितं वीक्ष्य मुमुहुः खेचरस्त्रियः ।
कामार्दिताः शशाङ्कश्च सगणो विस्मितोऽभवत् ॥

देखेर कृष्णको क्रीडा स्वर्गका अप्सरा पनि।
लालायित भए भेट्न अति मोहितझैँ बनी ॥
तारा ग्रहहरूसाथ रातमा चन्द्रमा पनि।
भए चकित साह्रै नै भए विस्मित ती अनि ॥

श्रीकृष्णको त्यो रासक्रीडा देखेर स्वर्गका देवपत्नीहरू पनि भगवान् श्रीकृष्णसँग कामार्दित भएर अत्यन्त मोहित भएका थिए। त्यसै गरी समस्त तारा तथा ग्रहहरूका साथ चन्द्रमा पनि अत्यन्त चकित र विस्मित भएका थिए।

(१९)

कृत्वा तावन्तमात्मानं यावतीर्गोपयोषितः।
रेमे स भगवांस्ताभिरात्मारामोऽपि लीलया ॥

स्वयं श्रीभगवान् कृष्ण आत्मारामै भए पनि।
खेल्नुभो जति छन् गोपी त्यति आफू स्वयं बनी ॥

भगवान् श्रीकृष्ण स्वयं ब्रह्म, आत्माराम र आप्तकाम भएरै पनि त्यस रासमण्डलमा गोपीहरू जति थिए त्यति नै सङ्ख्यामा रूपहरू धारणा गरेर गोपीहरूका साथ उहाँले रासलीला गर्नुभएको थियो।

(२०)

तासामतिविहारेण श्रान्तानां वदनानि सः।
प्रामृजत् करुणः प्रेम्णा शन्तमेनाङ्गपाणिना ॥

धेरै समय खेलेर रास त्यो श्रान्त भैकन।
थाकेथे जब ती गोपी आफैँ अघि सरीकन ॥
कृष्णले करुणासाथ पद्मझैँ हातले अनि।
गोपीका मुखको स्वेद पुछे प्रेमार्द्र नै बनी ॥

धेरै बेरसम्म त्यस रासक्रीडामा गाउने र नाच्ने काम गरेपछि ती गोपीहरू अत्यन्त लोथ भएर थाकेका थिए । तिनीहरूको मुखमण्डल पसिनापसिनामय भएको थियो । त्यो देखेर करुणामूर्ति भगवान् श्रीकृष्णले अत्यन्त प्रेम गर्दै आफ्ना मङ्गलकारी करकमलद्वारा गोपीहरूका स्वेदयुक्त मुखलाई पुछिदिनु भएको थियो ।

(२१)

गोप्यः स्फुरत्पुरटकुण्डलकुन्तलत्विड्गण्डश्रिया सुधितहासनिरीक्षणेन ।
मानं दधत्य ऋषभस्य जगुः कृतानि, पुण्यानि तत्कररुहस्पर्शप्रमोदाः ॥

गोपी थिए खुश बढी मनमा मिठास, पाएर कृष्णकरको नखदंश खास ।
गाला थिए झलल कुण्डल दीप्ति पाइ, जस्मा थिए अलक चंचम चम्चमाइ ।
छड्के निरीक्षण थियो अनि मन्द हास, पीयूषझैँ अति थियो मनमुग्ध खास ।
यै रूपबाट सबले प्रिय कृष्णलाई, सम्मान अर्पण गरे अनि गीत गाइ ॥

रासक्रीडाका अवसरमा भगवान् श्रीकृष्णको नखस्पर्श पाएर गोपीहरू अत्यन्त आनन्दित भएका थिए । ती गोपीहरूले उज्ज्वल कुण्डलको कान्तिबाट, मुन्द्रा परेको अलकावलीयुक्त सुन्दर गालाका सौन्दर्यबाट, अमृतभन्दा पनि मीठो मन्दमुस्कानबाट समुज्ज्वल प्रेमयुक्त छड्के हेराइबाटसमेत गोपीहरूले भगवान् श्रीकृष्णको स्वागत गरेका थिए । गोपीहरूले भगवान्का परम पावन लीलाहरूको गीत गाएका थिए ।

(२२)

ताभिर्युतः श्रममपोहितुमङ्गसङ्गघृष्टस्रजः स कुचकुङ्कुमरञ्जितायाः ।
गन्धर्वपालिभिरनुद्रुत आविशद् वाः श्रान्तो गजीभिरिभराडिव भिन्नसेतुः ॥

ती गोपिका सहित रासथकाइ मार्न, स्नानाभिषिक्तयुत देह सुसिक्त पार्न ।
त्यो यामुनेय जलमा जलकेलि गर्न, पस्ताभए मदनमोहन मोह छर्न ।

माला थियो सकल गोपिसमूह घृष्ट, उस्तै थियो र कुचकुङ्कुमले विशिष्ट ।
घुम्थे भुँभू स्वर गरी भमरा उडेर, गन्धर्वगान सरि कीर्ति निकै छरेर ।
तोडेर मार्ग सब मत्त भई गजेन्द्र, जे गर्छ सो सब गरे हरिले नरेन्द्र !

रासक्रीडा समाप्त भएपछि भगवान् श्रीकृष्ण गोपीहरूकासाथ जलक्रीडाका लागि कालिन्दीका शीतल जलमा प्रवेश गर्नुभएको थियो । त्यस समयमा भगवान् श्रीकृष्णले धारणा गर्नुभएको माला गोपीहरूसँगका अङ्गसंसर्गले केही घिस्रिएको थियो र गोपीहरूले छातीमा लगाएका कुचकुङ्कुमले रङ्गिएको पनि थियो । त्यस मालाका चारैतिर भमराहरू भुँ भुँ गर्दै घुमिरहेका थिए । मानो गन्धर्वहरूले भगवान् श्रीकृष्णको यशको गान गरिरहेका थिए । मदमत्त हात्ती जसरी नदीको किनारा भत्काउँदै हस्तिनीहरूकासाथ जलक्रीडा गर्न पानीमा पस्तछ, त्यस्तै गरी भगवान् श्रीकृष्ण लोक तथा शास्त्रमर्यादा समेतलाई नाघ्दै गोपीहरूकासाथ जलक्रीडा गर्न कालिन्दीका जलमा प्रवेश गर्नुभएको थियो ।

(२३)

सोऽम्भस्यलं युवतिभिः परिषिच्यमानः प्रेम्णेक्षितः प्रहसतीभिरितस्ततोऽङ्ग।
वैमानिकैः कुसुमवर्षिभिरीड्यमानो, रेमे स्वयं स्वरतिरत्र गजेन्द्रलीलः ॥

गोपीहरू सब मिली हरिसाथ मस्त, क्रीडा गरे जल छरी हरिमा प्रशस्त ।
प्रेमार्द भै सकलले अति भक्तिसाथ, हेरे उनीतिर सहर्ष कटाक्षसाथ ।
आकाशबाट पनि देवहरू मिलेर, वर्षा गरे कुसुमको स्तुति नै गरेर ।
सम्पूर्ण पूर्णतम भै पनि फेरि खेल, खेले स्वयं स्वसँग नै गजराजखेल ॥

हे राजा परीक्षित् ! रासक्रीडाबाट अत्यन्त श्रान्त भएर गोपीहरूलाई साथमा लिएर भगवान् श्रीकृष्ण यमुनाको स्वच्छ जलमा पसेर जलक्रीडा गर्न थाल्नुभएको थियो । त्यस वेला गोपीहरूले भगवान् श्रीकृष्णलाई प्रेमयुक्त कटाक्षले हेर्दै मन्द मुस्कानका साथ

चारैतिरबाट पानी छ्यापेका थिए । भगवान् श्रीकृष्णलाई मलीमलीकन स्नान गराएका थिए । आकाशमा विमान चढेर आएका देवताहरूले पुष्पवृष्टि गर्दै श्रीकृष्णको स्तुति गरेका थिए । यसप्रकार श्रीकृष्णले यमुनाका जलमा गोपीहरूका साथ गजराजले हस्तिनीहरूसँग जलविहार गरे झैं गरेर जलविहार गर्नुभएको थियो ।

(२४)

ततश्च कृष्णोपवने जलस्थलप्रसूनगन्धानिलजुष्टदिक्तटे ।
चचार भृङ्गप्रमदागणावृतो यथा मदच्युद् द्विरदः करेणुभिः ॥

सकेर लीला जलको क्रमैसँग, लिएर साथै भ्रमरा सखीसँग ।
थियो नगीचै अति रम्य कानन, त्यहीं भयो श्रीहरिको पदार्पण ।
थिए फुलेका नव पुष्प कुड्मल, चलाइ बास्ना अति नै सुमङ्गल ।
थियो बहेको नव वायु शीतल, थियो सबै त्यो वन नै सुनिर्मल ।
गरेर लीला नर झैं स्वयं हरि, पसे त्यहाँ ती गजराज नै सरी ॥

त्यसपछि भगवान् श्रीकृष्ण गोपिनीहरू र भमराका समूहले समेत चारैतिरबाट घेरिएर यमुनानदीका तीरमा अवस्थित सुन्दर उपवनमा प्रवेश गर्नुभएको थियो । त्यस उपवनमा जल र स्थलमा फुल्ने अत्यन्त बास्नादार फूलहरू फुलिरहेका थिए । ती फूलहरूको सुगन्ध लिएर मन्दमन्द शीतल हावा चलिरहेको थियो । त्यस उपवनमा मत्ता हात्ती हस्तिनीहरूकासाथ घुमेझैं गरेर भगवान् श्रीकृष्ण गोपीहरूकासाथ घुम्नु भएको थियो ।

(२५)

एवं शशाङ्कांशुविराजिता निशाः स सत्यकामोऽनुरताबलागणः ।
सिषेव आत्मन्यवरुद्धसौरतः सर्वाः शरत्काव्यकथारसाश्रयाः ॥

श्रीकृष्णले ती अबलाहरूसित, खेले निशापूर्ण सुधांशुरञ्जित।
ती सत्यकामी हरि हुन् परात्पर, रोकेर खेले खल कामको ज्वर।
क्रीडा थियो त्यो सब कृष्णका वश, थियो शरत्काव्य समानको रस।
थिएन केही त्यसमा कुभावना, थियो परब्रह्मसमत्व भावना॥

यसरी त्यो शरद्ऋतुको पूर्णिमाको रातमा लागेको टहटह जूनको प्रकाशमा सत्यसङ्कल्प भगवान् श्रीकृष्णले शरत्काव्यमा वर्णित रसयुक्त खेल अबला गोपीहरूसँग खेल्नुभएको थियो। भगवान् श्रीकृष्णले त्यस क्रीडाबाट कामलाई विजय गर्नुभएको थियो। त्यो रासक्रीडा भगवान्को चिन्मय दिव्य लीला थियो। वास्तवमा त्यो रासक्रीडा काममाथि गरिएको विजयलीला थियो।

(२६)

राजा सोध्नुहुन्छ-

संस्थापनाय धर्मस्य प्रशमायेतरस्य च।
अवतीर्णो हि भगवानंशेन जगदीश्वरः॥

स्वामी हुन् भगवान् कृष्ण पूर्ण अंश लिईकन।
जन्मिए यस धर्तीमा धर्मको गर्न रक्षण॥

हे ब्रह्मन्! भगवान् श्रीकृष्ण चराचर जगत्का ईश्वर हुनुहुन्छ। उहाँ पृथ्वीमा धर्मको रक्षा गर्न र अधर्मको नाश गर्ने उद्देश्यले पूर्णांश लिएर अवतरित हुनुभएको हो।

(२७)

स कथं धर्मसेतूनां वक्ता कर्ताभिरक्षिता।
प्रतीपमाचरद् ब्रह्मन् परदाराभिमर्शनम्॥

भगवान् धर्म, मर्यादा आदिको मूल भैकन ।
परस्त्रीसँगमा लागे कसरी हे मुने ! भन ॥

हे ब्रह्मन् ! भगवान् श्रीकृष्ण धर्म र मर्यादाका स्रष्टा हुनुहुन्छ, धर्मका उपदेशक हुनुहुन्छ र धर्मको रक्षक पनि हुनुहुन्छ । तर तिनै भगवान्ले मर्यादाको प्रतिकूल परस्त्रीहरूसँग किन संसर्ग गर्नुभयो ? अर्थात् धर्मविरूद्ध परस्त्री गोपीहरूको अङ्गस्पर्श गरेर रातभरि रासक्रीडा किन गर्नुभयो ? यसबाट आफैँले उपदेश गरेको "मातृवत् परदारेषु" भन्ने आफ्नै वचनको उल्लङ्घन भएन र ?

(२८)

आप्तकामो यदुपतिः कृतवान् वै जुगुप्सितम् ।
किमभिप्राय एतं नः संशयं छिन्धि सुव्रत ॥

हे ब्रह्मन् ! कृष्ण हुन् साक्षात् आप्तकाम सनातन ।
धर्मै विरुद्धमा फेरि कसरी लौ दिए मन ॥
यसको के अभिप्राय खोलेर अहिले सब ।
भन्नुहोस् मनको शङ्का हटोस् दूर भई अब ॥

हे ब्रह्मन् ! भगवान् श्रीकृष्ण आत्माराम, पूर्णकाम र आप्तकाम हुनुहुन्छ भन्ने कुरा पनि मलाई थाहा छ । तर पनि कुन खास अभिप्रायले यस प्रकारको परदाराभिमर्शन गर्ने जस्तो काम उहाँले गर्नुभएको थियो । हे सुव्रत ! अर्थात् अखण्ड ब्रह्मचर्यव्रतमा रहनुभएका हे मुनीश्वर ! मेरो यस संशयलाई दया गरेर समाधान गरिदिनुहोस् ।

(२९)

श्रीशुकदेव भन्नुहुन्छ-

धर्मव्यतिक्रमो दृष्ट ईश्वराणां च साहसम् ।
तेजीयसां न दोषाय वह्नेः सर्वभुजो यथा ॥

हे राजन् ! धर्म नाघेर हिंडेझैँ गर्छ ईश्वर ।
तेजस्वी ईशका लागि हुँदैन दोष यो तर ॥
जसरी अग्निमा पच्छ जे हाले पनि सत्वर ।
त्यसले अग्निमा हुन्न विकार जे सुकै गर ॥

समर्थशाली ईश्वरले धर्मको उल्लङ्घन गर्न साहस गरेजस्तो देखिन्छ । त्यस्ता कामबाट उनीहरूलाई कुनै दोष लाग्दैन । जस्तै समर्थवान् तेजस्वी एवं पवित्र अग्निले जेसुकै कुरालाई पनि खाएर भस्म गरिदिन्छन्, तर ती भस्म पारेका पदार्थहरूको दोषले अग्निलाई स्पर्शसम्म पनि गर्न सक्तैन ।

(३०)

नैतत् समाचरेज्जातु मनसापि ह्यनीश्वरः ।
विनश्यत्याचरन् मौढ्याद्यथारुद्रोऽब्धिजं विषम् ॥

अशक्त व्यक्तिले यस्तो दुस्साहस कहीँ पनि ।
गर्नु ता त्यो परै जाओस् शोच्नै हुन्न गरौँ भनी ॥
शिवले विषको पान गरे भन्दै त्यही सिको ।
गर्छ कोही भने मर्छ त्यसको हुन्न है निको ॥

हे राजन् ! जुन व्यक्तिमा ईश्वरको जस्तो सामर्थ्य छैन । त्यस्ता व्यक्तिले ईश्वरले गरे जस्तो काम गर्ने कुरा त परै जाओस्

मनले शोच्नुसम्म पनि हुँदैन । कथंकदाचित् मूर्खतावश कसैले त्यसप्रकारको काम गरिहाल्यो भने त्यसको सर्वनाश हुन्छ । भगवान् शङ्करले समुद्रमन्थनबाट उत्पन्न भएको हलाहल विष पिउनु भयो भनेर त्यसैको देखासिकी गरी अरू कसैले विष पियो भने त्यसको मृत्यु हुन्छ ।

(३१)

ईश्वराणां वचः सत्यं तथैवाचरितं क्वचित् ।
तेषां यत् स्ववचोयुक्तं बुद्धिमांस्तत् समाचरेत् ॥

राजन् ! ईश्वरका वाणी सत्य हुन्छन् सधैंभर ।
जे गर्छन् उनले ती ता हुन्छन् अत्यन्त दुष्कर ॥
जे भन्छन् भगवान् गर्नु राम्रो हो बुद्धियुक्त हो ।
जे गर्छन् भगवान् सारा गर्नु हुन्न अयुक्त हो ॥

हे राजन् ! "कर्तुं अकर्तुं र अन्यथा कर्तुम्" गर्न समर्थ भएका ईश्वरको उपदेश सत्य मानेर तदनुरूप आचरण गर्नु राम्रो हुन्छ । उनको आचरणको अनुकरण भने कहीं कहींमात्र गर्नु राम्रो हुन्छ । वास्तवमा बुद्धिमान् पुरुषले ईश्वरको आचरण ईश्वरको उपदेश अनुरूप छ भने अनुकरण गरोस् तर प्रतिकूल छ भने ईश्वरको आचरणको अनुकरण नगरोस् । ईश्वरका वचन (उपदेश)को मात्र अनुकरण गरोस् ।

(३२)

कुशलाचरितेनैषामिह स्वार्थो न विद्यते ।
विपर्ययेण वानर्थो निरहङ्कारिणां प्रभो ॥

सामर्थ्ययुक्त जो हुन्छन् ती हुन्छन् निरहङ्कृत ।
शुभकर्महरू गर्दा ती हुन्नन् स्वार्थले युत ॥

उल्टो गर्दा पनि हुन्न अनर्थ उनमा कुनै ।
स्वार्थानर्थ दुवैबाट माथि छन् ईश हुन् उनै ॥

हे राजन् ! शक्तिशाली महापुरुषहरू अहङ्काररहित हुन्छन् । शुभकर्म गर्नमा उनीहरूको कुनै लौकिक स्वार्थ हुँदैन र उनीहरूले अशुभ कर्म गरे भने पनि उनीहरूलाई कुनै खालको अनर्थले हुँदैन । उनीहरू शुभ र अशुभ दुवै कर्मबाट माथि उठिसकेका हुन्छन् ।

(३३)

किमुताखिलसत्त्वानां तिर्यङ्मर्त्यदिवौकसाम् ।
ईशितुश्चेशितव्यानां कुशलाकुशलान्वयः ॥

सामर्थ्ययुक्तको यस्तो छ भने भगवान् हरि ।
सबैका ईश हुन् गर्छन् नियन्त्रण सधैँभरि ॥
सर्वेश्वर उहाँलाई शुभाशुभ कुनै पनि ।
छुँदैन कर्मले बस्छन् पद्मपत्र सरी बनी ॥

हे परीक्षित् ! अरू शक्तिशाली पुरुषहरूलाई त कुनै शुभाशुभ कर्मले छुन सक्तैन भने भगवान् श्रीकृष्ण त पशु, पक्षी, देवता, मनुष्य लगायत चर र अचर सम्पूर्ण प्राणीका एकमात्र सर्वेश्वर मालिक हुनुहुन्छ । उहाँलाई त्यस प्रकारका शुभाशुभ कर्महरूले कसरी छुन सक्तछन् र ?

(३४)

यत्पादपङ्कजपरागनिषेवतृप्ता योगप्रभावविधुताखिलकर्मबन्धाः ।
स्वैरं चरन्ति मुनयोऽपि न नह्यमानास्तस्येच्छयाऽऽत्तवपुषः कुत एव बन्धः ॥

जस्को पदाब्जरजसेवनबाट तृप्त, हुन्छन् सदैव सब भक्तहरू सुदीप्त ।
पाएर योग जसको सब बन्ध फारी, जान्छन् मुनीन्द्र सहजै भवसिन्धु पारि ।

ज्ञानीहरू पनि गरी उनकै विचार, बन्छन् उनै सरह मुक्त र निर्विकार।
सद्भक्त निम्ति हरि चिन्मय देह लिन्छन्, यस्ता उनै त कुन बन्धन भित्र हुन्छन्?

हे राजन्! जुन भगवान्का चरणरज सेवन गरेर भगवान्का भक्तहरू तृप्त हुन्छन्। योगीहरू भगवान्सँग सम्बन्ध प्राप्त गरेर त्यसकै प्रभावले आफ्ना सम्पूर्ण कर्मरूपी बन्धनहरूबाट मुक्त हुन्छन्। विवेकी ज्ञानीहरू भगवत्तत्त्वको विचार गर्दागर्दै भगवत्स्वरूप नै भइहाल्दछन्। उनै भगवान् आफ्ना भक्तहरूका कल्याणका लागि नै भक्तहरूका इच्छा अनुसार चिन्मयरूप लिनुहुन्छ भने उनै साक्षात् जगदीश्वरलाई कर्मको बन्धन कसरी हुनसक्तछ? अपितु कुनै पनि प्रकारको कर्मले भगवान्लाई छुनसम्म पनि सक्तैन।

(३५)

गोपीनां तत्पतीनां च सर्वेषामेव देहिनाम्।
योऽन्तश्चरति सोऽध्यक्षः क्रीडनेनेह देहभाक्॥

गोपी र तिनका स्वामी देहधारी समस्तका।
अन्तस्करणका साक्षी आत्मा हुन् जीवमात्रका॥
उनै ती भगवान् कृष्ण दिव्यरूप लिईकन।
लीला गर्छन् यहाँ आइ मान्छे जस्तो भईकन॥

भगवान् श्रीकृष्ण गोपीहरूका, उनका पतिहरूका र समस्त देहधारी प्राणीहरूकासमेत अन्तस्करणमा साक्षीचैतन्यका रूपमा रहनुहुन्छ। उहाँ नै सबैका मालिक हुनुहुन्छ। उनै सर्वेश्वर भगवान् श्रीकृष्णले मनुष्यको शरीर लिएर गोपीहरूसँग अलौकिक लीला गर्नु भएको थियो।

(३६)

अनुग्रहाय भूतानां मानुषं देहमास्थितः ।
भजते तादृशीः क्रीडा याः श्रुत्वा तत्परो भवेत् ॥

भक्तमाथि कृपा गर्न मान्छेको रूप लीकन ।
लीला गर्छन् सधैं कृष्ण भक्तका प्रिय भैकन ॥

हे राजन् ! भगवान् प्राणीमात्रको भलो गर्नका लागि मनुष्यका रूपमा अवतार लिएर लीलाहरू गर्नुहुन्छ । भगवान्का यसप्रकारका चिन्मय अलौकिक लीलाहरू सुनेर मानिसहरू भगवत्परायण हुन्छन् ।

(३७)

नासूयन् खलु कृष्णाय मोहितास्तस्य मायया ।
मन्यमानाः स्वपार्श्वस्थान् स्वान् स्वान् दारान् व्रजौकसः ॥

गरेनन् गोपले कत्ति कृष्णमा दोषदर्शन ।
मायामुग्ध भई ठाने साथै छन् गोपिनीजन ॥

व्रजमा बस्ने गोपालहरूले भगवान् श्रीकृष्णमाथि कुनै प्रकारको दोषदर्शन गरेनन् । ती गोपहरूले भगवान्को मायाले मोहित भएर रासक्रीडामा गएका आफ्आफ्ना पत्नीहरू रातभरि आफ्नै साथमा थिए भन्ने सम्झिएका थिए ।

(३८)

ब्रह्मरात्र उपावृत्ते वासुदेवानुमोदिताः ।
अनिच्छन्त्यो ययुर्गोप्यः स्वगृहान् भगवत्प्रियाः ॥

उषाकाल हुँदा गोपी अनिच्छावश नै पनि ।
श्रीकृष्णको लिई आज्ञा आफ्ना घर गए अनि ॥
थिए ती भगवत्प्रेमी प्रत्येक क्षणमा सब ।
प्रसन्न पार्न चाहन्थे, चाहन्थे नित्य उत्सव ॥

हे राजन् ! त्यसरी रातभरि भगवान् श्रीकृष्णसँग रासक्रीडा गरेपछि भोलिपल्ट बिहान सबेरै घर जान मन नभए पनि भगवान् श्रीकृष्णको आज्ञा पाएर ती सबै गोपीहरू आफ्-आफ्ना घरमा गएका थिए। ती सबै गोपीहरू भगवान् श्रीकृष्णका अनन्य प्रेमिका थिए ।

(३९)

विक्रीडितं व्रजवधूभिरिदं च विष्णोः
श्रद्धान्वितोऽनुशृणुयादथ वर्णयेद् यः ।
भक्तिं परां भगवति प्रतिलभ्य कामं
हृद्रोगमाश्वपहिनोत्यचिरेण धीरः ॥

श्रीकृष्णले व्रजवधूसँग रासखेल ,
खेले थियो अतुल चिन्मय दिव्य मेल ।
खेले गरी सकल इन्द्रिय पूर्ण रुद्ध ,
लीला थियो विजय मन्मथका विरुद्ध ॥
श्रद्धा लिएर जसले सब यो चरित्र ,
सुन्ला सुनाउँछ भने अति नै विचित्र ।
कामज्वर प्रशम भैकन दिव्य शक्ति ,
त्यल्ले अवश्य पनि पाउँछ कृष्णभक्ति ॥

हे राजन् ! भगवान् श्रीकृष्णले व्रजका गोपी अर्थात् व्रजवल्लभीहरूका साथ गर्नुभएको त्यो अलौकिक रासक्रीडाको पावन प्रसङ्गलाई कुनै धीर ज्ञानी मनुष्य आफू सुन्दछन् र अरूलाई पनि सुनाउँदछन् भने उनको हृदयमा रोगको रूपमा रहेको कामव्यथा सधैँका लागि नाश भएर जानेछ र उनलाई भगवान्को पराभक्ति पनि प्राप्त हुनेछ।

भागवत १०।३०।१-४०

(४०)

Acc. 9E26/1637

श्रीराजर्षिजनकस्मृतिकोषबाट प्रकाशित ग्रन्थहरू

१. २०५७ सालमा प्रा. श्रीशिवगोपाल रिसालद्वारा रचित ब्रह्मजिज्ञासा ।

२. २०५९ सालमा प्रा. श्रीशिवगोपाल रिसालबाट प्रणीत पशुपतिको सेरोफेरो ।

३. २०६१ सालमा सं.डा. स्वामी रामानन्द गिरिबाट रचना गरिएको वेदस्तुति ।

४. २०६२/२०६३ सालमा श्रीशरत्कुमार भट्टराईद्वारा श्रीमद्भागवतका महत्त्वपूर्ण श्लेकहरूको वार्णिक छन्दमा अनुवाद गरिएको ज्ञान र भक्ति ।

५. २०६४ सालमा श्रीशरत्कुमार भट्टराईद्वारा तयार गरिएको श्रीमद्भागवतमहापुराण अन्तर्गतको रासपञ्चाध्यायीको समछन्दमा नेपाली अनुवाद ।

यी ग्रन्थहरूको प्राप्तिस्थान

१. साझाप्रकाशन, पुलचोक, ललितपुर ।

२. श्रीपशुपतिनाथशरण सहकारी संस्था लिमिटेड, पशुपति, काठमाडौं ।